# काठमाडौं जिल्ला महादेवस्थान गाउँ विकास समिति क्षेत्रको सांस्कृतिक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
स्नातकोत्तर तह नेपाली, इतिहास, संस्कृति तथा पुरातत्व विषयको आंशिक
आवश्यकता परिपूर्तिको लागि तयार पारिएको

## शोध–पत्र

**प्रस्तोता**

शर्मिला उप्रेती अर्याल

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग

२०६४

# शोध निर्देशकको सिफारिस-पत्र

श्री शर्मीला उप्रेतीले मेरो निर्देशनमा त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली, इतिहास, संस्कृति तथा पुरातत्व विषयको स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिको निमित्त **"काठमाडौँ जिल्ला महादेवस्थान गाउँ विकास समिति क्षेत्रको सांस्कृतिक अध्ययन"** शीर्षकमा यो शोध-पत्र तयार गर्नु भएको हो । म निजको कार्यबाट सन्तुष्ट छु । अतः प्रस्तुत शोध-पत्र परीक्षण मूल्याङ्कनका निमित्त सिफारिश गर्दछु ।

-----------------------

मितिः २०६४/६/

डा. वीणा पौड्याल
शोधनिर्देशक

टेलिफोन नं. ४३३१९७६

# त्रिभुवन विश्वविद्यालय
# नेपाली इतिहास संस्कृति तथा पुरातत्व
## केन्द्रीय विभाग

विभागीय प्रमुखको कार्यलय

कीर्तिपुर
काठमाडौं, नेपाल

प.स.
च.न.

### शोधप्रबन्धको स्वीकृति

श्री शर्मिला उप्रेती (अर्याल) द्वारा पेश गरिएको **"काठमाडौं जिल्ला महादेवस्थान गाउँ विकास समिति क्षेत्रको संस्कृति अध्ययन"** शीषकको प्रस्तुत शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयको स्नाकोत्तर उपाधिको आशिंक परिपूर्तिका निमित्त स्वीकृत गरियो ।

| | | |
|---|---|---|
| ............................ | ............................ | ............................ |
| प्रा. डा. पेशल दहाल | प्रा. डा. प्रेम कुमार खत्री | वीणा पौडयाल |
| (विभागिय प्रमुख) | (बाह्य परीक्षक) | (शोधनिर्देशक) |

मितिः २०६४।६।२२

# कृतज्ञता ज्ञापन

प्रस्तुत **“काठमाडौं जिल्ला महादेवस्थान गा. वि. स. क्षेत्रको सांस्कृतिक अध्ययन”** शिर्षक शोधपत्र त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत नेपाली, इतिहास, संस्कृति तथा पुरातत्व विभागको पाठ्यक्रम अन्तर्गत प्रस्तुत गर्नुपर्ने दशौं पत्रको आंशिक परिपूर्तिको लागि तयार गरी प्रस्तुत गरेकी छु । यो शोधपत्र तयार पार्ने क्रममा विभिन्न महानुभावहरुबाट आवश्यक सल्लाह, सुझाव, सहयोग र प्रेरणा प्राप्त गरेकी छु । त्यसैले उहाँहरुलाई धन्यवाद ज्ञापन गर्नु मरो पहिलो कर्तव्य ठानेकी छु ।


शोधपत्र तयारीको क्रममाः शुरुदेखि अन्त्यसम्म हर हमेशा उचित सल्लाह, सुझाव, निर्देशन एवं मेरा कमी कमजोरीहरुलाई सच्याउन आफ्नो व्यस्तताका बावजुत पनि समय उपलब्ध गराई निर्देशकको भुमिका निभाई दिनु भएकोमा आदरणीय गुरुआमा डा. वीणा पौड्यालज्यू प्रति कृतज्ञाता प्रकट गर्दछु ।

यो शोधपत्र लेख्न स्वीकृत प्रदान गरी विभिन्न सहयोग र सुझाव दिनुहुने यस विभागका विभागीय प्रमुख प्रा. डा. पेशल दाहाल, प्रा. डा.दिनेश चन्द्र रेग्मी, प्रा. डा. प्रेमकुमार खत्रीज्यू  प्रति सहृदय आभार प्रकट गर्दछु । साथै संस्कृति विषयमा मलाई शिक्षा दिनुहुने विभागका सम्पूर्ण गुरुज्यूहरू तथा कर्मचारीहरुलाई पनि धन्यवाद दिन चाहन्छु ।

प्रस्तुत शोधपत्र तयारीको क्रममा सहयोग, सल्लाह र जानकारी दिनुहुने महादेवस्थान गा. वि. स. का स्थानीय वासिन्दा प्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद दिन चाहन्छु साथै यस शोधपत्र तयारी गर्नमा मद्दत गर्ने मेरो श्रीमान् सूर्य नारायण अर्याल, बहिनी अन्जु र भाई हरि प्रति आभार व्यक्त गर्दछु ।

अन्तमा यो शोधपत्र मेरो अध्ययनको पहिलो खुड्किलो भएको हुनाले कुनै गल्ती भएमा प्रतिक्रियाको सकारात्मक अपेक्षा राखेकी छु ।

शर्मिला उप्रेती



महादेवस्थान गाँउ विकास समितिको भौगोलिक नक्सा

# विषय सूची

## अध्याय एक

## परिचय


१.१ अध्ययनको पृष्ठभूमी १०

१.२ समस्या कथन ११

१.३ अध्ययनको उद्धेश्य १२

१.४ अध्ययनको महत्व १२

१.५. अध्ययनको सिमा र क्षेत्र १४

१.६ अध्ययन विधि १४

१.७. पूर्व कार्यको समिक्षा १५

१.८. समय निर्धारण १६

१.१० अध्ययनको सङ्गठन १६


## अध्याय दुई

## महादेवस्थान गा.वि.स. क्षेत्रको भौगोलिक अवस्थिती


२.१ भौगोलिक परिचय १८

२.२ बसोबास २२


## अध्याय तीन

## महादेवस्थान गा.वि.स.को ऐतिहासिकता


३.१ लिच्छविकाल पुर्व २५

३.२ लिच्छविकाल २६

३.३ मल्लकाल २७

३.४ आधुनिक काल २८

३.५ राजनैतिक चेतना र जनआन्दोलनमा सहभागीता २९

## अध्याय चार

## महादेवस्थान क्षेत्रको प्राचिनताबारे खोज

४.१ किसिपिडीं ३३

४.२ बालागाउँ ३३

४.३ मातातीर्थ ३४

४.४ चन्दन भराटेश्वर र पार्वतीकुण्ड ३४

४.५ लिङ्ग तीर्थ त्रिवेणी ३४

## अध्याय पाँच

## महादेवस्थान गा.वि.स.को क्षेत्रका बासिन्दाहरूको चाडपर्व र संस्कार

५.१ चाडपर्व ३६

५.२ संस्कार ४४

## अध्याय छ

## महादेवस्थान क्षेत्रमा पुरातात्वीक महत्वका स्थल तथा सामग्रीहरू

६.१ तल्ले शैलीका मन्दिरहरू ५०

  ६.१.१ काली मन्दिर ५२

  ६.१.२ चन्दन भराटेश्वर मन्दिर ५४

  ६.१.३ दुग्धेश्वर महादेवस्थान ५६

  ६.१.४ कार्यसिद्धि विनायकस्थान ५७

६.२ शिखर शैलीका मन्दिरहरू ५७

  ६.२.१ राधाकृष्ण मन्दिर ५९

  ६.२.२ चम्पेश्वर मन्दिर ६०

६.३.३ मातुलेश्वर मन्दिर ६०
६.३ शक्तिपीठहरू ६१
६.३.१ कालिका स्थान ६५
६.३.२ बालागाँउ महालक्ष्मी ६६
६.३.३ अकलादेवी मन्दिर ६७
६.३.४ इटाखेल भगवति ६७
६.३.५ सन्सारी देवी ६७
६.३.६ वन्देवी स्थान ६७
६.३.७ ज्वालादेवी मन्दिर ६८
६.४ अन्य मन्दिरस्थलहरु ६८
६.४.१ महाँकालस्थान ६९
६.४.२ नारायणस्थान बालागाँउ ६९
६.४.३ आकाशटोल महादेवस्थान ७०
६.४.४ गणेश ७०
६.५ मातातीर्थ ७४
६.६ लिङ्गतीर्थ त्रिवेणि ७७
६.७ बौद्ध चैत्य र बुद्ध मूर्तिहरू ७८
६.७.१ बालागाउँ चैत्य ८१
६.७.२ बुद्ध मूर्ति किसिपिंडी ८२
६.७.३ चतुरब्रम्हा बिहार मातातीर्थ ८२

## अध्याय सात

## उपसंहार र सुझाव

७.१ उपसंहार ८३

७.२ सुझावहरू ८४

**सन्दर्भग्रन्थ सूची**

**परिशिष्टहरू**

**फोटोहरू**

# अध्याय एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

काठमाडौँ उपत्यका प्राचीनकालदेखि नै ऐतिहासिक सांस्कृतिक र पुरातात्विक रूपले महत्वपूर्ण क्षेत्रको रूपमा रहि आएको छ । यद्यपि काठमाडौँ उपत्यकाको सम्पूर्ण क्षेत्रको विस्तृत रूपमा अध्ययन अनुसन्धान हुन सकेको छैन । जसको कारण महत्वपूर्ण सा"स्कृतिक र पुरातात्विक क्षेत्रहरू ओझेलमा परेका छन् त्यसले गर्दा त्यस्ता महत्वपूर्ण कलानिधि र पुरातात्विक वस्तुहरू प्रकाशमा आउन सकेका छैनन् । यस्ता कैयौं वस्तुहरू पुरातत्वको अध्ययन अनुसन्धानमा महत्वपूर्ण वस्तु मानिन्छन् । पुरातत्वविद्ले यस्तै वस्तुहरूको विश्लेषण गरी विगतको मानव संस्कृति र सभ्यताका विभिन्न पक्षहरूलाई उजागर गर्ने गर्दछन् ।

काठमाडौँ उपत्यकामा रहेका यस्तै पुरातात्विक र सांस्कृतिक महत्वको स्थलहरू मध्ये एउटा स्थल महादेवस्थान गा.वि.स. लाई पनि लिन सकिन्छ । यस गा.वि.स.को पूर्वमा वलम्वु, मातातीर्थ र सतुङ्गल गा.वि.स. का भागहरू, पश्चिममा थानकोट गा.वि.स.को क्षेत्र र चन्दागिरी पर्वत उत्तरमा दहचोक गा.वि.स का भागहरू दक्षिणमा गुमालचोकी र चन्द्रागिरी डा"डाका भागहरू पर्दछन् ।

महादेवस्थान गा.वि.स. राजधानी काठमाण्डौबाट करिव १० कि.मि. पश्चिममा पर्दछ । यस गाउँमा रहि आएको साँस्कृतिक तथा कलापक्षलाई मात्र हेर्ने हो भने पनि यसको संस्कृति तथा कलाले काठमाडौँ उपत्यकाको इतिहासमा नै एक महत्वपूर्ण स्थान राख्दछ । यस भेगमा गोपालवंशी शासकहरूको समयमा वस्ती भएको कुरा इतिहासबाट वुझिन्छ । यहा" भएका पुरातात्विक स्थल कला तथा वास्तुकलाले नेपालको इतिहासमा पनि महत्वपूर्ण स्थान राख्दछ । यह"ा परम्परागत नेपाली तल्ले शैली तथा शिखर शैलीका मन्दिरहरू निर्माण भएका छन्, जसवाट नेपालमा प्रचलित

मन्दिर वास्तुकलाको विविध विधाको अध्ययन गर्न सकिन्छ, साथै यहा"का मन्दिरमा भएका चोक र मूर्तिहरूवाट नेपाली धातु एंव प्रस्तर मूर्तिकलाको शैलीगत अध्ययन गर्न सकिन्छ । यस गाउ"को सा"स्कृतिक पक्षलाई हेर्ने हो भने वैष्णव शाक्त, शैव, वौद्ध आदि सम्प्रदायसँग सम्बन्धित देवताको मन्दिर र मूर्तिहरू स्थापना गरिएका छन् । यसरी यस स्थानमा भएका मन्दिर र मूर्तिहरूले प्राचीनता र ऐतिहासिकता झल्काएका छन् । यसैकारण यस सम्वन्धमा अझ वढी ठोस जानकारीहरू प्राप्त गर्न साथै यस क्षेत्रको कला एंव वास्तुकलाको वारेमा प्रकाश पार्ने उद्धेश्यले साथै हालसम्म यस क्षेत्रको सा"स्कृतिक कला वास्तुकलाको अध्ययन हुन नसकेकोले यो क्षेत्र अनुसन्धानको लागि छनौट छ । प्रस्तुत शोधपत्रमा सांस्कृतिक महत्व राख्ने स्थलहरू तथा कला वास्तुकलाको वारेमा देखे सुनेका कुराहरूलाई समष्टिगत रूपमा समावेश गर्ने प्रयास छ ।

## १.२ समस्या कथन

निम्नलिखित वु"दाहरूलाई समस्याको रूपमा मानि समाधानका उपाय पत्ता लगाई त्यस क्षेत्रको सम्वर्द्धन र संरक्षणमा बिशेष जोड दिदैं शोध कार्य गरिने छ ।

(क) काठमाडौँ उपत्यकाको प्राचीनता र इतिहासमा यस क्षेत्रको महत्व तथा योगदान के छ भन्ने कुरा ।

(ख) यहा" प्राप्त सामाग्रीको वैज्ञानिक ढंगवाट अध्ययन गरिने छ ।

(ग) यस क्षेत्रका पुरातात्विक महत्वका स्थलमा र वस्तुहरूको अध्ययन विश्लेषण गरी तिनको संरक्षण र सम्वर्द्धन गर्न प्रोत्साहन गरिने छ ।

(घ) यस क्षेत्रका वासिन्दाहरूको सास्कृतिक परम्परावारे अध्ययन अन्वेषण गरी यथोचित इतिहासलाई प्रकाशमा ल्याइने छ ।

(ङ) यस क्षेत्रका कला वास्तुकलालाई प्रकाशमा ल्याइने छ ।

यिनै माथिका पा“च वु“दाहरूमा केन्द्रीत भई समस्या समाधान गर्ने प्रयास गरिएको छ ।

## १.३ अध्ययनको उद्देश्य

महादेवस्थान गा.वि.स. मा हालसम्म कसैवाट पनि अध्ययन अनुसन्धान नभएकोले यस क्षेत्रमा रहेका सा“स्कृतिक महत्वका स्थल तथा वस्तुहरूको परिचयात्मक प्रस्तुतिको साथ साथै समस्याको समाधान हेरेर समाधानको उपाय निकाली सर्म्वधन र संरक्षणमा विशेष जोड दिनु र क्षेत्रिय इतिहास तयार पार्न सघाउ पुर्‍याउनु यस अध्ययनको मुख्य उद्धेश्य रहेको छ । उपरोक्त उद्धेश्य पुरा गर्नका लागि यस अध्ययनले निम्न लिखित अन्य उद्देश्यहरू पनि लिएको छ :

(क) महादेवस्थान गा.वि.स. को भौगोलिक अवस्थिती प्रष्ट पार्नु ।

(ख) यस क्षेत्रको ऐतिहासिकता बारे स्पष्ट पार्नु ।

(ग) यस क्षेत्रको प्राचीनतावारे खोजी गर्नु ।

(घ) यस क्षेत्रका वासिन्दाको चाडपर्व, जात्रा, धर्म, रीतिरिवाज संस्कार आदिको वारेमा अध्ययन गर्ने

## १.४ अध्ययनको महत्व

यस अध्ययनवाट यस क्षेत्रको ऐतिहासिकता प्रस्तुत गर्नुका साथै यस क्षेत्रका पुरातात्विक, सा“स्कृतिक एवं धार्मिक स्थलहरूको वारेमा जानकारी लिन खोज्नेहरूका लागि केही हदसम्म मद्दत पुग्नेछ, साथै यस क्षेत्रमा रहेका मन्दिरहरूको कला एवं वास्तुकला, यहा“ लाग्ने धार्मिक मेला, चाडपर्व, जात्रा, परम्परागत रीतिरिवाज आदिवारे प्रकाश पारिने भएकोले यस वारेमा जानकारी हासिल गर्नका लागि सहयोग हुनेछ ।

त्यसकारण अनुसन्धानको विषय वनेको महादेवस्थान गा.वि.स.को ऐतिहासिक मन्दिरहरूको कला र वास्तुकलाको यथार्थता प्रकाशमा ल्याउनु नै यस अध्ययनको

महत्व रहेको छ । अर्को महत्वपूर्ण उद्देश्य एम.ए. दोश्रो वर्षको आंशिक परिपूर्ति गर्नु रहेको छ ।

## १.५. अध्ययनको सिमा र क्षेत्र

यस क्षेत्रको अध्ययनको सिमा र क्षेत्रहरू निम्न लिखित रहेका छन् :-

(क) यस अध्ययनको क्षेत्र महादेवस्थान गा.वि.स. भित्र सिमित छ ।

(ख) महादेवस्थान क्षेत्रका ऐतिहासिक, पुरातात्विक एवं सा“स्कृतिक महत्वका वस्तुहरूलाई प्रकाशमा ल्याईएको छ ।

(ग) यस अनुसन्धानमा महादेवस्थान क्षेत्रको कला र वास्तुकला माथि प्रकाश पारिएको छ ।

(घ) यस क्षेत्रका हरेक मन्दिरको पूजाविधि परम्परागत चाडपर्व, जात्रा धर्म तथा रीतिरिवाज आदि वारेमा अनुसन्धान गरी महत्वपूर्ण ठानिएकालाई मात्र विस्तृत रूपमा चर्चा गरिएको छ ।

## १.६ अध्ययन विधि

शोधपत्र लेखनको क्रममा अध्ययनको लागि चाहिने आवश्यक सामाग्रीहरू सुचनाहरूको श्रोत संकलनको लागि प्राथमिक श्रोत र द्धितीय श्रोतलाई नै मुख्य श्रोतको रूपमा लिईएको छ । उपरोक्त विधि अन्तर्गत निम्न लिखित विधिहरू अवलम्वन छ :-

(क) प्राथमिक अध्ययनको श्रोत मुख्यतया स्थलगत भएको हुँदा अध्ययनको लागि चाहिने सूचनाहरू संकलनको लागि अवलोकन विधि अपनाईएको छ ।

(ख) अवलोकनको साथै महादेवस्थान गा.वि.स. का स्थानीय वासिन्दाहरूसँग अन्तर्वाता पनि लिईएको छ ।

(ग) यस क्षेत्रसँग सम्वन्धित विभिन्न पुस्तक तथा पत्र पत्रिकालाई पनि द्धितीय श्रोतको रूपमा लिईएको छ ।

(घ) पुरातात्विक प्रमाणको रूपमा प्रमाणिकताको लागि चित्र तथा नक्सा पनि संलग्न गरीएको छ ।

## १.७. पूर्व कार्यको समीक्षा

यस महादेवस्थान गा.वि.स. मा रहेका पुरातात्विक महत्वका स्थल तथा वस्तुहरूको वारेमा हालसम्म कुनै अनुसन्धान गरिएको देखिदैन तर पनि यस क्षेत्रको प्राचीनता र संस्कृतिको बारेमा केही विद्धानहरूवाट चिनारी दिने प्रयास भएको पाईन्छ भने प्राचीन ग्रन्थहरूमा यस क्षेत्रको केही स्थानको उल्लेख पाईन्छ । त्यसैगरी यसै गा.वि.स.वाट स्मारिका प्रकाशन गरी परिचय दिने कार्य पनि भएको छ ।

(क) हिमवत्खण्ड (प्रथम प्रकाश): गोरक्ष टिल्ला काशी योग प्रचारिणी प्रकाशन वि.स.२०१३ हि.ख.अ.७१ श्लोक मा चन्दनभराटेश्वर महालिंग उत्तम क्षेत्र भएको उल्लेख पाइन्छ यस क्षेत्रको अध्ययनको लागी यो उपयोगी छ तर यो पुस्तक मात्र पर्याप्त छैन् ।

(ख) मुक्तिनाथ खनालले अनुवाद गरेको नेपाल महात्म्य ग्रन्थ २०२८ मा प्रकाशित भएको छ । यस पुस्तकले इतिहास र संस्कृतिको क्षेत्रमा ठुलो योगदान दिएको छ ।  यसमा चन्दनभराटेश्वर शिवलिङ्गको उल्लेख गरीएकोले अध्ययन अनुसन्धानको क्रममा सारै उपयोगी छ । तर यो क्षेत्रको अध्ययनको लागि चाहिने अन्य विषयवस्तु यसमा समेटिएको छैन् ।

(ग) योगी नरहरीनाथको हिमवत्खण्ड पुराण प्रकाश काशी योग प्रचारिणी २०१३ मा भगवान श्री कृष्णको नेपाल आगमन भन्दा पूर्व नै यहाँको वस्ती आवाद भैसकेको कुरा उल्लेख गरिएको छ । यस पुस्तकले पनि इतिहास र संस्कृतिको क्षेत्रमा ठुलो योगदान दिएको छ । तर अध्ययन अनुसन्धानको लागि यो पुस्तक मात्र पर्याप्त छैन् ।

(घ) धनवज्र वज्राचार्यको लिच्छवीकालका अभिलेख, नेपाल एसियाली अनुसन्धान केन्द्र त्रि.वि. कीर्तिपुर वि.सं. २०३०, यस पुस्तकमा महादेवस्थान क्षेत्रमा किराँतकालमा नै वस्ती वसिसकेको अनुमान  छ । यस पुस्तक अध्ययन अनुसन्धानको लागि निकै उपयोगी छ तर पनि पर्याप्त छैन् ।

(ङ) श्रीहरी रूपाखेती: त्रिवेणी महात्म्य प्रकाशक त्रिवेणी धर्म संघ वाणस्थली काठमाडौं वि. सं. २०५०, यस पुस्तकमा पौराणिक आधारमा महादेवस्थन क्षेत्रका चन्दनभराटेश्वर शिवलिङ्ग, लिङ्गतीर्थ  त्रिवेणीको वर्णन गरीएको छ । यो पुस्तक सानो

भएतापनि यस गा. वि. स. को अध्ययन अनुसन्धानको लागि निकै उपयोगि छ । तर यो पुस्तकमा गा.वि.स. को परिचय दिने धेरै कुरा अपुग नै पाइन्छ ।

(च) स्मारिकाः महादेवस्थान गा.वि.स.एक परिचय/प्रकाशक महादेवस्थान गा.वि.स.समिति काठमाडौँ वि.स. २०५९, यस स्मारिकामा यस गा.वि.स. को परिचय दिने कार्य भएको छ तर यस गा.वि.स. को गहिरिएर अध्ययन अनुसन्धान भएको पाइदैन् यसले गर्दा यो पुस्तक अध्ययनको लागि उपयोगि भएतापनि पर्याप्त छैन् ।

## १.८. समय निर्धारण

निर्धारित समयमा शोधकार्य पुरा गर्न समय निर्धारण गरीएको छ, जुन निम्न अनुसार छ :-

| सि नं. | विवरण | समय |
|---|---|---|
| क. | विषयसँग सम्वन्धित पुस्तक, पत्रपत्रिका अध्ययन | ४ हप्ता |
| ख. | प्रश्नावली निर्माण | २ हप्ता |
| ग. | स्थलगत भ्रमण | २ हप्ता |
| घ. | सम्वन्धित क्षेत्रमा प्रश्नावलीको प्रयोग | २ हप्ता |
| ङ. | लेखनकार्य | ४ हप्ता |
| च. | शोधलाई अन्तिम रूप प्रदान | २ हप्ता |
| छ. | टङ्कण वाईण्डिङ्ग र सम्वन्धित क्षेत्रमा प्रस्तुत | ४ हप्ता |
| | जम्मा | २० हप्ता |

## १.९ अध्ययनको सङ्गठन

यस शोधपत्रको अध्ययनलाई सुव्यवस्थित र सुसंगठित रूपमा प्रस्तुत गर्नको लागि विभिन्न अध्यायहरूमा छुट्याईएको छ । जुन निम्न लिखित छन् :

**पहिलो अध्याय** : शोध परिचय

**दोस्रो अध्याय** : महादेवस्थान गा.वि.स.को भौगोलिक अवस्थिती

**तेस्रो अध्याय** : महादेवस्थान गा.वि.स.को ऐतिहासिकता

**चौथो अध्याय** : यस क्षेत्रको प्राचीनताबारे खोज

**पाँचौ अध्याय** : महादेवस्थान गा.वि.स. क्षेत्रका बासिन्दाहरुको चाडपर्व-जात्रा, धर्म-संस्कार ।

**छटौं अध्याय** : महादेवस्थान क्षेत्रका पुरातात्विक महत्वका स्थल तथा सामाग्रीहरू

**सातौं अध्याय** : उपसंहार ।

# अध्याय दुई
# महादेवस्थान गा.वि.स. क्षेत्रको भौगोलिक अवस्थिती

## २.१ भौगोलिक परिचय

नेपाल दक्षिण एसियाली भेगमा अवस्थित स्वतन्त्र राज्य हो । दुई ठूला राज्य चीन र भारतका वीच पूर्व पश्चिम भई चतुर्भुज आकारमा फैलिएको नेपाल भारतको उत्तर र हिमालयको दक्षिणमा अवस्थित छ। नेपाल २६.२२ देखि ३०.२७ उत्तरी अक्षांस र ८०.४ देखि ८८.१२ पूर्वी देशान्तरसम्म फैलिएको छ ।[१]

सीमाकंन गर्दा नेपाललाई उत्तरमा चीनको स्वशासित तिब्बत प्रदेशसित हिमश्रृङ्खलाले छुट्याएको छ भने दक्षिणी भु-भाग तराई प्रदेश क्रमशः पूर्व देखि भारतको बंगाल विहार तथा उत्तर प्रदेशले छुट्याएको छ त्यस्तै पूर्वी सिमा कंचनजंगाको सिँगलिला पर्वत श्रृङखलाले र मेची नदीले क्रमशः सिक्किम र दार्जलिङ्गसँग छुट्याएको छ । पश्चिममा महाकाली नदीले छुट्याएको छ । यो समुन्द्र देखि करिब ११२७ कि.मि. टाढा पर्ने हुनाले भुपरिवेष्ठित राज्य पनि भनिन्छ ।[२]

एसियामहादेशका भुपरिवेष्ठित राष्ट्रहरू मध्ये एक राष्ट्र नेपालमा सवोच्च शिखर सगरमाथा लगायत अनगिन्ती उचा निचा पहाड र हिमालय रहेका छन नेपालको भौगोलिक संरचना एकनासको नभएर उचानीचा भु-भागको रूपमा विभक्त भएकोले यहाँ विषम धरातल पाईन्छ । भौगोलिक उचाइको विविधताले गर्दा ती प्रदेशहरूमा अलग अलग जनजीवन पाइन्छ । भौगोलिक विभाजनको आधारमा नेपाललाई हिमाली, पहाडी र तराई प्रदेशमा विभाजन गरिएको छ । प्रशासकीय दृष्टिकोणले नेपाललाई १४ अञ्चल ७५ जिल्लामा वि.सं २०१८ सालमा र वि. सं २०२९ सालमा सम्पूर्ण भौगोलिक क्षेत्रलाई ४ विकास क्षेत्रमा, वि.सं २०३७ सालदेखि ५ विकास क्षेत्र कायम छ ।

---

[१] श्री ५ को सरकार सुचना मन्त्रालय सुचना विभाग, **मेचि देखि महाकाली efu !** (काठमाडौः २०३१) पृ ८२ ।

[२] **ऐजन**, पृ ९१ ।

काठमाडौं जिल्लाको भौगोलिक अवस्थिति उत्तरी अक्षांश २७.२७ देखि २७.४९ र पूर्वी देशान्तर ८५.१० देखि ८५.३२ भित्र रहेको छ । यसको कुल क्षेत्रफल ५४५ वर्ग किलोमीटर रहेको छ । दक्षिणमा चन्द्रगिरी पहाड सहितको महाभारत पर्वतमाला देखि काठमाडौं नगर रहेको उपत्यका हुदैं उत्तरमा शिवपुरीको लेक छुन पुगेको छ । यसको भौगोलिक स्वरूप पूर्व फर्केको अर्ध चन्द्र जस्तो छ । जसको सीमाना, उत्तरमा जके खोला सिन्दु खोला, ठाडो खोला, शिवपुरी लेकले सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, नुवाकोट, जिल्लाहरूसँग पूर्वमा कार्तिके खोला, मनहरा खोला र वाग्मति नदिले ललितपुर भक्तपुरसँग पश्चिममा कालपुखोला नागार्जुन डाडो हलचोक चन्द्रगिरी पहाड आदिले नुवाकोट, धादिङ्ग र मकवानपुर जिल्लाहरू तथा तथा दक्षिणमा महादेवटारको डाँडा, रातमाटे खोलाले मकवानपुर जिल्ला सँग छुट्टाएका छन् ।[३]

महादेवस्थान गा.वि.स. काठमाडौं शहरको शहीदगेटबाट १० कि.मि. पश्चिम रहेको छ यसको उत्तरी अक्षंश २७.२७ देखि २७.४९ र पूर्वी देशान्तर ८५.१० देखि ८५.३२ को विचमा पर्दछ । समुन्द्र सतह देखि लगभग ४७०० फीटको उचाइमा रहेको यस गा.वि.स.को पूर्वमा वलम्बु, मातातीर्थ र सतुङ्गल गा.वि.स.का भागहरू पश्चिममा थानकोट गा.वि.स. र चन्द्रगिरी पर्वत उत्तरमा दहचोक गा.वि.स. र दक्षिणमा गुमालाचोकी पर्दछ ।[४] यस गा.वि.स. लाई ९ वडमा विभाजन गरीएको छ ।

| | |
|---|---|
| वडा नं. १,२ | किसिपिंडी |
| वडा नं. ३ | बालागाउँ र महादेव गाउँ |
| वडा नं.४ | गुमलचोकी |
| वडा नं. ५ | छापाली र इटाखेल |
| वडा नं. ६ | घुमाउने र इटाखेल |
| वडा नं. ७ | इटाखेल |
| वडा नं. ८ | वाणस्थली |
| वडा नं. ९ | वाणस्थली र आकाशेटोल |

[३] श्री ५ को सरकार सूचना मन्त्रालय सूचना विभाग **मेचि देखि महाकाली,** efu @ (काठमाडौः २०३१) पृ ७०४ ।


[४] स्मारिका, **महादेवस्थान गा.वि.स. एक परिचय,** (महादेवस्थान गा.वि.स. २०५९) पृ १ ।

स्रोत : महादेवस्थान गा.वि.स. ।

यस गा.वि.स.को जनसंख्या निम्न प्रकार रहेको छ :

| | |
|---|---|
| कुल जनसंख्या | ७९०८ |
| पुरुष जनसंख्या | ३९८५ |
| महिला जनसंख्या | ३९२६ |
| परिवार संख्या | १६३६ |

यस गा.वि.स.को जनसंख्यालाई निम्नानुसार वृत्त चित्रमा देखाईएको छ :




स्रोत : केन्द्रीय तथ्याङ्क विभाग जनगणना २०५८, पृ २२२ ।

एउटा परिवारमा घटिमा ३-४ जना देखि संयुक्त परिवारमा १५-१८ जनसंख्या पनि वस्ने गर्दछन । यो गा.वि.स. मा समशितोष्ण मौसमी जलवायु पाइन्छ । हिउँदको ऋतुमा जाडो बढि र कुनै दिनहरूमा तापक्रम ऋणात्मक समेत हुन जान्छ । वर्षयाममा बंगालको खाडीबाट उडेर आएको जलवाष्पयुक्त बादल हिमालय र पहाडी भागमा ठोकिएर उचित मात्रमा बर्षा हुन्छ ग्रीष्म ऋतुमा समेत पहाडहरू प्रशस्त भएकाले त्यति गर्मी महशुस हुदैन् ।

यस गा.वि.स.मा खासै उल्लेखनीय ठूला नदी र तालहरू छैनन् । बर्षयाममा बग्ने खहरे प्रकारको ठूलो खोलो, मातातीर्थ मुहान भएको खोलाहरू र अति प्राचीन

नेपाल महात्म्य हिमवतखण्डमा समेत उलेख भएको भस्मावती खोलो, मान्खु खोलो यस गा.वि.स. र थानबोटको सीमाना भएर बग्दछन् । तालहरूमा मातातीर्थ कुण्ड, पार्वतीकुण्ड, रहेका छन् । मातातीर्थ कुण्डमा बैशाख औसी (मातातीर्थ औसी) को दिनमा ठूलो मेला लाग्दछ । यस कुण्डमा बाह्रै महिना स्वच्छ सफा र निर्मल पानी भई नै रहन्छ । पार्वती कुण्ड वडा नं ४ चन्दन भराटेश्वर महादेवको मन्दिर परिसरमा छ । यसलाई मृत्युन्जय कुण्ड पनि भनिन्छ । जलस्रोतको दृष्टिले नभएता पनि ऐतिहासिक र धार्मिक दृष्टिकोणले यी कुण्डको ठूलो महत्व छ।

यस गा.वि.स. को वडा २ मा मातातीर्थ वृद्धाश्रम २०५४ सालमा स्थापना गरीएको छ र हाल यहाँ २० जना वृद्ध महिलाहरूले आश्रय लिइरहेका छन् । ती वृद्धाहरूलाई आश्रय दिई भोजन, आवास र वस्त्र उपलब्ध गराउदैं आएको छ ।

यस गा.वि.स. मा पर्यटकीय स्थलको रूपमा वडा नं ३ मा अवस्थित मातातीर्थ र सो वरपरको क्षेत्र प्रमुख पर्यटकीयस्थल हो । त्यस्तै व्यापारीक केन्द्र र बजार क्षेत्रमा चेकपोष्ट स्थानिय जनताहरूको दैनिक आवश्यकता पुर्तिगर्ने खरीदविक्री को सवैभन्दा ठूलो बजार हो । यसको अलवा गुर्जुधारा क्षेत्र र दुरसञ्चार कार्यलय किसिपिढीं साथै वालागाउँ क्षेत्रसमेत उल्लेखनीय ग्रामीण बजारका क्षेत्र हुन् ।

यस गा.वि.स.को भौगोलिक स्थिति दक्षिणबाट उत्तरतर्फ क्रमशः भिरालो हुदै गएकोले एवं यस गा.वि.स. को दक्षिण तर्फ जंगल क्षेत्र रहेको हुँदा विभिन्न बोटबिरुवा र वनस्पतिहरू पाइन्छन् । यहाँ चाँप, पिपल, लौसी, खरी, वकेना, टुनी, उत्तीस, सल्ला, कुरीलो, उन्यु, भ्याउः आदि बोट बिरुवा पाइन्छन् ।[५]


यहाँ चराचुरुङ्गीमा कोइली, काग, सुगा, बकुल्ला, परेवा, ढुकुर जस्ता अनेकौं पन्छीहरू र जंगली जनावरमा बाघ, स्याल, मृग आदि जनावर पाइन्छन् । तर अहिले सम्म यहाँ भैरहेको प्राकृतिक स्रोत सम्बन्धमा कुनै अन्वेषण तथा अध्ययन भएको छैन् । जसले गर्दा यहाँका बासिन्दाहरू आफ्नै स्रोतको राम्ररी सदुपयोग गर्न सकिरहेका छैनन्।

---

५ स्थलगत अवलोकन अध्ययन

## २.२ बसोबास

महादेवस्थान गा.वि.स. मा जनसंख्याको आधारमा हेर्दा सबभन्दा धेरै बसोबास नेवार जातिको पाइन्छ । यस गाविसमा बासोबास गर्ने जातहरुको जनसंख्यालाई निम्नानुसार स्तम्भ चित्रमा देखाइएको छः




स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, जनगणना २०५८ ।

गा.वि.स. को वडा १,२,३ मा अधिकांश नेवार वस्ती छ । अन्य वडाहरूमा समेत नेवार जातिहरू उल्लेखनीय संख्यामा रहेको पाइन्छ । नेवारहरूमा महर्जन (ज्यापू) थरको नेवारहरू को नै बाहूल्यता छ । त्यसपछि क्षेत्री, ब्रम्हण, मगर, गुरुङ, शेर्पा र कामीहरूको समेत वाक्लो वस्ती यस गा.वि.स. मा रहेको छ ।

विभिन्न धर्मालम्बीहरूको बसोबास यस गा.वि.स. मा छ । मुलत हिन्दु धर्म मान्यहरूको बाहूल्यता भएतापनि वौद्ध, क्रिश्चियन, इस्लाम, किराँत धर्म मान्नेहरूको पनि बसोबास रहँदै आएको छ । कुनै पनि चाडपर्व, जात्रा, उत्सव आदि यहाँका सबै धर्मालम्बीहरू एकआपसमा मिलि उत्साहपूर्वक मनाउने गर्दछन् ।

उपत्यका का अन्य ठाँउको संस्कृतिसँग यस क्षेत्रको नेवारहरूको संस्कृति केहि मात्रमा मिलेतापनि केही आफ्नै मौलिक किसिमका छन् । यहाँ पनि सामाजिक परम्परा

अनुसार विभिन्न जात्रा तथा चाडपर्वहरू मनाउदै आएको पाइन्छ । यहाँ मनाइने जात्राहरू मध्ये किसिपिंडी मा बिशेष मनाइने जात्रा घ्याम्पे जात्रा हो । यहाँका वासिन्दाको सामाजिक जीवन र जात्रापर्वहरूमा गुठीहरूको महत्वपुर्ण भुमिका रहन्छ । यहाँको सबैभन्दा ठूलो गुठी कालीका भैरव गुठी हो । यस गुठीमा हालसम्म १०८ जना थकाली भै सकेको देखिन्छ ।

यस क्षेत्रमा भएको पुरानो नेवारी वस्तीका घरहरू आपसमा जोडिएका छन् । यिनीहरूको स्वभाव मिलनसार देखिन्छ । यिनीहरूको खेतवारी घरबाट टाढा रहेको हुन्छ । यहाँका पुराना घरहरू ३,४तल्लाको र झिगंटीले छाएको पाइन्छ । नेवार समुदायमा अधिकांश संयुक्त परिवारमा वस्दछन् किनकी यिनीहरूको मुख्य पेशा नै कृषि भएको हुनाले संयुक्त परिवारको ठूलो महत्व रहेको हुन्छ । नेवार वाहेक अन्य जातजाति भने आफ्नो खेतवारीमा नै घर बनाएर बसेको पाइन्छ । अन्य जातिहरू प्राय एकल परिवारमा बस्ने गरेको पाइन्छ ।

नेवार वस्तीमा वोलिचालीको भाषा नेपाल भाषा नै मातृभाषाको रूपमा बोल्ने गर्दछन् । यहाँ र कीर्तिपुरमा बोलिने भाषामा समानता पाइन्छ । त्यस्तै यस क्षेत्रमा भएका अन्य जात जाति पनि नेपाल भाषा बुझ्दछन् र बोल्न पनि जान्दछन् । यहाँका बासिन्दाहरूको लवाईखुवाई उपत्यकाको भन्दा कुनै खास भिन्न देखिदैन् । यहाँका मानिसहरू दैनिक दाल भात र आफ्नो सामर्थ्य अनुसारको तरकारी, अचार खाने गर्दछन् ।

यस गा.वि.स. को स्वास्थ्य शिक्षाको स्थिति राम्रो नै देखिन्छ । स्वास्थ्यको हकमा यहाँ एउटा महादेवस्थान उपस्वास्थ्य चौकि रहेको छ । त्यसबाट यहाँका वासिन्दाले सेवा पाएका छन् । तर पनि परम्परागत अन्धविश्वास, रुढिवादी, संस्कार, अज्ञान, अशिक्षा आदि जस्ता कारणबाट बेला-बेलामा यस गा.वि.स. महामारीबाट पिडित वन्नुपरेको घटना पाइन्छ । शिक्षाको स्थिति राम्रो देखिन्छ । यहाँ सरकारी अनुदान प्राप्त २ मा.वि., ४ प्रा. वि. संञ्चालित छन भने ६ वटा नीजि विद्यालय संञ्चालित छन् ।

महादेवस्थान गा.वि.स. पुग्नको लागि काठमाडौँ शहीदगेटबाट बस, माइक्रोवस, ट्याक्सी उपलब्ध छन् । यहाँका आन्तरिक बाटाहरू कच्ची र गोरेटो बाटोहरू छन् । यहाँको भित्रि गाँउ मातातीर्थ सम्म पुग्नको लागि पनि सार्वजनिक सबारी साधन उपलब्ध छ । गाँउको अन्य भित्रि भागमा पुग्नको लागि पैदल वा नीजि साधन को प्रयोग गर्न सकिन्छ । गा.वि.स. को सम्पूर्ण भागमा विजुली र टेलिफोन सेवा उपलब्ध छ । जसले गर्दा साना ठूला उद्योगहरू सञ्चालन भएका छन् । यस क्षेत्रको वासिन्दा कृषि कार्यमा संलग्न भएता पनि कृषिबाट मात्र जीवनयापन गर्न नसकिने हुंदा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अन्य पेशामा पनि संलग्न भएको देखिन्छ । जस्तै कृषि, पशुपालन, घरेलु उद्योग, नोकरी, व्यापार, मजदूरी आदिमा ।

यस गा.वि.स. मा भएका पुरातात्विक वस्तुहरूमा मन्दिरहरू, मन्दिरभित्र स्थापना गरीएका मूर्तिहरू तथा चोक गल्लीमा छरिएर रहेका मूर्ति, चैत्य र शिलालेखन नै हुन् । त्यस्तै यस गा.वि.स. को वडा नं. ८ मा घर बनाउन जग खन्दा प्राचीन इटाहरू पाइएका छन् । वडा ८ वाणस्थलीमा प्राचीन वस्ति भएको उल्लेख छ ।[६]

---

[६] श्रीहरि रुपाखेती, jf0f:ynL If]q, -काठमाडौं माहादेवस्थान गा.वि.स बि.सं. २०५९) पृ. ६९ ।

# अध्याय तीन
# महादेवस्थान गा.वि.स.को ऐतिहासिकता

महादेवस्थान गा.वि.स को ऐतिहासिकता स्कन्दपुराणको हिमवत्खण्डमा महादेवस्थान बारे यस्तो उल्लेख छ ।

विकटेशान्महल्लिङ्गात्पुर्वर्दसद्धि वारुणम
आचन्दन भराटान्त ज्ञेयं क्षेत्रोत्तमोत्तमम्

(हि.ख. अ ७१ श्लोक ३)

अर्थ पुर्वमा (साँगाको) विकटेश्वर शिवलिङ्ग देखि लिएर पश्चिम चन्दन भराटेश्वर शिवलिङ्ग (महादेवस्थान गा.वि.स.) सम्मको भु-भाग उत्तम भन्दा पनि उत्तम सर्व श्रेष्ठ शिव क्षेत्र हो यसप्रकार यो गा.वि.स. क्षेत्र पुराण कालदेखि नै महिमामय रहदै आएको कुरा प्रमाणित हुन्छ सोहि पुराण अनुसार यो ठाँउ पशुपति क्षेत्रको पवित्र पश्चिम सिमा हो ।[७]

## ३.१ लिच्छवीकाल पूर्व

काठमाडौं उपत्यका र वरपरका क्षेत्रमा प्राचीन समयदेखि नै वस्ती आवाद भएको कुरा विभिन्न पौराणिक ग्रन्थ वंशावली र अभिलेखबाट जानकारी पाइन्छ । त्यस्तै प्राचीन क्षेत्र मध्ये थानकोट, मातातीर्थ, वलम्बु भेग पनि पर्दछन् । थानकोटलाई पहिला स्वर्णितपुर पनि भनिन्थ्यो । यहि थानकोट अन्तर्गत हालको महादेवस्थान गा.वि.स. पनि पर्दथ्यो । यस क्षेत्रमा श्री कृष्णको नेपाल आगमन भन्दा पूर्व नै वस्ती आवाद भैसकेको कुरा उल्लेख गरीएको छ ।[८]

भाषवंशावलीमा श्री राजा भूभागत बर्ष ८४ जय गुप्त बर्ष ६३ परम गुप्त वर्ष ९१, हर्ष गुप्त बर्ष ६७, भीम गुप्त बर्ष ३८, मति गुप्त बर्ष ३७, विष्णु गुप्त ४६, ले माता तिर्थमा ठूलो गौशाला बनाई ब्राम्हणको रक्षा गरी शासन चलाए ।[९]

---

[७] श्रीहरि रुपाखेति, **त्रिवेणि महात्म्य**, (काठमाडौं: त्रिवेणि धर्मसंघ वाणस्थली २०५०) पृ १० ।

[८] योगी नरहरीनाथ- **हिमवतखण्ड पुराण**, (वाराणसी, काशि योग प्रचारिणो) २०१३ ।

[९] नयनाथ पौडेल, **भाषा वंशावली**, (काठमाडौं: राष्ट्रिय पुस्तकालय, २०२०) पृ ४४-४५ ।

काठमाडौँ उपत्यकाको मलिलो माटोले हरभरा भएको हुदा पशुपालन व्यवसाय लोकप्रिय बन्न गएको र हालको कीर्तिपुर, थानकोट, टिस्टुङ्ग पालुङ, वलम्बु क्षेत्रहरूमा यस युगका मानिसहरूको वस्ती भएको वुझिन्छ ।[१०]

## ३.२ लिच्छवीकाल

लिच्छवीकालीन समयमा पनि यो थानकोट क्षेत्रको महव्वपुर्ण स्थान रहेको देखिन्छ । तत्कालीन राज्यप्रमुखहरूले यस क्षेत्रमा अभिलेख राखी त्यस क्षेत्रका वासिन्दाहरूलाई सम्बोधन गरी विभिन्न किसिमका करहरू माफी गरिदिएको तथा सरकारी अफिसरहरूले दुःख नदिनु भन्ने बन्धेज बाँधिएको पाइन्छ ।

मानदेवको नाति वसन्तदेवको पहिलो अभिलेख संवत ४२८ को थानकोट आदिनारायणको अभिलेख मानगृहबाट प्रसारित छ । यस अभिलेखमा वसन्तदेवले आफ्नी वहिनी जय सुन्दरीको विवाह गुप्त वंशका कुनै व्याक्तिसंग गरिदिएर ती राजकुमारीलाई दाइजोको रूपमा थानकोट भेगको एउटा गाँउ दिएको कुरा अभिलेख बाट थाहा पाइन्छ । सो गाँउको नाम जयपल्लिकाग्रंम भनिएको दान पाउने जयसुन्दरीकै नामको जय जोडिएको देखिन्छ ।[११]

यो जयपल्लिकाग्राम नामको वीचमा जुन पल्लिका शब्द छ त्यसले महत्वपूर्ण तथ्यतिर संकेत गर्दछ । आभिरहरूको वस्ति वा टोललाई आभिरपल्लि भनिन्छ भन्ने कुरा संस्कृत केशबाट थाहा पाइन्छ ।[१२]

यहि कुरा केही फेरिएको रूपमा जयपल्लिका ग्राममा देखिन्छ । गोपाल वा ग्वालाहरूको बस्ती गाँउलाई पल्ली भन्ने चलन रहेको पृष्ठभूमिमा जयसुन्दरीको विवाह आभीर गुप्तवंशि कुनै व्यक्तिसँग भएको अनुमान गर्न सकिन्छ । थानकोट क्षेत्र आभीर गुप्तहरूको केन्द्रस्थल रहेको र त्यहिँ ती राजकुमारीलाई विर्ता गाँउ दिइएकोले जय पल्लिकाग्राम भनिएको हुन सक्छ । हालको महादेवस्थान गा.वि.स. अन्तर्गत कुलाछेटोल किसिपिडींको संवत ४८२ को अभिलेखबाट उनले सो क्षेत्रका बासिन्दाहरूको भलाइको

---

[१०] पेशल दाहाल, **नेपालको इतिहास**,( काठमाडौः एम के पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स भोटाहिटी २०५०) पृ २५ ।

[११] धनवज्र बज्राचार्य, **लिच्छविकालका अभिलेख**, (कीर्तिपुरः नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०५३) पृ ९६ ।

[१२] **ऐजन**, पृ १०२ ।

निमित्त केही कर माफी गरीदिएको तथा सरकारी अफिसरहरूले दुःख नदिनु भन्ने बन्देज बाँधेको वुझ्न सकिन्छ ।[१३]

संवत ४८२ (ई ५६०) मा प्रसारीत ६ ओटा एकै भाकाका शिलालेखहरू थानकोट वलम्बुभेगबाट पाइएका छन् ।[१४] पहिलेका राजाबाट कुथेर र शुल्की नामक अधिकरणले पस्न नपाउने गरी निगाह गरीएकोमा सर्वदण्डनायकमहाप्रतिहार श्री भैमगुप्तले लिङ्ग्वल र माप्चोक समेत चारै अधिकरणहरूले पञ्चपराध सम्बन्धि मुद्दामापनि पस्न नपनउने गरी विन्ति गरेकोमा सोहि बमोजिम आज्ञा प्रसारित गरएिको कुरा ती अभिलेखहरूमा लेखिएको छ ।

यसरी लिच्छविकालमा पनि यस क्षेत्रमा वस्ती भएको थाहा पाइन्छ । यहाँ गुप्तवंशीहरूको वस्तीभएको र यहाँको केन्द्र सँग राम्रो सम्बन्ध रहेको वुझिन्छ साथै यहाका गुप्तहरूको केन्द्रको शासनमा पनि हात रहेको वुझिन्छ । वसन्तदेवको अभिलेखबनाट यहाका स्थानीय जनतालाई केही छुट दिएको र यहाँ चारै अधिकरण पस्न नपाउने व्यवस्था वाँधिदिएका थिए । यसकारण लिच्छविकालीन समयमा पनि यो क्षेत्रको महत्वपर्ण स्थान थियो ।

## ३.३ मल्लकाल

मल्लकालिन समयदेखि यो गा.वि.स. पाटन राज्यको कीर्तिपुर क्षेत्र अन्तर्गत रहेको थियो मल्लकालिन समयमा पनि यो क्षेत्र चर्चित रहेको कुरा त्यहाँ भएका मल्लकालिन अभिलेखबाट थाहा पाइन्छ । यो क्षेत्रमा मल्लकालका पनि प्रशस्त अभिलेख पाइएका छन् ।

थानकोट आदिनारायण मन्दिरको उत्तर परिसरमा ने.स. ८०१ को शिलालेख छ । शिलालेखमा उक्त धर्मसिं दुवाल भारोले आफ्ना नाति हाकुसिं भारोलाई नायक बनाई आदिनारायण को मन्दिरमा ढुङ्गापेटी बनाएको कुरा उल्लेख भएको देखिन्छ ।[१५]

---

[१३] **ऐजन**, पृ १९४

[१४] जगदिशचन्द्र रेग्मी, **लिच्छवी इतिहास**, (कीर्तिपुरः नेपाल एशियाली अनुसन्धान केन्द्र, २०५३) पृ ५९ ।

[१५] धनवज्र वज्राचार्य, **मध्यकालिन अभिलेख**, (कीर्तिपुरः नेपाल एशियाली अनुसन्धान केन्द्र, २०५६) पृ २३५ ।

त्यसैगरी ने स. ७८० को मल्यकालिन अभिलेख महामञ्जु श्री र सरस्वतिको मूर्तिरहेको फलचामा पाइएको छ । आदिनारायणको प्राङ्गणमा ठडिएको खम्बामा ने. स ७८८ को अभिलेख पाइएको छ जसमा थंक्वाठ देश लयंगागृहका शिवराम दुवाल भारो यिनका जेठा छोरा मोतिराज दुवै जनाले बैकुण्ठ बास होस भनि श्री ३ नारायणलाई प्रसन्न पार्न यो ढुङ्गाको स्तम्भ राख्न लगाएका छन् । शुभ होस् ।[१६]

## ३.४ आधुनिक काल

मल्लकालीन समय पछि आधुनिक कालमा आएर पनि यो क्षेत्र महत्वपूर्णस्थानको रूपमा रहेको पाइन्छ । पृथ्वीनारायण शाहको नेपाल एकीकरणको कममा काठमाडौं उपत्यकाको वीचमा एकै चोटि युद्ध गर्नु घातक परिणाम हुने संभावना भएकोले छेउछाउका गाउँहरूमा अधिकार जमाउने नीति अनुरूप महादेवस्थान गा.वि.स. सँग जोडिएको दहचोक गा.वि.स. लाई आफ्नो अधिनमा पार्न दहचोकमा कान्तिपुरका राजा का सेनाको एउटा टुकडिले गढी वनाई वसेको थियो । त्यहाँबाट ति सिपाई धपाउदा थानकोट वलम्बुका वस्तीमा असुरक्षको वातावरण वढ्ने संभावना हुन्थ्यो । त्यसलाई अनुकुल पार्न पृथ्वी नारायण शाहले आफ्ना कुल देवता का पूजारी सुवेदार खान्गिका पण्डितलाई ती क्षेत्रमा पठाई गोर्खाली राजाप्रति मायालु भावको प्रचारगर्न लगाए । त्यसपछि मात्र दहचोकमा गोरखालीहरूले गढीलाई दखल गर्न समर्थ भए । दहचोक माथि गोरर्खालीहरूको विजय पछि पृथ्वी नारायणशाहको सेनाले कीर्तिपुर माथि पहिलो आक्रमण गरे तर गोर्खालीको नराम्रो सँग हार भयो ।[१७]

वि.सं. १७८९ मा पृथ्वीनारायण शाहले दहचोकबाट नेपाल खाल्डोमा आक्रमण गर्दा थक्वाथ नामक गाँउका रजौटा (नाइके) लाई थानादारको को दर्जा दिई कोट रक्षा गर्न राखिएकोले गाउँको नाम नै थानकोट हुन गएको भन्ने भनाई पनि छ ।[१८]

एकिकरण अभियानको कममा पृथ्वीनारायण शाहसँग खड्का तथा मगरहरू सँगै आएको र उनीहरू यहीँ बसोवास गरेको यहाँका स्थानिय वासिन्दाले बताउँदछन् । यो महादेवस्थान गा.वि.स. मल्लकालीन समयदेखि पाटन राज्यको कीर्तिपुर क्षेत्र

---

[१६] **ऐजन**, पृ १५५ ।

[१७] राजाराम सुवेदी, **नेपालको तथ्य इतिहास**, (ललिलपुरः साझा प्रकासन, २०६१) पृ १७२-६३ ।

[१८] तेजप्रकाश श्रेष्ठ, **शेणितपुर हो प्राचिन नाँऊ**, ( थानकोटः शोणितपुर साहित्य, संङ्गित तथा कला समाज, २०६३) पृ ६ ।

अन्तर्गत रहेको वि.सं. २०१८ सालसम्म, २०१८ सालमा नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरेपछि काठमाडैं जिल्ला अन्तर्गत रहेको पाइन्छ ।[१९]

शाहाकालीन कला, वस्तुकला यस क्षेत्रमा खासै पाईदैन् । शाहाकालीन समयमा यस क्षेत्रमा त्यति ध्यान पुगेको देखिदैन । तर स्थानियस्तरमा यस गा.वि.स. मा मठमन्दिर को जार्णीद्धार संरक्षण सम्बर्द्धन र स्थापना गरी नै रहेको देखिन्छ ।

## ३.५ राजनैतिक चेतना र जनआन्दोलनमा सहभागिता

कुनै पनि राष्ट्रको राष्ट्रियता को लागि राजनैतिक चेतना ज्यादै महत्वपूर्ण पक्ष हो । राजनैतिक पक्षले लिएको सानो नीतिले पनि देशको आर्थिक सामाजिक, शैक्षिक आदि पक्षहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव पारेको हुन्छ । हाम्रो देशको राजनैतिक क्षेत्रमा प्रत्येक गाउँ, नगर जिल्ला सबैको उत्तिकै महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

राजनैतिक चेतनाको हकमा २०१९ सालतिर जनतामा खासै थिएन । २०१९ सालको शुरुतिर जनता त्यति चेतनशील थिएनन् । व्यवस्था तानाशाही भएको कारण धनीवर्ग र ठूलो सरकारी ओहोदाबाट फुर्सद पाएर घर बसेका यस्ता व्यक्तिहरूले गाँउको प्रधानपञ्च, उपप्रधानपञ्च वडा सदस्य हुने गर्थे । महादेवस्थान गा.वि.स. मा पनि वि.सं. २०२० सालतिर जो पहिला हात उठाउँथ्यो उही व्यक्ति प्रधानपंच हुन्थे ।[२०]

हालको राजनैतिक चेतना यस गा.वि.स. मा उच्च स्तरको नै रहेको छ । यस क्षेत्रका मानिसहरू मा राजनैतिक पार्टीहरू, नेताहरू तथा राजसंस्था आदिको निश्पक्ष विश्लेषण गर्न सक्ने क्षमता प्रचुर मात्रमा छ । यहाँका मानिसहरू कुनै पनि पार्टीहरू प्रति अन्धमत्त छैनन् किनभने यहाँका मानिसहरू सबै पार्टी तथा सबै किसिमका व्यबस्थाका गुण र दोषहरू सूक्ष्मरूपमा केलाउन सक्छन् । जसको कारण स्वरूप जनआन्दोलन २०४६ सालको बहुदलीय व्यवस्थापछि राजनैतिक चेतनाको आधारबाट सक्रिय रूपमा मतदानमा भाग लिई आफ्नो प्रतिनिधि छान्ने चुन्ने काम भयो र आफुले छानेका व्यक्तिहरूबाट गा.वि.स. को विकासमा के कति योगदान भयो स्पष्ट

---

१९ स्मारिका, **पुर्ववत** (पाद टिप्पणी संख्या ६) पृ २ ।

२० बलदेव सुवेदी, **"महादेवस्थान गा. वि. स. को एक राजनैतिक झलक"** (काठमाडौः महादेवस्थान गा.वि.स, २०५९) पृ ५४ ।

मूल्याङ्कन गरी राम्रो काम गर्नेलाई पुन निर्वाचित र नराम्रो काम गर्नेलाई पराजित गरेको पाइएकोले पनि यहाँका मानिसहरूमा राजनैतिक चेतना बढेको रहेछ  भन्ने प्रष्ट हुन्छ । त्यसैले अन्य ठाँउका मानिसहरू जस्तै दोस्रो जनआन्दोलन २०६३ मा पनि सक्रिय रूपमा सहभागि भई आफ्नो प्रजातान्त्रिक इतिहास उच्च राख्न पनि यो गा.वि.स. पछि परेको पाईदैन । जसको प्रत्यक्ष प्रमाण कही मानिसहरू राजनैतिक द्वन्दका कारणले वेपत्ता घाइते र अपाङ्ग अवस्थामा पनि भेटिएका छन् ।[२१]

[२१] स्थलगत अध्ययन, अवलोकन ।

# अध्याय चार
# महादेवस्थान क्षेत्रको प्राचीनताबारे खोज

महादेवस्थान क्षेत्रको प्राचीनता धार्मिक, ऐतिहासिक तथा पुरातात्विक विधासँग सम्बन्धित रहन गएको पाइन्छ । यो क्षेत्रको अस्तित्व परापूर्व कालदेखिनै रहेको देखिन्छ । द्वापरयरयुगमा यस स्थानलाई सुप्रभापुर वा सुप्रमानगरी भनिथ्यो भने द्वायरगुगको अन्त्यतिर दानवराज वाणसुरको राज्यकालमा सुनितपुर वा शोणितपुर रहनगएको मानिन्छ । धेरै कालपछि यस नगरीको नाम थक्वा : थ हुदै थक्वा हुन गयो त्यसपछि नेपालको एकिकरण सँगसँगै यस प्राचीन वस्तीको नाम थानकोट रहन गएको वुझिन्छ । केहि बर्ष अघि सम्म पनि यी सबै गा. वि. स.हरू (महादेवस्थन, दहचोक, वाडमञ्जाङ, मातातीर्थ) समेटिएर थानबोट नै भनिन्थ्यो ।

प्राचीन कालमा काठमाडौं खाल्डो एक विशाल नागदह थियो त्यसको दक्षिण पश्चिम कोणमा केही उँचो स्थानमा रहेको एक मात्र नगरी हो 'सुप्रभा नगरी' यो नगरी राजा महेन्द्र दमनले आफ्नी वहिनी प्रभावतीको निमित्त बनाइदिएको बुझिन्छ ।[२२]

द्वापरयुगमा धर्मदत्त नामक राजाले यसै नगरीमा राज्य गर्दथे उनको राज्यकालभन्दा एकहजार वर्षपछि यस नगरीमा वाणासुर नामक दानव राजाले राज्य गरेको मानिन्छ । पछि राजा वाणासुरको राज्यकालमानै सुप्रभानगरीको सुनितपुर वा शोणितपुर भन्ने नामाकरण स्वयम भगवान पशुपतिनाथबाट भएको प्रसङ्ग रोचक छ । भगवान पशुपतिनाथको कृपाबाट राजा वाणासुरले आफ्नो राज्य स्वर्णमय बनाएपछि सुप्रमानगरी को नाम शोणितपुरमा परिणत भएको मानिन्छ । यस सम्बन्धमा भगबान श्री कृष्ण द्वारिकाबाट यहाँ आई दानवराज वाणासुरको घमण्ड तोडेको प्रसंङ्ग तथा उहाँसँग आएका ग्वालाहरू बसोबास गर्न थालेको प्रसङ्ग पुराण र इतिहास मा उल्लेख पाइन्छ ।[२३]

हाल पनि वाणस्थली (बाँथली) गाउँको अस्तित्व कायमै रहेकोले पनि यस क्षेत्रमा राजा वाणासुर को राज्य शोणितपुर रहेको पुष्टि गर्दछ । यसैगरी उपनिषद्को

---

[२२] श्रेष्ठ, **पुर्ववत** (पाद टिप्पणी संख्या १८) पृ ३ ।

[२३] पौडेल, **पूर्ववत** (पाद टिप्पणी संख्या ९)पृ ३५ ।

८७/८४ श्लोकमा सुप्रभा राज्य जहाँ चन्दनेश्वर रहनुभएको छ भन्ने उल्लेख गरेको पाइन्छ। त्यस्तै हिमवत खण्डको अ ७० श्लोक ५७ मा यस्तो उल्लेख छ।

"स चन्दन भराटेशो भासते प्रमाथौ : सह

चन्दनद्रिनितम्बे हि देवासुरेप्सितप्रद :"

अर्थात चन्द्रा गिरिको फेदीमा देवासुरका इच्छा पुरा गर्ने श्री चन्दनभराटेश्वर आफ्ना प्रथम गणका साथ रहनु भएको छ।[२४]

इतिहासविद भुवनलाल प्रधान का अनुसार काठमाडौँ खाल्डो अति प्राचीनकालमा धापिलो नै भएकाले यसको दक्षिण पश्चिम पट्टि केहि उँचो भागमा गौशाला वनाई बसोबास गरीरहेको गोपाल अर्थात गोठालाहरू को वस्ती थियो र यी गोठालाहरू को वस्ती रहेको उपयुक्त गोग्राम वर्तमान मातातीर्थ को नजीक कतैतिर पर्दथ्यो।[२५] थानकोट क्षेत्रमा हाल पनि गोपाल वंशी गोपाली हरूको घनावस्ती रहनुले पनि यस भनाइलाइ बल पुऱ्याउँछ।

उत्तर प्राचीन कालमा यस क्षेत्रमा पाइएका अभिलेखहरूमा यस क्षेत्रलाई शीताटी गुल्मक[२६] वा शीताटिकातल[२७] उल्लेख भई किसिपिंडी गाँउलाई "किचप्रिचिङग्राम"[२८] भनि उल्लेख भएको पाइन्छ। शीताटिकातल, वा शीताटी गुल्मक शब्दहरूले उत्तर प्राचीनकालीन लिच्छविकालमा प्रशासनिक सुविधाको दृष्टिले निर्मित खास इलाका विशेषको नामको रूपमा प्रयोग गरेएको पाइन्छ। शक संवत ४२८ को वसन्तदेवको थानकोट आदिनारायणको अभिलेखमा शिताटी गुल्मको संज्ञा दिइएको थियो भने बलम्बुको चौकीटारको शक संवत ४८२ को अभिलेखमा शीताटीतलको रूपमा उत्कीर्ण छ। गुल्म वा तल भनिने खास प्रशासनिक इलाका अन्तर्गत थेन्चोग्राम (थानकोट) टेग्वल ग्राम (बलम्बु) किचपिचिङग्प्रम किसिपिडी कान्दुङग्राम (सतुङ्गल)

---

[२४] श्रीहरि रुपाखेति, **चन्दन भराटेश्वर**, (पुराण इतिहास र नवनिर्माण पुस्तिका) (इटाखेलः चन्दन भराटेश्वर पुननिर्माण समिति २०५४) पृ ३।

[२५] भुवनलाल प्रधान **नेपालको इतिहास र संस्कृतिका केहि पक्ष,** (काठमाडौं : ने.रा.प्र. प्र. २०५५) पृ ७८।

[२६] वज्रचार्य, **पुर्ववत** (पादटिप्पणी संख्या ११) पृ ९७।

[२७] हरिराम जोशी, **नेपालका प्राचिन अभिलेख**, ( काठमाडाः राजकिय प्रज्ञा प्रतिष्ठान २०३० प्रथम संस्करण) पृ १६०।

[२८] वज्रचार्य, **पुर्ववत** (पादटिप्पणी संख्या ११) पृ १९५।

जस्ता गाउँहरू रहेकाले यस किसिपिडीं क्षेत्रलाई लिच्छवि कालमा शिताटी गुल्म वा तल भनिन्थ्यो भन्ने बुझिन्छ ।

प्राचीन काल देखिनै यस गा.वि.स. को लगभग मध्यभागतिर धार्मिक तथा ऐतिहासिक दृष्टिले अत्यन्तै महत्वपूर्ण "चन्दन भराटेश्वर महादेव" को मन्दिर अवस्थित छ सोहि महादेवको सम्झना र सम्मानार्थ यस गा.वि.स. को नाम नै महादेवस्थान रहनगएको पाइन्छ । त्यस्तै चन्दन भराटेश्वर मन्दिर नजिकै प्राचीन सानो नेवार गाउँलाई स्थानीय व्यक्तिहरूले महादेव गाउँ भन्ने गरेकाले यसकै विस्तारित रूपमा गा.वि.स. को नामाकरण नै महादेवस्थान गा.वि.स. रहन गएको स्थानीय बासिन्दा बताउँदछन् ।

वाणस्थली क्षेत्रमा हाल पनि निकै पुराना भानावशेषका चिन्हहरू पुराना इटँहरू देख्न सकिन्छ । स्थानीय वुढापाकाहरूले गाडधन समेत पाईएको बताउँदछन । यस क्षेत्रको वडा ८ वाणस्थलीमा घरको जग खन्दा प्राचीन पर्खाल भेटिएको कुरा स्थानीय रामबहादुर खड्का भन्नुहुन्छ ।[२९]

## ४.१ किसिपिंडीं

यस गा.वि.स.को उत्तरपूर्वी भेगमा प्राचीन नेवारी वस्ती किसिपिडीं वडा १ र २ पर्दछ । किसिपिडींको सम्बन्धमा एउटा किम्बदन्ति यस्तो छ । प्राचिनकालमा यहाँका वासिन्दाहरूले सरकारी हात्तीको निमित्त घासँ स्याउलाको व्यवस्था गर्नुपर्दथ्यो किसिपुली हात्तीको लागि तिरो तिर्ने अर्थमा यस ठाउँको नाम किसिपुली-किपुलि-किपुलिचा रहन गएको हो । यहि किपलिचा नेपालीमा अप्रभंस भएर किसिपिडीं भएको हो । यो प्राचीन वस्तीमा लिच्छविकालका थुप्रै अभिलेख पाइएका छन् । धार्मिक र सांस्कृतिक दृष्टिले यो गाउँ नेवार जातिका जनताबाटै परिपोषित छ ।

## ४.२ बालागाउँ

स्थानीय प्रचलित जनश्रृति अनुसार बालागाँउ कुनै समयमा निकै सजधनले सम्पन्न सुन्दर वस्ती थियो । पौराणिक स्थल मातातीर्थको उत्तरी काखमा अवस्थित यो गाउँ पुरानो जमानामा ४ ढोका १४ पाटी भएको निकै आकर्षक सानो र खँदिलो वस्ती

---

[२९] राम बहादुर खड्का, बर्ष ६२

थियो । यसै कारण नेवारी भाषामा यस सुन्दर वस्तीको नाम 'बा लाँ गाँ' अर्थात बाला राम्रो गा-गाउँ रहन गयो । समय कममा यसलाई बालागाँउ भन्न थालियो ।

यसैगरी काठमाडैं उपत्यकामा प्रायः अन्त नभएका बलामी थरका नेवारहरू को वस्ती भएकोले यस ठाँउको नाम "बलामि गाँ" अर्थात बलामीहरूको गाँउ रहन गएको हो भन्ने पनि जनविश्वास छ यस अनुसार पछि अप्रभंस भएर बालागाउँ रहनगएको हो भनिन्छ ।

## ४.३ मातातीर्थ

वडा नं. ३ अन्तर्गत पौराणिक स्थल मातातीर्थ रहेको छ । परापूर्वकाल देखि नै यो मातातीर्थ प्रसिद्ध रहेको थियो भन्ने कुरा विभिन्न पुराणहरूमा वर्णन गरीएको पाइन्छ । गोपालवंशि राजाहरूले मातातीर्थ क्षेत्रमा राज्य गरेको वर्णन पाइन्छ । यहाँ परापूर्व कालदेखिनै मातृविहिन व्यक्तिहरूले बैशाख कृष्णपक्ष औंसीको दिन यहाँ भएको आमकुण्डमा स्नान गरी मेला भरी आमाको सम्भ्कनामा श्रद्धा गर्दछन् ।

## ४.४ चन्दनभराटेश्वर र पार्वतीकुण्ड

वडा ४ मा पर्ने चन्दन भराटेश्वर शिवमन्दिर र पार्वतीकुण्ड को वर्णन हिमवत्खण्डमा गरीएको छ । उहिले जगतमाता पार्वतीले पार्वतीकुण्डमा स्नान गरी नवधारा मैदानमा वसि चन्दन घोटेर शिवलिंगमा लेपन गरी नित्य भक्ति पूर्वक पूजा गर्नुभयो । त्यसैले यस शिवलिंगलाई चन्दन भराटेश्वर र चन्दन घोटेको ठाँउ भएकाले यस डाँडाको नाम चन्दनगिरी रहेको हो । त्यस्तै पार्वतीले स्नान गरेकोले सो कुण्डको नाम पार्वतीकुण्ड रहन गएको हो ।[३०]

## ४.५ लिङ्गतीर्थ त्रिवेणी

३ नदिको सँगम लिङ्गतीर्थ (त्रिवणी) वाणस्थली ८ मा अवस्थित छ । यसलाई स्वयं चन्दन भराटेश्वरले ज्योति रूपमा आकाशवाणी गर्नुभई मरो तिर्थ भन्नु भएको छ । यस त्रिवेणिमा स्वर्णधारा गयानदी शक्रदीप्ती (इन्द्रावति) र भस्मगंगा (मान्खुखोला) को सँगम रहेको छ । यो क्षेत्र गंगा, जमुना सरस्वतीको सँगमस्थल भारतको देवप्रयाग जत्तिकै पवित्र एवं त्यत्तिकै महत्व रहेको पुण्य तीर्थस्थल हो भन्ने शास्त्रमा व्याख्या

[३०] रुपाखेति, **पुर्ववत**। (पादटिप्पणी संख्या ७) पृ २०

गरीएको छ । शिवजी ले भस्मलेपन गरी स्थान गर्ने भष्मावतीनदीको पानीमा अहिले पनि भष्म (खरानी) को आभास पाइन्छ भन्ने जनविश्वास एवं किम्बदन्ति रहेको छ ।[३१]

[३१] **ऐजन**, पृ २२

# अध्याय पाँच

# महादेवस्थान गा.वि.स.को क्षेत्रका बासिन्दाहरूको चाडपर्व र संस्कार

## ५.१ चाडपर्व

नेपाली समाजको अभिन्न अंग चाडपर्व हो । यसमानै नेपाली रमाउने गर्दछन् । यहाँ बाह्रै महिना बाह्रैकाल कुनै न कुनै चाडपर्व भइरहेको हुन्छन् । त्यसमा पनि नेवार जाति अनेक सांस्कृतिक विशेषता भएको जाती हो । काठमाडौँ उपत्यकामा यस जातिको अलग पहिचान छ । यसै अन्तर्गत थानकोट, बलम्बु, बालगाँउ र किसिपिडीं राजधानी काठमाडौंका पश्चिम भेगीय (नेवार जाति बहुल) महत्वपूर्ण साँस्कृतिक विशेषता भएका गाउँहरू हुन् ।

महादेवस्थान गा.वि.स.मा नेवार साथै विभिन्न जनजातिहरू रहेका छन् । सबैले आ-आफ्नो किसिमले चाडपर्व मनाउँदछन् । यहाँका प्राचीन जाति नेवारहरू पनि आफ्नै किसिमले चाडपर्वहरू मनाउने गर्दछन् जुन निम्न छन् :-

### (क) नव वर्ष (खाइ सल्हुं)

बैशाख १ गते सक्रान्तिको दिनमा नुवाई धुवाई सरसफाई गरी देवीदेवताको पूजा गरिन्छ । यो राष्ट्रिय पर्व भएकाले सबैले धुमधामले मनाउँदछन् । नेवारहरू यस दिन लैसि (मुलाको सुकाएका) खाइच्व : क : छे (केराऊको कोसा) कुन : बुँ कोइरालो आदि सागपात र चामलको पिठो राखेर क्वाँटी खाने गर्दछन् । यस्तो क्वाँटी केही टर्रो हुने हुदा खायु क्वाँटी अर्थात टर्रो झोल खाने भन्दछन् । त्यसैले यस चाडलाई नेवारहरू खाई सल्हु भन्छन् ।[३२]

### (ख) मातातीर्थ औंसी

बैशाख कृष्ण पक्ष औशीको दिनमा मातृबिहीन व्यक्तिहरू नुवाईधुवाई गरेर आमाको स्मरण गरी आ-आफ्ना परम्परा अनुसार दान दक्षिणा दिने गर्दछन्, सक्नेहरू नजिकैको मातातीर्थ स्थानमा गएर त्यहाँको मेला भरि आमाको श्रद्धा गर्दछन् । आमा भएकाहरूले आमालाई पूजा गरी मीठामीठा पकवान र नयाँ लुगा प्रदान गर्ने गर्दछन् ।

---

[३२] तेजप्रकाश श्रेष्ठ, yfgsf]6df k|rlnt hfqf, गोरखापत्र २०६२-५-११ ।

विवाहित छोरीबेटीहरू त्यो दिन आमाप्रति श्रद्धा अर्पण गर्न कोशेली लिएर माइती आउदछन् । यस गाउँमा पनि यो पर्व धुमधामले मनाइन्छ ।

### (ग) बुद्ध जयन्ती

प्रत्येक बैशाख पूर्णिमाको दिन बौद्ध धर्मावलम्बी मात्र नभई अन्य धर्मावलम्बीहरू पनि भगवान वुद्ध को जन्म दिन धुमधामले मनाउँदछन् । गाउँमा भएका चैत्य र वुद्ध मूर्तिहरूमा पूजा अर्चना गर्दछन् । बौद्ध मार्गीले त्यस दिन गाँउ परिक्रमा गर्ने पनि गर्दछन् ।

### (घ) सिठी नख

नेवार समुदायमा जेष्ठ शुक्ल पक्ष षष्ठीको दिनमा सिठी नखः मनाइन्छ । छुट्टै विशेष देवाली पूजा नमनाउने परिवारले सिठी नखः लाई नै देवालीपूजाको रूपमा लिने गर्दछन् । यो दिन कुल देवताको पूजा गरिन्छ । यस दिन धारा कुवा, इनार सफा गर्ने परम्परा पनि छ । त्यसैले यस दिनलाई वातावरणसँग पनि गाँसेर हेर्ने गरिन्छ ।

### (ङ) साउने संक्रान्ति

प्रत्येक बर्ष साउन १ गते संक्रान्तिको दिनमा यो पर्व मनाइन्छ । यस पर्वमा खास गरी नेवार इतर जात जातिद्वारा भूत मन्छाउने काम गरिन्छ । साँझ राँको बालेर टिन ठटाउँदै भूत धपाइन्छ । यस दिन भोज पनि खाने परम्परा छ ।

### (च) गठे मंगल (घण्टाकर्ण)

साउन कृष्ण चर्तुदशीको दिनमा घण्टाकर्ण पर्दछ । यो पनि नेवार समुदायको भुत मन्छाउने दिन हो त्यस दिन वेलुकीपख नेवारका घरै पिच्छे मूलढोको अगाडिको अष्टमातृकामा कर्कलोको पातको मुकुण्डो राखेर छवाली, उन्यू, कसिँगार स्याउला आलु, खुर्सानि आदिबाट गठेमुगल बनाइन्छ । घरमूलि वा कुनै छोरामान्छेले बुइँगलबाट एकमुठा छवाली बालेर सबै कोठाचोठामा घुमाउनुपर्दछ । गाईको गोवर, कनिकाको साथै घरभित्र हुने उडुस, उपियाँ, लामखुट्टे र कपडाको पुतली एउटा माटाको पालामा राखेर बलेको छ्वालीलाई बाहिर सँगै ल्याउँदा गठाँःमुगः या काय् म्ह्याय् उल - गँठेमुगलका छोराछोरी मन्छ्याइयो) भन्दै दोबाटोमा मन्छ्याउन लैजान्छन् । यसरी

दोवाटोमा फाल्दा घरबाट भूत बाहिरिन्छ भन्ने प्रचलन पाइन्छ । स्थानीय गाँउमा सोही दिनदेखि बाजागाजाका साथ लाखे नचाउने लाखे जात्रा शुरु हुन्छ ।

### (छ) जनैपूर्णिमा (गुन्ही पुन्हि)

जनैपूर्णिमा हिन्दुहरूको महान चाड मध्ये एक हो यसलाई ऋषितर्पणि पूर्णिमा पनि भनिन्छ । यो दिन तागाधारीले व्रत वसि बिहान जलकुण्डमा गई स्नान गरी यज्ञोपवित्र धारणा गर्दछन । ब्राम्हणहरूद्धारा मन्त्र पढी हातमा डोरो बाँध्नाले मानव जीवनमा रक्षा हुन्छ भन्ने धारणा छ त्यो डोरो गाईतिहारमा गाइको पुच्छरमा बाँध्नु भन्ने मान्यता पाइन्छ । यो चाडलाई यस गाउँवासीले 'भ्यागुतोलाई भात खूवाउने पूर्णे' भन्दछन् । यस दिन यस क्षेत्रका नेवार किसानहरू भ्यागुतोलाई श्रद्धापूर्वक पूजा गरी भात खुवाउने गर्दछन् । यसो गर्दा बाली सप्रन्छ किरा लाग्दैन भन्ने जनविश्वास छ ।[३३] यसै दिन नौ थरी गेडागुडी भिजाएर टुसा उमारेको क्वाँटी खान्छन् । क्वाँटी खानाले बर्खाभरी को खेतमा काम गरी लागेको चिसो सबै जान्छ भन्ने मान्यता रहेको पाइन्छ । यस चाडको विशेष परिकार क्वाँटी र मुतुचा (टुसाएको कालो भटमास) को तरकारी हो ।

### (ज) गाइजात्रा (सापारु)

जनै पूर्णिमाको भोलिपल्ट भाद्र कृष्ण प्रतिपदाको दिनमा गाइजात्रा मनाइन्छ । स्थानीय भाषामा गाइजात्रा पर्वलाई सापारु भनिन्छ । सा को अर्थ गाई र पारु प्रतिपदा तिथि, जस अनुसार गाइजात्रा प्रतिपदा तिथिमा मनाइन्छ । किम्बदन्ती अनुसार मान्छेको मृत्यु पश्चात उसको आत्मा पिचासको रूपमा भौतारीरहेको हुन्छ , त्यही पिचासको आत्मालाई शान्त पार्न गाईलाई आफ्नो मृतकको नाममा गाइजात्राको दिनमा शहर घुमाउनाले मुत्ति प्राप्त गर्दछ भन्ने विश्वास छ । त्यस्तै अर्को किम्वदन्ती अनुसार वर्षभरीमा मृत भएका आत्माहरू भौतारिरहन्छन । ती भौतारिरहेका आत्माहरूले मुक्ति पाउन् भन्ने हेतुले धर्मराजले आफ्नो यमद्धार बर्षको एक दिन अर्थात गाइजात्राको दिनमा मात्र खोल्दछन् जुन व्यक्तिको नाममा उक्त दिन गाइलाई नगर परिक्रमा गराइन्छ त्यस्ता व्यक्तिको आत्मामात्र यमद्धार भित्र प्रवेश गर्न सक्दछ त्यसकारण

---

[३३] ईश्वरमान रन्जितकार, Eofu'tfnfO{ eft v'jfpg] kj{, गोरखापत्र ३०६०-४-१९ ।

जसका घरमा आफन्तको मृत्यु भएको छ उसले गाइजात्राका दिन मृतात्माको नाममा गाईलाई शहर परिक्रमा गराईन्छ ।

यस गा.वि.स. मा पनि वर्षदिनभरीका मृतकको सम्झनामा प्रत्येक मृतकको घरबाट बाजागाजा सहित गाई पठाउने प्रचलन छ । गाई पठाउने भन्नाले गाईको रूपमा केटाकेटीलाई सिँगारेर शहर परिक्रमा गराउनु हो ।

यो जात्रा किसिपिडीं गाउँमा अलि फरक किसिमले मनाउने चलन छ । गाइजात्रा मा विभिन्न मृतकको घरबाट गाई बनाई गाइजात्रा निकालिने प्रचलन छ । यसलाई नेवारी भाषामा 'सा बाएगु' (गोरु जोत्ने) पनि भनिन्छ । यसरी गोरु जोत्ने जात्रामा सहभागी हुने जात्रेहरूलाई विभिन्न किसिमको वनावटी खाजा बनाई खुवाउने चलन छ । यो जात्रामा लाखे नचाई पोखरी घुमाउने र ख्या खी निकाल्ने चलन छ ।

यसै चाडको बेलुकीपख स्थानीय पोखरीमा कुखुरा निमोठी कुखुराको टाउको पोखरीमा फालिन्छ र उक्त कुखुराको टाउको खोज्न थाल्दछन् । सोही समयमा काली मन्दिर परिसरको पोखरी वरीपरी लाखेलाई गिज्याई नचाउने परम्परा छ ।

यो गाइजात्रा मनाउनुको अर्थ दुई किसिमको छ पहिलो मृतआत्माहरूको आत्माशुद्धि गरी वैतर्णीतार्ने, अर्कोतर्फ मनोरञ्जनको दृष्टिकोणले र समाजमा भएका विसँगती लाई उजागर गर्ने दृष्टिकोणले पनि गाइजात्रा मनाइन्छ ।

**(झ) चथाः**

भाद्र शुक्ल चौँथीको दिनलाई गणेश चौथी भनिन्छ । नेवारहरू यस पर्वलाई चथाः को रूपमा मनाउँदछन् । यस दिन गणेशको पूजा आराधना गरिन्छ । नेवारी संस्कृति अनुसार त्यस दिन चथाः अर्थात चोरदेवताको पूजा गरिन्छ । वेलुकीपख मकै, भटमास, गहुँ आदि गेडागुडी (छुस्यामुस्या) भुटेर फलफूल समेत राखेर चथाः देवताको पूजा गरिन्छ ।

**(ञ) समय बै पून्हि (इन्द्रजात्रा)**

समय बै पुन्हि पनि नेवारी समुदायमा विशेष चाडको रूपमा मनाइन्छ । हरेक दिन साँझमा घरैपिच्छेबाट देवस्थलमा वत्ती वाल्न जाने परम्परा छ । पूर्णिमाको दिनमा प्रत्येक घरबाट समयबजि बाड्ने प्रचलन छ । त्यस अवसरमा केटाकेटीहरू 'ला छकु वयक समयमबजी' भन्दै घरघरमा माग्दै हिड्ने गर्दछन् । अझ पाटीपौवाहरू निर्माण

गर्ने परिवारबाट आ-आफ्ना पाटीपौवामा छुट्टाछुट्टै समयबजि र धौ बजि बाड्ने गर्दछन् । सोहिदिन दहचोक स्थित इन्द्रदहमा स्नान गर्न जाने गर्दछन् । गठेमुगल देखि यसै पूणिमाको दिनसम्म लाखे नचाउने परम्परा छ ।

### (ट) बडा दशै (मोहनी)

यो चाड समस्त नेपालीहरूको महान चाड हो । नेवार, क्षेत्री बाहुन, तामाङ्ग, मगर, कामी, दमै आदि सबैले उल्लासका साथ बडादशै मनाउँदछन् । यो चाड असोज शुक्लप्रंतिपदा देखि शुरु हुन्छ र कोजाग्रत पूर्णिमाको दिनदेखि दशै पर्व सकिन्छ । सम्पूर्ण हिन्दुहरूको चलन अनुसार यस महादेवस्थान का बासिन्दाहरूले पनि यो चाड मनाउँदछन् । तर दशै मनाउने क्रममा भने अन्य ठाँउको भन्दा एउटा फरक चलन छ त्यो हो 'बो: छा बनेगु' यसमा गाउँवासीहरू नौरथभरी नवैदिन बाजागाजाका साथ नुहाउन जानु र गाँउको देव देवताको मन्दिरमा दर्शन गर्न जाने प्रचलन छ । सोही ताका एक महिना स्थानीय देवदेवी मन्दिर घर आगनमा बत्ती दिने प्रचलन छ ।

घटस्थापनाको दिन घरघरमा जमरा राख्ने गर्दछन् । फूलपातीको दिनमा फुलपाती भित्र्याउने र अष्टमीको दिनमा कालरात्री मनाउँदछन् । नेवारहरू 'कुछि म्वय्' दुइमाना चिउरा खानुपर्ने भोज छ्वयला पोलेको मासु को साथै अन्य भोजका परिकार केराको पातमा राखेर खान्छन् ।[३४]

त्यस दिनदेखि घटस्थापना स्थानमा 'थापसनिगु' भन्दै आफ्ना औजार ज्यावलहरूको पनि पूजा गर्ने गर्दछन् । नवमीको दिन नवरात्रीको अन्तिम दिन हो यस दिनलाई नेवारहरू 'स्याको त्याको' भन्दछन् । यसदिन यस गाँउका भक्तजनहरू थानकोटको यक्षमति खोलामा स्नान गरी अनन्त भैरवको दर्शन गरी देवदेवी स्थानमा पूजा गर्दछन् । दशमीको दिन नवदूर्गाको पूजा विसर्जन गरिन्छ । जमरा राखेको स्थानमा कुमिन्डो काटेर पूजा गरी ठूलाले सानोलाई टिका लगाई शुभ-आशिर्वाद दिने गर्दछन् । पूर्णिको दिनदेखि दशैपर्व सकिन्छ । जमरा बिसर्जन गरिन्छ ।

### (ठ) तिहार ( स्वन्ति )

कार्तिक कृष्णपक्ष त्रयोदशी देखि पाँचदिनलाई यमपञ्चक वा तिहार भनिन्छ । त्रियोदशीको दिन काग पूजा र चतुर्दशीको दिन कुकुर पूजा गरिन्छ भने औंशीको दिन

---

[३४] श्रेष्ठ, **पुर्ववत** ( पाद टिप्पणी संख्या १८ ) पृ ३४ ।

गाई पूजा र लक्ष्मी पूजा गरिन्छ । प्रतिपदाको दिनमा गोवर्धन पूजा र नेवारहरू यस दिनलाई म्हँ पूजाको रूपमा मनाउँदछन् । म्हँ पूजा भन्नाले आत्म पूजा हो । यस दिनलाई नेपाल संवतको नयाँवर्ष को रूपमा लिइन्छ । यो दिन भव्यताका साथ भिन्तुना कार्यक्रम गरिन्छ । यस दिन नेवारहरू कलात्मक मण्डप वनाएर सवै परिवार लस्करै वसेर आफ्नो पूजा गरी सगुन लिने गर्दछन् । यो नेवारहरूको आफ्नै प्रकारको संस्कृति हो ।

तिहारको अन्तिम दिन भाईपूजा पर्दछ । यस दिन दिदीबहिनीहरू ले आफ्ना दाईभाइको पूजागरी श्रद्धा अर्पण गर्ने गर्दछन् । भाईपूजा सबै जातिले आ-आफ्नो तरीकाबाट गर्ने गर्दछन् ।

### (ड) घोडे जात्रा

यस गाउँवासीहरूको ठूलो जात्रा घोडेजात्रा हो । यो जात्रामा कालिका भैरवको रथ नचाई विभिन्न देवीदेवताको पूजा गरी जात्रा मान्ने चलन छ । यो कालीका भैरव जात्राको वारेमा यस्तो किम्बदन्ती छ । एकपटक नुवाकोट भैरव स्थानीय कालीका देवीलाई भेट्न आएछन् । भेटघाट कुराकानीमा रात धेरै वितेछ । गाउँका मानिसले देख्ला भनेर कालीका देवीले भैरवलाई घर छाएको कालो छ्वालीले छोपेर राखेको रहेछ । रातमा भैरव उठेर जान खोज्दा रात धेरै गईसकेको र आजकै रातमा स्थानीय रूपमा आफ्नो जात्रा समेत हुने भएकोले जात्रा सकेरमात्र जान अनुरोध गरिछन् । सोहि मौकामा भैरवले कालीकाको भन्दा पहिला आफ्नो जात्रा हुने भए बस्ने नत्र नबस्ने जात्रा माग राखेपछि भैरवलाई राख्ने सोहि बमोजिम पहिला भैरवको जात्रा गर्ने गरी भैरव कालीकाको जात्रा सुरु भएको भन्ने लोकोत्ति पाइन्छ ।

### (ढ) घ्याम्पे जात्रा

किसिपिंडी क्षेत्रमा विशेष रूपमा मनाइने जात्रा घ्याम्पे जात्रा हो । यो जात्रा प्रत्येक वर्ष चैत्र कृष्ण औशीको भोलिपल्ट घोडेजात्राको अवसरसँगै मनाइन्छ । यसमा किसिपिडींको श्री कालीका देवी श्री गणेश र श्री भैरवको रथ यात्रा गरिन्छ । किसिपिंडी गाँउको उत्तरपट्टिको फाँटमा अवस्थित कालिकास्थानमा किसिपिंडी वडा नं. १ कालि मन्दिरबाट ल्याएका श्रीकाली, श्री गणेशका भिन्ना भिन्नै रथहरूमा विधिवत पूजा-बली आदि गरेर रथमा ल्याएका धातु मूर्तिहरू कालिकास्थानमा राखिन्छ ,।

यसै बीच कालीकास्थान परिसरबाट बाहिरपट्टि अवस्थित भैरवरथ वेदीका रथ राख्ने ठाँउमा भैरवको मूर्तिसहित तामाको घ्याम्पो सजाएर राखेको हुन्छ । सोहि घ्याम्पोनै भैरव हुन र रथ पनि हो । यिनकोपनि विधिवत पूजाआरधना त्यही घ्याम्पोमा गरिन्छ । त्यसैलाई रथयात्रामा समावेस गरिन्छ । यो घ्याम्पोरथ वाहकले विशेष पोशाक र विशेष नियम मा रहनुपर्छ । यो रथ बोक्ने ४ जना मात्र हुन्छन् । यी बाहेक अरुले घ्याम्पोरथ बोक्न पाउदैनन् । यो घ्याम्पो रथ पुन कालीकास्थान बाट कालीका मन्दिरमा लगिन्छ । त्यहाँ लगेर यो रथ नचाइन्छ । त्यसपछि यो घ्याम्पोरथ कालीका भैरव गुठिको थकालीको घरमा लगेर राखिन्छ । यो भैरव मूर्ति यही घ्याम्पो जात्राको अवसरमा मात्र बर्षको एकपटक बाहिर ल्याइन्छ । यो 'घ्याम्पोरथ जात्रा' मुल रूपमा १ दिन मात्र हुन्छ । आफन्तलाई बोलाएर भोज खुवाउने चलन पनि छ ।

**(ण) महालक्ष्मी जात्रा (बालागाउँ जात्रा)**

यो जात्रा कार्तिक शुक्ल पूर्णिमा (सकिमना पून्हि) का दिन मनाउँदछन् । यो एक शरद्कालीन जात्रा हो । यो जात्रा बालगाँउका नेवार समुदायले बालगाँउ गणेश बालगाँउ महालक्ष्मी र वडा ४ मा पर्ने वनमहालक्ष्मीको रथयात्रागरी मनाउँदछन् । यी ३ देवीदेवताको भिन्न भिन्नै ३ वटा सजाईएका रथामा धातुमूर्तिहरू राखेर बाजागाजा सहित यो जात्रा उत्सव मनाउँदछन् । अन्य छिमेकी गा.वि.स. बाट समेत उपस्थित भई पूजा अर्चना गर्दछन् ।

**(त) सिन्हा जात्रा (हिले जात्रा)**

यस गा.वि.स. को वडा ३-४-५ र ७ का स्थानीय वासिन्दाहरू गाइजात्राको अवसर पारेर श्री चन्दन भराटेश्वर क्षेत्र र थानकोट चेकपोष्ट बजार एरियामा सिन्हा जात्रा मनाउछन् । गाइजात्राको दिन क्यात्तुके पातको कोदाली लिएर रोपाइको तयारी ( आली लाएको पानी पटाएको आदि कार्य) गरेको अभिनय गर्दछन् । भोलिपल्ट बाजागाजाका साथ पुरुषहरू स्वानीमान्छेको चोलो र फरीया लगाएर रोपार भएर आउँदछन् । केही उही क्यात्तुके कोदालीमा बाउसे गरेको बाहाना गर्दछन् । बाजाको साँगितिक तालमा यी नक्कली रोपारहरू हार मिलेर रोपेको अभिनय गर्दछन् । यो जात्रा चन्दन भराटेश्वर महादेवस्थान देखि चेकपोष्ट बजार, प्रहरी थाना र मुलसडक सम्म आइपुग्दछ । संभवत यो रोपाई सकिएपछिको खुशियाली प्रकट गर्ने मानसिकतामा चलेको जात्रा हो ।

**(थ) योमरी पुन्ही**

मंसिर शुक्लपक्ष पूर्णिमाको दिन धान्य पूर्णिमा हो । यस क्षेत्रको अधिकांश बासिन्दा कृषक भएकोले यो पर्वको महत्व ठूलो छ । यस दिन अन्नको पूजा गरिन्छ । यस दिनलाई नेवारहरू योमरी पून्हिको रूपमा मनाउँछन् । कृषिमा आधारीत यो पर्वमा योमरी (चामलको पिठोबाट बनाएको एक प्रकारको चुच्चे रोटी जसको भित्र विशेषत चाकु हालिन्छ) पकाएर अन्नको देवदेवीलाई चढाउँदछन् । खास गरी भकारीको पूजा गरिन्छ । योमरी माग्नको लागी 'यो मरी च्वामु उः की दुनी घ्यामु' भन्दै कराउँदै गाँउघरको दैलोदैलोमा पुग्दछन् ।[३५]

**(द) माघे संक्रान्ति (हाम्बःसाल्हु)**

माघेसक्रान्ति ठूलो चाड हो । सबै जातजातिले धुमधामले मनाउने गर्दछन् । खिचडी, घ्यू, चाकु, तरुल, पालुङ्गोको साग, मासु क्वाटी आदिको भोज खाएर घाममा बसेर तेल लगाउने पनि गर्दछन् । तामाङ्ग जाति यो दिनलाई नया बर्षको रूपमा ल्होछार पर्व मनाउदछन् । बाबरी रोटी, सेल फुलौरा, तरुल, मासु आदि परिकार तयार पारेर आफ्ना पुरोहित लामालाई सिधा दिन्छन् र चेलिबेटी तथा पाहुना बोलाएर भोजभतेर गर्दछन् । तामाङ्गहरूको यो ठूलो चाड हो ।

**(ध) पासा चःहे**

यो चैत्र कृष्ण चर्तुदशीको दिनमा मनाइने चाड हो । मुलतः यो चाड काठमाडौं शहरका नेवारहरूले मनाउने प्रमुख चाड हो । यस क्षेत्रमा यस चाडलाई पासाचःहे भनिन्छ । यस दिन 'फोसीकचा स्वायागु' (पैंयुको हाँगा राख्ने) गर्दछन् । त्यसदिन पैंयुको हाँगा ल्याएर घरको झ्यालढोकामा सजाउँदछन् र आफ्नो जग्गामा पनि गाड्ने गर्दछन् । यसो गर्दा असिनाले बालीनाली नोक्सान गर्दैन भन्ने जनविश्वास पाइन्छ । पहिले यसै दिन लामाहरू द्धारा असिना नआओस भन्दै मन्त्र गर्ने गराउने परम्परा पनि थियो ।[३६]

---

[३५] सूर्य बहादुर महर्जन, lsl;lk+8L ufFpsf] lrgf/L, ( काठमाडौं :महादेव स्थान गाउँ विकास समिति २०५९) पृ ५० ।

[३६] श्रेष्ठ, **पूर्ववत** (पाद टिप्पणी संख्या १८) पृ ३७ ।

## अन्य चाडपर्वहरू

यी वाहेक यस गा.वि.स. मा अरु चाडपर्वहरू पनि श्रद्धापूर्वक मनाउने गरिन्छ । ती हुन- नाग पंचमी, गोकर्ण औशीं, बालचर्तुदशी, श्री पंचमी, शिवरात्री, फागु पूर्णिमा, चैते दशै, रामनवमी आदि ।

## ५.२ संस्कार


महादेवस्थान गा.वि.स. का बासिन्दाहरूको धर्म प्रति ठुलो आस्था छ । बिहान सबेरै मठ मन्दिर र घरको पूजा कोठामा भगवानको पूजा गर्ने उनिहरू आफ्नो नित्य धर्म ठान्दछन् । यहाँ विभिन्न धर्मावलम्बीहरू वसोवास गर्दछन् । २०५८ को जनगणना अनुसार यहाँ भएको कुल जनसंख्या मध्ये विभिन्न धर्म मान्ने निम्न छन् ।

| | |
|---|---|
| कुल जनसंख्या | १७९०८ |
| हिन्दु | ७६८७ |
| बौद्ध | १७७ |
| इस्लाम | १७ |
| किराँत | ४ |
| क्रिश्चियन | २२ |
| बाहि | १ |

स्रोत : केन्द्रिय तथ्याङ्क विभाग, जनगणना २०५८ पृ २८ ।

विभिन्न धार्मिक सम्प्रदायका मानिसहरू भएतापनि सबै धर्मालम्बीहरूमा धार्मिक सहिष्णुताको भावना बिद्यमान भएकाले धर्मको नाममा कहिले पनि झगडा नभए को बुझिन्छ । धार्मिक सहिष्णुता कायम रहेको पाइन्छ ।

यस गाविसमा धर्मको आधारमा जनसंख्यालाई निम्नानुसार स्तम्भ चित्रमा देखाइएको छः




सामन्यतया संस्कार भन्नाले शुद्धी परिष्कृत र स्वच्छता भन्ने बुझिन्छ । धर्मशास्त्रमा संस्कार शब्द भौतिक बौद्धिक र आध्यात्मिक जीवन, परिस्कृत वा शुद्ध बनाउने अर्थमा प्रयोग गरीएको छ । संस्कार भनेको त्यो कार्य हो जसलाई सम्पन्न गर्दा कुनै पदार्थ वा व्यक्ति कुनै कार्यका निमित्त योग्य हुने गर्दछ ।[३७]

संस्कारको परम्परा शुद्धी एवं परिस्कृतिका निमित्त थालानी भएको हो । संस्कारले पवित्रता दिनुको साथै अनुशासित जीवन प्रदान गर्दछ भन्ने विश्वास गरिन्छ । जीवनमा आई पर्ने हर्ष र दुःखका समयलाई पनि एउटा योजनाबद्ध प्रकृयाबाट सम्पन्न गर्ने प्रकृयानै संस्कार हो । हिन्दु धर्मशास्त्रमा संस्कारहरू नगरिएको जीवन अशुद्ध र अपवित्र मानिन्छ ।[३८]

---

[३७] पी.भी. काँणे, **धर्मशास्त्रका इतिहास, ef]n-!** -लखनउः उत्तर प्रदेश हिन्दी संस्थान १९८०) पृ १७६ ।

[३८] गणेश प्रसाद क्षेत्री, सोमप्रसाद खतिवडा, **हिन्दु समाज र धर्म,** (विराटनगरः शिवा प्रकाशन २०५४) पृ २३५ ।

नेपालमा विभिन्न जातजाति रहेको हुनाले उनीहरूको संस्कार पनि फरक फरक रहेको छ । सबै जातजातीले आफ्नो चलन अनुसार जन्मदेखी मृत्युसम्मका संस्कार गर्ने गर्दछन् । काठमाडौं उपत्यकामा अधिकांस बासिन्दा नेवार भएकाले यिनीहरूको संस्कार अन्य जातिको भन्दा फरक छ । त्यस्तै महादेवस्थान गा.वि.स. मा पनि अधिकांश वासिन्दा नेवार भएको कारणले यहाँ नेवार संस्कारको वर्णन गरिन्छ ।

**(क) न्वारान**

यहाँ बसोबास गर्ने नेवारहरूमा बच्चा जन्मेको छैठौं दिनमा न्वारान अर्थात चोख्याउने चलन छ । यसलाई नेवारी भाषामा 'मचावु ब्यङ्केगु' भनिन्छ । छोरी जन्मे ४ दिन र छोरा जन्मे ६ दिनमा न्वारान गर्दछन् । त्यस दिन बच्चाको नामाकरण र चिनो बनाउन लगाउँदछन् । घर परिवारको थकाली (बुढी) र सुढेनिले देवताको पूजा गर्दछन् । न्वारानको दिनमा घरमा लिपपोत गरी सबै परिवार तथा नजिकका नातागोता पर्ने सबै व्यक्तिहरू नाइबाट नङ काटी नुवाई चोखो लुगा लगाउँदछन् ।

**(ख) पास्नी**

यसलाई नेवारी भाषमा 'मचा जङ्को' भनिन्छ । छोरीलाई ५ वा ७ महिना र छोरालाई ६ वा ८ महिनामा पास्नी वा अन्न प्रशान गर्ने चलन छ । यो दिन बच्चालाई पहिलोपटक अन्नको रूपमा खीर खुवाउने चलन छ । यस अवसरमा वच्चाको मामाको तर्फबाट बच्चाको लागी पूजाको सामाग्रीको अलवा सगुन, लुगा, कपडा, सुन, चाँदीको गहना गच्छे अनुसार दिने चलन छ । पास्नीको दिन घर सफा सुग्घर गरी बेलुकी पख नजिकको नातेदारलाई बोलाएर भोज गर्ने चलन छ । त्यस अवसरमा निम्तालुहरूले बच्चाको लागि उपहार ल्याउने गर्दछन् ।

**(ग) वेल विवाह (इहि)**

नेवार जातिमा मात्र यो वेल विवाहको संस्कार पाइन्छ । अन्य जातिमा यो संस्कार गरीदैन । यसलाई नेवारीमा 'इहि' भन्दछन् । केटीहरू करीव ६ देखि ११ बर्ष उमेर पुगेपछि अर्थात रजस्वला नहुदै इहि गर्ने चलन छ । यसमा केटीहरू रजस्वला नहुदै सुवर्णकुमार वा अमर पुरुषको प्रतिक वेलसँग विवाह गराइन्छ । नारायण भगवानलाई अमर दुल्लाहाको रूपमा पाइसकेपछि नेवारी स्वास्नी मानिसको जीवनमा

आउने अमर विवाहलाई धार्मिक बन्धनको रूपमा भन्दा सामाजिक र व्यवहारीक आवश्यकताको रुपमा वढि मान्यता दिइन्छ ।

### (घ) ब्रतबन्ध

कुमार केटालाई ब्रतबन्ध गर्ने चलन सबै जातिमा पाइन्छ । नेवार जातिमा छोरा १२-१४ बर्षको भएपछि ब्रतबन्ध गरिन्छ । ब्रतबन्ध नगरेसम्म विवाह गर्न नहुने चलन देखिन्छ । ब्रतबन्ध गरीसकेपछि मात्र केटा मानिस चोखो भएको मानिन्छ । ब्रतबन्धको अघिल्लो दिन राती केटाको मामाले बालकको केशको टुप्पिको भाग छुट्टाई बाँधिदिने गर्दछन् । त्यसपछि नाइले कपाल खौरीदिन्छ, भने फूपुले कपाल थाप्ने गर्दछन् । साँझमा केटालाई मामा र फूपुको तर्फबाट सगुनको साथमा लुगा कपडा आदि उपहार दिने चलन छ । हिन्दु धर्म मान्नेहरू ब्रतबन्ध गर्दछन भन्ने बौद्ध धर्म मान्नेहरू चुडाकर्म गर्दछन् । सम्पन्न वर्गले यस दिन भोज भतेरको आयोजना गर्दछन् ।

### (ङ) गुफा राख्ने (बाह्रा तयगु)

नेवारहरूमा केटी रजस्वला हुनुभन्दा अगाडि गुफा राख्ने संस्कार सम्पन्न गरिन्छ । यसमा ११ दिनसम्म कुमारी कन्यालाई अँध्यारो कोठामा घाम र पुरुषको दृष्टिबाट लुकाएर १२ औं दिनमा विहान घाम झुल्किनु भन्दा  अगाडि नै नुहाईदिएर आँखामा पट्टि बाँधि घाम देखिने ठाँउमा सूर्यलाई फूल अक्षता चढाउन लगाएपछि पूर्वपट्टि फर्काएर उनलाई सूर्यदर्शन गराइन्छ । सूर्यको दर्शन गराईसकेपछि गणेशको दर्शन गरेर घरमा ल्याइन्छ । घरमा ल्यापछि केटीलाई सगुनको रूपमा नयाँ लुगा कपडा पैसा दिने चलन छ । यो दिन सबैलाई भोज पनि खुवाइन्छ ।

### (च) विवाह

नेवार जातिमा कुमारी कन्याको विवाह धार्मिक दृष्टिकोणले पहिलो विवाह सुर्वण कुमार अर्थात नारायण सँग भैसकेकोले यो विवाह सामाजिक दृष्टिकोणले महत्वपूर्ण मान्न सकिन्छ । साधारणतया 'लमी' मार्फत नै आफ्नो जातमा विहेको पक्कापक्कि गरिन्छ । यसै कममा विवाह हुने २ हप्ता अगाडी केटा पक्षेबाट केटीको घरमा 'लाखा' (एक प्रकारको गोलाकार मिठाई) पठाइन्छ । लाखाको साथै केटीको लागि एकजोर लुगा, सुपारी सिन्दुरको बट्टा आदि पनि पठाइन्छ । साधरणतया दुलही लिन जाने दिन दुलाहको अभिभावकले जन्ति लिएर जान्छन र दुलही लिएर आउँदछन् ।

दुलहाको आमाले दुलहीलाई घरमा भित्राउँछिन र दुलाह दुलाहीसँगै राखेर 'ब्हकेगु' भन्ने विधि गरिन्छ । नेवार जातिमा सात पुस्तापर मात्र विवाहवारी चल्दछ । कुनै केटाले आफ्नो भन्दा तल्लो जातमा विहे गरे उसको सन्तान केटीको जातमा सर्दछ र त्यो सन्तानको तल्लो जातमा विवाह चल्छ । नेवार जातिमा विवाह पछि एक आपसमा कुनै कारणले झै-झगडा वा मन नमिलेमा पारपाचुके (सम्बन्ध विच्छेद) गर्ने चलन छ । सम्बन्ध विच्छेद गर्दा दुलही पक्षबाट ल्याएको सम्पूर्ण दाइजो जुन लिखितरूपमा कागजमा लेखिएको हुन्छ त्यो फिर्ता पठाउनुपर्दछ । यस गाउँमा केही व्यक्तिहरूले मात्र पारपाचुके गरेको देखिन्छ ।[३९]

### (छ) भिमरथारोहण (जङ्को)

यो संस्कार नेवार जातिमा मात्र गरिन्छ । नेवार जातिमा वृद्धवस्थामा पुगेको पुरुष तथा महिलालाई गरीने संस्कार हो जसलाई नेवारीमा बुढा जङ्को भनिन्छ । नेवारजातीको परम्परा अनुसार बुढाबुढी जन्मेको ७७ बर्ष ७ महिना ७ दिन ७ घडि ७ पलमा पहिलोपटक जङ्को गरिन्छ । त्यस्तै दोश्रोपटकको जङ्कोलाई देवरथारोहण भनिन्छ । तेश्रो जङ्कोचाँहि ९१ वर्ष १ महिना १ दिनमा गरिन्छ । लोग्ने मरिसकेको स्वास्नीमानिसको पहिलो जङ्को ७३ बर्ष ३ महिना ३ दिन ३ घडि ३ पालको उमेरमा गरिन्छ । दोश्रो र तेश्रो उमेरमा ७ बर्षको अन्तरमा गरिन्छ ।[४०]

### (ज) अन्त्येष्टि संस्कार

नेवारी समाजमा घरमा कुनै पनि व्यक्तिको मृत्यु भएमा छिडीमा ल्याई शिरनेर दियोमा बत्ती बालि राख्दछन् र लाश उठाउने तयारी गर्दछन् । नेवारहरूमा लाश उठाई मसानघाट सम्म पुऱ्याउने र लाशलाई जलाउने कार्य सना गुठि र सी गुठी ले गर्ने परम्परा चलिआएको छ । मृतकलाई मसानघाट लैजाँदा छोरीहरू धान र पैसा छर्दै लाश अघि अघि जान्छन भने छोराहरू लाश पछि पछि जान्छन् । मसानघाटमा जेठो छोराले दागवत्ति दिइसकेपछि गुठीका गुठियारहरूले लाश जलाउँछन् । त्यसपछि विवाहित छोरीले ४ दिनसम्म र नजिकका नातेदारहरूले १२ दिनसम्म जुठो बार्दछन् ।

---

[३९] स्थलगत, अध्ययन अनुसन्धान

[४०] कृष्णलाल महर्जन, किसिपिंडी, वर्ष ८०

मानिस मरेको ४ दिनमा आफन्तहरू मिठाई, चिउरा आदि दिएर मृतक परिवारलाई सान्त्वना दिन जान्छन् जसलाई नेवारीमा 'लोचा' भन्दछन् ।

मानिस मरेको सातौं दिनमा गरिने संस्कारलाई नेवारीमा 'न्हेयनुमा' भन्दछन् र मृतकको नाममा भात चौरासी व्यञ्जनले युक्त सामागृहिरू समेत चढाइन्छ । कुशले खुवाउँदछन् र तिनीहरुलाई मृतकका पुराना कपडाहरू पनि दिन्छन् । १० दिनको दिनमा छोराले कपाल काट्दछन क्रिया बस्दछन् । १३ दिनमा 'घसु' गर्ने भन्दछन् जुठो फुकाएर भोज ख्वाउने चलन छ ।

मानिस मरेको ४५दिनमा 'लत्या' संस्कार गर्दछन् । लत्याको दिन श्रद्धा गरेर भोज खुवाउँदछन भने गुभाज (पुरोहित) ले सेतो टोपि लगाइ दिन्छन् । मरेको ६ महीनामा 'खुल्ला' र वर्ष दिनमा 'दकिला' संस्कार गर्दछन् र वर्खि फुकाउँदछन् । गुठियारलाई खुवाउँदछन् त्यसपछि प्रत्यक वर्ष मृतकको सम्भनामा गुभाजूद्वारा श्रद्धा गर्ने गर्दछन् ।

२ वर्ष पुगेपछि निरतिथि भन्ने गर्दछन् । त्यसमा बाबुको भए गोकर्ण र आमाको भए मातातीर्थमा गएर श्रद्धा गर्ने चलन पनि रहेको पाइन्छ ।[४१]

अन्त्यमा संस्कारहरु हिन्दु हरुका लागि 'आत्मा अभिव्यक्तिका' माध्यम हुन् । संस्कारद्धारा हर्ष आनन्द र दुःख व्यक्त वा प्रकट गर्न सकिन्छ । संस्कारको सांस्कृतिक महत्व संस्कार हरुको प्रयोजनमा निहित रहेको छ, भने नैतिक महत्व पनि उत्तिकै छ । यसकारण जिवनमा संस्कार अति आवश्यक छ । संस्कारले मानिसलाई शारिरीक, मानसिक र आध्यात्मिक दोषहरुलाई समाप्त गरेर नयाँ योग्यता प्रदान गर्दछ ।

[४१] श्रीकृष्ण श्रेष्ठ, बालगाउँ, बर्ष ४९

# अध्याय छ

# महादेवस्थान क्षेत्रमा पुरातात्विक महत्वका स्थल तथा सामाग्रीहरू

महादेवस्थान क्षेत्र पनि एउटा पुरानो मानव बस्तीस्थल हो । यहाँ प्राचीन कालमा गोपालहरूको राज्य रहेको कुरा यहा पाइएका अभिलेखबाट प्रमाणित भैसकेको छ । यस क्षेत्रमा विभिन्न समयमा निर्माण भएका सांस्कृतिक सम्पदाहरू हाल लोप भैसकेका छन्, भने केही भग्न अवस्थामा रहेका देखिन्छन् । हाल यस क्षेत्रमा धेरै प्राचीन मठ मन्दिर पाटी पौवाको अस्तिस्व नरहेतापनि मल्लकालिन समयसम्मका मान्न सकिने केही बाँकी छन् ।

## ६.१ तल्ले शैलीका मन्दिरहरू

मन्दिरहरू यस्ता भवन हुन जहाँ पूजा गर्ने उदेश्यले देव देवीका प्रतिमा स्थापना गर्ने गरिन्छ । शक्तिशाली समर्थवान को नाममा निर्माण गरीने देव स्थललाई सर्वसाधरण मानव निवासभन्दा वढि महत्व दिइन्थ्यो । विशिष्ट निर्माण प्रविधि र निर्माण सामागि्रको कारणले पनि यस्ता धार्मिक महत्वका भवन चिर स्थायी हुन्थे मानवले जुन कलायुक्त देवालय निर्माण गऱ्यो ती पछि गएर विभिन्न आकार र प्रकारमा विकसित भए । यसरी विभिन्न चरणमा यसको विकास एक भिन्न प्रकारको कलास्वरूप हुनगयो । जसलाई शैली वा प्रकार भनिन्छ । जसमध्ये तल्ले शैली पनि एक हो । यसलाई विद्वानहरूले प्यागोडा शैली पनि भनेका छन् । तर प्यागोडा शैलीका मन्दिरहरूमा अनेक छानाहरू भएतापनि तोरण र टुँडालको अभाव पाइन्छ । N R Banerjee ले प्यागोडालाई प्यागोडा भन्नु ठीक होइन भन्दै यसलाई EDUK वा Terraced भनेका छन् ।[४२]

वैदिककालिन अस्थायी मन्दिर वस्तुकलावाट तल्ले शैलीका मन्दिर विकसित भएका एवं यस्ता मन्दिर निर्माण गर्ने वस्तुकलाको थालनी नेपालमा नै भएको र पछि मात्र भारतमा निर्माण देखिन्छ ।[४३] तर नेपालमा यस्ता मन्दिर बनाउने कलाको

---

[४२] एन. आर. वनर्जी **नेपलिज आर्किटेक्चर,** (दिल्ली : आगमकला प्रकाशक १९३०) पृ १०७ ।

[४३] उल्फ ग्याङ कर्न **द ट्रेडिसनल आर्किटेक्चर अफ द काठमाडौं भ्याली,** (कठमाडौ : रत्न पुस्तक भण्डार , १९९३, )पृ ६६-६७ ।

उत्पति र विकास चाहि कहिले देखि भयो भन्ने कुरा हालसम्म स्पष्ट हुन सकेको छैन् ।नेपाली शैलीका मन्दिरहरू देउदेवका विकसित रूप हुन सक्दछन् ।

नेपालमा लिच्छविकाल अगाडि यस्तै देऊदेव निर्माण गर्ने प्रचलन रहेको हुन सक्दछ । विस्तारै देउदेवलाई विकसित गर्दै जाँदा तल्ले शैलीका मन्दिरहरू निर्माण गर्न लागिएका हुन् ।

अशुंवर्माको समयमा नेपालमा रहेको साततले भव्य मन्दिर युक्त दरवारको विवरण चिनिया यात्रीहरूले दिएबाट पनि तत्कालीन समयदेखिनै तल्ले शैलीका मन्दिरको निर्माण हुन लागेको स्पष्ट हुने गर्दछ । लिच्छविकालमा शुरुभएको तल्लेशैलीका मन्दिरहरू निर्माण गर्ने नेपाली परम्पराको पूर्व मध्यकालमा अत्याधिक विकास भयो । यो युगमा लेखिएको 'शिवधर्मशास्त्र' नामक ग्रन्थमा तल्ले शैलीको मन्दिरको एक चित्र पाइएको छ । जसले तत्कालका त्यस्ता मन्दिरहरूको स्वरूप प्रष्टाउने गर्दछ ।[४४]

प्रारम्भिक युगका तल्लेशैलीका मन्दिरहरू सादा थिए जसमा धेरै अलंकरण प्रयोग गरिएको थिएन, त्यस्ता मन्दिरहरूको आकारपनि त्यति ठूलो हुदैनथ्यो । तर विस्तारै देवतामाथि आकाश वा स्वर्गमा बस्दछन भन्ने भावनाले तथा देवता वस्ने घर मानवको भन्दा ठूलो हुनुपर्दछ भन्ने सोचाइबाट मन्दिरहरू अग्ला बनाउन लागिए । पछि आएर मन्दिरमा टुडाल तोरण एवं अन्य अंगहरूमा समेत विशिष्टता आएको देखिन्छ । पूर्वमध्यकालको मान्नसकिने पनौतिको इन्द्रेश्वर मन्दिरका टुँडालहरूले यस कुराको संकेत गर्दछन् ।

काठमाण्डौं उपत्यका बाहिर र उपत्यकामा मन्दिरनिर्माणको क्रममा नेपाली शैलीका नै वढी देखिन्छन् । नेपालमा निर्माण गरिएका तल्ले शैलीका मन्दिरहरू मा तल भन्दा माथिल्लो छाना क्रमशः साघूँरीदै गएको हुन्छ । नेपालमा भएका तल्ले शैलीका उत्कृष्ट मन्दिरहरू निम्न छन् ।

१) पशुपति मन्दिर, काठमाडौं

२) इन्द्रेश्वर मन्दिर, पनौति

---

[४४] पेशल दाहाल, सोमप्रसाद खतिवडा, **नेपालको कला र वस्तुकला,** (काठमाण्डौंः एम.के पब्लिशर्स एण्ड डिष्टिव्युटर्स २०५५) पृ ११३ ।

३)	चाँगुनारायण मन्दिर, भक्तपुर

४)	न्यातपोल मन्दिर, भक्तपुर

५)	भगवति मन्दिर, नाला

६)	तलेजु मन्दिर, हनुमान ढोका

७)	भिमसेन मन्दिर, हनुमान ढोका

८)	अमरनारायण मन्दिर, पाल्पा

९)	त्रिपुरेश्वर महादेव, त्रिपुरेश्वर

१०)	सर्वेश्वर (कुम्भेश्वर), पाटन

महादेवस्थान क्षेत्रमा पनि तल्ले शैलीका केही मन्दिरहरू रहेका छन् । यहाँ भएका मन्दिर कला वस्तुकलाको दृष्टिले त्यति महत्वपूर्ण नभएतापनि पुरातात्विक र ऐतिहासिक दृष्टिले महत्वपुर्ण छन् । यहाँ भएका तल्ले शैलीका मन्दिरहरू निम्न छन् ।

## ६.१.१ काली मन्दिर

महादेवस्थान वडा १ अन्तर्गत किसिपिंडी गाँउको वीच भाग लाछिटोलमा ऐतिहासिक कालीमन्दिर रहेको छ । यो मन्दिर नै यस गाँउको आकर्षक र आराध्यस्थल पनि हो । उत्तराभिमुखि नेपाली शैलीको यो मन्दिर २ तले छ । ईटा र काठको सुरुचिपूर्ण संयोजनगरी बनाइएको यो मन्दिर साधरण छ । यो मन्दिरको प्राङ्गणमा कलात्मक वस्तुहरू निर्माण गरिएका छन् । एक तहको पेटी माथि इटा र काठको प्रयोगद्धारा यो मन्दिर निर्माण  छ । मन्दिरको गर्भको वरिपरी परिक्रमा गर्न गाह्रो बाहिरबाट नै प्रदक्षिणा पथ छाडिएको छ । यो मन्दिरमा तोरण छैन् ढोका भने कलात्मक नै देखिन्छ । उत्तरतिर ३ वटा झ्याल छन् । झ्याल कलात्मक रहेका छन् । २८ वोटा साधारण टुडालहरू रहेका छन् जसले छाना अड्याउने कार्य गरेका छन् । छानाको छेउमा काठको कलात्मक Eveboard रहेको छ । २ वटा छाना रहेका छन् । पहिलोमा झिगटी लगाएको छ र दोस्रोमा धातुको पाताले छाएको छ र दोस्रो छानामा साना साना घण्टाहरू चारैतिर राखिएका छन् । तल्लो छानामा भन्दा माथिल्लो छाना धरै नै सानो छ । यो मन्दिरको छाना अलि बेग्लै चारपाटे किसिमको छ । सबै भन्दा माथि पित्तलको गजुर रहेको छ ।

यो मन्दिर ऐतिहासिक भएतापनि साधारण किसिमको देखिन्छ । प्रवेशद्धार एउटामात्र छ । यो द्धारबाट भित्र प्रबेश गरेपछि भुइतल्लामा पुगिन्छ । भुइतल्ला खाली छ त्यहाँ २ वटा रथ राखिएका छन् । जात्रको अवसरमा यि रथ प्रयोग गरिन्छ । भुइतलाबाट सानो भऱ्याङ चढेर दोश्रो तलामा पुगिन्छ दोश्रो तलाको दाँया कुनामा केहि अग्लो पेटि जस्तो वनाई त्यहि पेटिमा लहरै पित्तलका पुर्ण कद र अर्धकदका विभिन्न १३ थरि देवीदेवताका मूर्तिहरू राखिएका छन् बिचमा कालीको ६ हात भएको पूर्णकदको मूर्ति छ । त्यसैगरी गणेशको पूर्ण कदको मूर्ति छ भने अन्य मर्तिहरू भैरव, इन्द्रयाणी ब्रम्हायणी, बिष्णुदेवी, वाराही,, सिंघिनी ब्याग्रिनी, कुमारी महालक्ष्मी आदि मूर्तिहरू अर्धकदका रहेका छन् । यहाँ श्रेष्ठ थरका पूजारी छन् । हालका पूजारीका ४ भाई छन् । उनीहरूले १-१ वर्षको पालो लगाई पूजा गर्दछन् । यहाँ विहान नित्य पूजा हुन्छ ।

यस काली मन्दिरमा घोडेजात्रा र गाईजात्रामा विशेष पूजा जात्रा गरिन्छ । घोजेजात्राको अघिल्लो दिन काली मन्दिर भन्दा केही माथि भएको गणेश स्थानमा राँगा काट्दछन् र २ वटा घ्याम्पोमा जाँड पकाउँदछन यसपछि जात्रा प्रराम्भ हुन्छ । घोडेजात्राको दिन यस मन्दिरमा भएका सबै धातुका मुर्तिहरू रथमा राखेर किसिपिंडी वडा १ को कालीका स्थानमा लगिन्छ । कालीका स्थानमा लगेर त्यहाँ भएका शिलामा यी धातुका मूर्तिहरू राखिन्छ र त्यहाँ पूजा अर्चना गरिन्छ । पूजा सकिएपछि सबै धातुका मूर्तिहरू पुनः रथमा राखेर कालीका मन्दिरमा ल्याइन्छ ।

गाईजात्राको अवसरमा पनि यस काली मन्दिरमा पूजा गरी 'सा बायगु' (गोरु जोत्ने) जात्रा मनाउँदछन् । यो जात्रामा लाखे नचाई काली मन्दिर अगाडिको पोखरी वरिपरी घुमाइने गरिन्छ । यसै चाडको बेलुकी पख काली मन्दिरको अगाडि भएको पोखरीमा कुखुराको टाउको निमोठी टाउको पोखरीमा फालिन्छ । उक्त टाउको खोज्न युवाहरू पोखरीमा फाल हाल्दछन । सोही समयमा लाखेलाई वरिपरी नचाउने परम्परा छ ।

यी सवै जात्रा पर्वको लागि कालीका भैरव गुठी छ । यसको ९-१० रोपनी खेतमा गुठि छ । त्यसैको आम्दानीबाट सबै जात्रा पर्व चलाउनु पर्ने कुरा यस गुठीका

थकाली वताउनुहुन्छ ।[४५] कालीका मन्दिर पुरातत्व विभागद्धारा जिर्णोद्धार भएको हो यसको गुठीघर पनि पुरातत्व विभागले निर्माण गरीदिएको छ ।

कालीे मन्दिर परिसरमा विभिन्न देवीदेवताका मन्दिर मूर्तिहरू रहेका छन् जसमा सरस्वति, उमामहेस्वर, भगवति, वाराही, हनुमान, भिमसेन, शिवलिङ्ग स्थापना गरीएको छ । सरस्वती र उमामहेश्वर मूर्ति एउटा सानो पिठ वनाई राखिएको छ । अन्य मूर्तिहरू पनि सानो सानो मन्दिर बनाई स्थापना गरीएको छ । कैयौं मूर्तिहरूको समय अज्ञात छ केही नयाँ छन् । यसकारण यो मन्दिर परिसर एउटा सानो देवग्राम जस्तै देखिन्छ ।

## ६.१.२ चन्दनभराटेश्वर मन्दिर

महादेवस्थान वडा ४ मा पुराण प्रसिद्ध चन्दन भराटेश्वर मन्दिर अवस्थित छ । यो मन्दिरमा भएको शिवलिङ्ग प्राचीन मानिन्छ । यो शिवलिङ्ग कसरी उत्पन्न भयो र यसको के महिमा छ भन्ने सम्बन्धमा पौराणिक ग्रन्थ हिमवत्खण्डमा यस्तो वर्णन पाइन्छ ।[४६]

सह देव्या विमानेन पुरेश्वर इहागमत एतत्क्षेत्र परिम्रम्य त्रीडयन कानने गरौं ॥

संङ्गित यात्राा स चित्रादौ पुण्डफलसमाकुले, अदर्शयिद्धि रुद्रोशौ एताल्लिङ्ग च पार्वतिम॥

(हि.ख. १४० श्लो ७,८)

उहिले देवी पार्वतीका साथ भगवान शिव विमान द्धारा यस ठाँउमा आउनु भएको थियो डाँडा पाखातिर डुलफीर गर्दै लटरम्म फल-फूलले झुलेको यस रमाइलो डाँडामा पार्वतीका साथ क्रीडा गरी उनै रुद्रले यस शिवलिङ्गको दर्शन दिनु भएको हो । ब्रम्हा,विष्णु र रुद्रहरूले समेत इच्छा सिद्धि गरेको यस लिंगको महिमा पार्वतीलाई वताएर शिव अन्तर्ध्यान हुनुभयो । विमानबाट ओर्लिएर स्वंम पार्वती यहाँ एकहजार वर्ष रहनुभएको थियो । यहाँ रहुन्जेल उहाँले नवधारको मैदानमा वसि चन्दन घोटेर शिवलिङ्गमा लेपन गरी नित्य भत्तिपूर्वक पूजा गर्नुभयो ।

---

[४५] कृष्ण लाल महर्जन, वर्ष ८० कालीका भैरव गुठिका थकाली ।

[४६] रुपाखेति, **पुर्ववत्** (पादटिप्पणी संख्या ७) पृ २० ।

त्यसैले लोकले यस शिवलिङ्गलाई 'चन्दनभराटेश्वर' भनि प्रख्यात गरायो भने चन्दन घोटेको ठाँउ भएकाले यस डाँडाको नाम 'चन्दनगिरी' रहेको हो । यो शिवलिङ्ग प्राचीन भएतापनि मन्दिर चाँहि विभिन्न समयमा जिर्णोद्धार भई हालको अवस्थामा आइपुगेको हो हाल यो मदिर खुला र उज्यालो वातावरण रहेको छ ।

चन्दनभराटेश्वर मन्दिर एकतहको पेटी माथि पूर्वाभिमुख २ तले रहेको छ । यो मन्दिरको कला वास्तुकला प्राचीन देखिदैन । मन्दिर इट्टाद्धारा निर्माण  छ । एउटा मात्र प्रबेशद्धार रहेको छ चारैतिर पर्खालको सट्टा आँखिझ्याल जस्तो सजावट गराइएको छ । मन्दिरको द्धार कलात्मक देखिन्छ । तोरणको अभाव पाइन्छ । पहिले दोस्रोतलाको विचमा वाहिर पर्खालमा मन्दिरको वरीपरी नै पेटि जस्तो वनाई पहेंलो रंग लगाएर त्यहाँ सानो सानो सजावट गरीएको छ । मन्दिरको चारैतिर गरेर पहिलो तल्ला मा १२ वटा साधरण टुडाल रहेका छन् । छानाको प्रकोष्ट पनि साधारण रहेको छ । पहिलो भन्दा दोश्रो छाना सानो छ । दोश्रो तलामा पनि साधारण १२ वटा टुडाल रहेका छन् । सबैभन्दा माथि कलात्मक गजुर र त्रिशूल रहेको छ ।

पौराणिक कालदेखि नै प्रसिद्ध शिवलिङ्गको यहाँ नित्य पूजा आरती हुन्छ । यहाँको पूजारी आचार्य थरका रहेका छन् । यहाँ विशेष पूजा साउन सोमबार, भदौ कृष्ण अष्टमी, नागपञ्चमी, रामनवमी, एकादशी, तीज शिवरात्रीमा हुन्छ । तीज र शिवरात्रि मा यहाँ बिशेष पूजा उत्सब गरिन्छ ।। भक्तजनहरूको घुइचो लाग्दछ । यहाँ शिवरात्रिको दिन २ पाथि गहुँ उसिनेर राख्दछन् । र भोलिपल्ट त्यो उसिनेको गहुँ गाइलाई खुवाउँदछन्[४७] मन्दिर परिसरमा उपस्थित भक्तजनहरूलाई समयबजि वाड्दछन् । यहाँको उत्सव पर्व मनाउनेको लागि गुठी कालमोचनघाट बाट आउने कुरा स्थानीय वासी बताउँदछन् ।

यो मन्दिर परिसरमा विभिन्न देवीदेवताका मूर्ति र स-साना मन्दिर रहेका छन् । यहाँ भैरवनाथ, हनुमान कुमारी, बालकुमारी, चुन्देवी, महाकाल, कीर्तीमूख भैरव ( क्षेत्रपाल) गणेश, नाटेश्वर नारायण, तथा उमामहेश्वर श्रीकृष्ण मूर्तिहरू रहेका छन् । भौतिक सुविधामा महादेव मन्दिरको चारैतिर पर्खाल र उपासना कुटी तथा किर्तन भवनको भव्य शोभा देख्न सकिन्छ । उपासना कुटीको भित्तामा यस क्षेत्रको महत्व दर्शाउने नामसंड्किर्तन महत्व बुझाउने प्रस्तरलेखहरू रहेका छन् । यस शिव मन्दिरमा

---

[४७] तरीभाई महर्जन, स्थानिय वासिन्दा बर्ष ८४

सधै पूजा पाठ अनेक उपासना अनुष्ठान भइरहन्छन् । व्यवस्थित नित्यपूजा र भजन कीर्तन चलिरहन्छ ।

यो चन्दनभराटेश्वर मन्दिरको दक्षिण पट्टि चौसठ्ठी लिङ्ग स्थापना गरीएको छ । चौसठ्ठी लिङ्ग सिधा लाइनमा स्थापना गरीएको छ । यस्ता चौसट्ठी लिङ्ग अन्य स्थानमा पाइएको छैन, यसकारण यहाँ भएको चौसट्ठी लिङ्गको आफ्नै महत्व छ । पशुपति क्षेत्रमा कोटिलिङ्ग को स्थापना  छ ।

चन्दरभराटेश्वर मन्दिरको केही माथि मृत्युजन्य कुण्ड  (पार्वती कुण्ड) रहेको छ । परापूर्वकालमा जगतमाता पार्वतीले यस कुण्डमा स्नान गरी चन्दनभराटेश्वर महादेवको नित्य पूजा गर्ने गरेकोले यस कुण्डको नाम पार्वती कुण्ड रहन गएको कुरा नेपाल माहात्म हिमवतखण्डमा वर्णन  छ । ऐतिहासिक र धार्मिक दृष्टिले यो कुण्डको ठूलो महत्व छ ।

### ६.१.३ दुग्धेश्वर महादेवस्थान

महादेवस्थान वडा ५ मा दुग्धेश्वर महादेवको तल्ले शैलीको मन्दिर रहेको छ । अज्ञात समयदेखि शिलामा पूजा गरिदै आएको थियो । यो तले शैलीको मन्दिर पछि मात्र निर्माण गरिएको हो । एउटा आधारपेटीमाथि २ तले मन्दिर निर्माण गरिएको छ । यसमा सिमेन्ट र इट प्रयोग गरिएको छ  । चारवटा प्रवेशद्धार छन भने साना साना आँखिभ्याल चारैतिर बनाइएको छ । यस मन्दिरका २ वटा नै धातुका छाना छन् । २ वटा तलामा गरेर ८ वटा साधारण टुडाल छन् । यो मन्दिरको माथि गजुर रहेको छ ।

यस मन्दिरको गर्भ गृहमा परम्परागत शिलालाई यथावत राखेर मन्दिर भित्र पञ्चबक्क शिवलिङ्ग स्थापना गरीएको छ । नित्य पूजा आरती गरिन्छ । शिवरात्रि तीज एकादशी र अन्य पर्व विशेषमा यहाँ विशेष पूजा उत्सब र मेला हुन्छ । यो मन्दिरको बाहिर मूलप्रबेशद्धारको दाँया बाँया सिमेन्टको खम्बामा २ ओटा घण्टा राखिएको छ । यो मन्दिरलाई यस भैगकै आकर्षकको रूपमा लिइन्छ । यो मन्दिर निर्माण भएको ५ बर्ष भयो ।

### ६.१.४ कार्यसिद्धि विनायकस्थान

यो मन्दिर पनि वडा ५ मा नै पर्दछ । यो गणेश मन्दिर पनि नव निर्मित हो । २०५७ सालमा स्थानीय लक्ष्मीप्रसाद ढकालले निर्माण गर्न लगाएका हुन । यो मन्दिर पनि २ तले छ । यस मन्दिरका छाना धातुका रहेका छन् । यस मन्दिरको प्रवेशद्वार एउटा रहेको छ । स-साना आखीभ्याल छन् । मन्दिर इँट र सिमेन्ट द्वारा निर्माण गरिएको छ । मन्दिरको गर्भगृहमा कार्यसिद्धि विनायकलाई स्थापना गरिएको छ । यो मूर्ति नवनिर्मित हो । तर पनि मूर्ति आकर्षक छ । यस क्षेत्रमा एउटा नयाँ पाटी र कपुर चौतारा लगायतका नवनिर्माण पनि गरिएका छन् । यसै क्षेत्रमा स्कन्दकुमारको मन्दिरपनि निर्माण गरीएको छ । यहाँ प्रतिवर्ष मार्ग शुक्ल पञ्चमीको दिन भव्य रूपमा भजन कीर्तन रुद्राभिषेक र पूजा पाठ गर्ने गरिन्छ ।

## ६.२ शिखर शैलीका मन्दिरहरू

मानिसहरूले पूजा उपासनाको लागि देवता स्थापना गर्ने निर्माण गर्ने देव मन्दिरहरू मध्ये शिखर शैली यस्तो शैली हो । जस्को स्वरूप पहाडको चुचुरो जस्तै गरी उभोतर्फ साँगुरो र चुच्चो पर्दै गएको हुन्छ । यसले गर्दा पनि यस्तो शैलीका मन्दिरहरूलाई शिखर मन्दिर भनिएको हो । गुम्बज र घण्टाकृति शैलीलाई शिखर शैलीको अर्को रूप मान्न सकिन्छ । गुम्बज शैलीको मन्दिरको भिर्षभाग गुम्बज आकार देखिन्छ । यही आधारमा यसलाई गुम्बज शैली भनिन्छ । त्यस्तै घण्टाकृती शैलीका मन्दिरको भाग घोप्टाएका घण्टाको आकारको हुन्छ । शिखर शैलीका मन्दिरहरू तला तथा छाना नभएका मन्दिरहरू हुन ।

हिन्दुहरूले बौदिककालका ग्राम देवताको पूजा उपासना गर्न मण्डप निर्माण गर्दथे यस्तै मण्डप बस्तुकलाबाट नै शिखर शैलीको मन्दिर बन्न प्ररेणा मिलेको देखिन्छ ।[४८] शुरुमा मण्डपहरू गोला योजनाका परालले छाना छाएका एवं जमीनको भाग खुला छाडिएका हुन्थे । तर पछि गएर चारकुने वर्गाकार र आयतकार मण्डपहरू पनि बन्न लागे । जुन वस्तुकलाको विकसित रूप नै शिखर मन्दिरको वास्तुकला हो । वनर्जीले उत्तरभारतमा विकसित भएको नागर शैलीलाई शिखर शैली मान्नु भएको

[४८] उल्फ ग्याङ, **पूर्ववत** (पादटिप्पणी संख्या ४३) पृ ८८ ।

छ ।[४९] इण्डो आर्यन शैली समेत भनिने यो शैलीमा शिखर मन्दिरहरूका बीच भागमा साधरण प्रकारको गर्भगृह हुने गर्दछ भने गर्भगृहको अगाडि बरण्डा जस्तो मण्डप थपिएको हुन्छ । यस्ता मन्दिरहरूमा मण्डपहरूको संख्या अनेकौं हुन सक्छन् ।

नेपालमा शिखर मन्दिर वास्तुकलाको थालनी कहिले भएको हो भन्ने कुरा हालसम्म स्पष्ट हुन सकेको छैन । तर भारतमा इश्वि शताब्दिको सुरुवातको साथसार्थै शिखर शैलीका मन्दिरहरू बन्न थालेको पाइन्छ । भारतबर्षमा गुप्तकालीन युगमा यो निर्माण शैली लोकप्रिय थियो र भारतसित नेपालीहरूको संसर्ग आवत जावत ले गर्दा नै त्यस क्षेत्रबाट यो शैली नेपाल भित्रिएको मानिन्छ । भारतिय विद्धान निलरत्न बनर्जीले पशुपतिनाथको मन्दिर लिच्छिविकालमा शिखरशैलीमा भएको तर वि.सं. ९३६ मा यसलाई तल्ले शैलीमा परिणत गरी नेपाल संवत त्यसैको सम्फना स्वरूप चलाइएको हुनसक्ने तर्क गर्नुभएको छ ।

तर नेपालमा हालसम्म प्राप्त भएको सर्व प्राचिन शिखर शैलीको मन्दिर पशुपतिनाथको उत्तर पश्चिम प्रांगणमा रहेको एक सानो ढुङ्गैढुङ्गाले बनेको ब्रम्हाको मन्दिरलाई मानिन्छ । नेपालमा लिच्छविकालिन शिखरशैलीका मन्दिरहरू प्राप्त हुन सकेका छैनन् । तर पनि प्राचीन कालदेखि भारतमा विकसित कलाशैलीहरु नेपालमा पनि स्वत समान रुपमा प्रसारित र विकसित हुने परिपाटी भएबाट पनि नेपालमा लिच्छविकालमा शिखरशैलीका मन्दिरहरू बनेका थिए भन्न सकिन्छ ।

नेपालमा मध्यकालदेखि अनेक प्रकारका शिखरशैलीका मन्दिरहरू निर्माण गरिए । जुन हालसम्म नेपालका विभिन्न भागमा पाउन सकिन्छ । मध्यकालका शिखर मन्दिरलाई मुगल राजपुत शैलीले पनि प्रभाव पारेको देखिन्छ ।[५०] शिखरको माथिल्लो भाग गुम्बज बनाउने परम्पराले समेत यसै युगमा प्रश्रय पाएको थियो । महाबौद्ध र पाटनका कृष्ण मन्दिर यसै युगमा अति विशिष्ठ मन्दिरहरू हुन । शिखर शैलीका उत्कृष्ट नमूनाको रूपमा निम्न मन्दिरहरूलाई पनि लिन सकिन्छ ।

१. पशुपति प्राङ्गणमा रहेको ब्रम्हाको मन्दिर

---

[४९] वनर्जी, **पूर्ववत** (पादटिप्पणी संख्या ४२) पृ ६३-६४ ।

[५०] दाहाल खतिवटा, **पूर्ववत,** (पादटिप्पणी संख्या ४४) पृ १३२ ।

२. पाटन कृष्ण मन्दिर

३. पाटनको च्यासिदेग

४. पाटनको महाबौद्ध मन्दिर

५. स्वयम्भुको प्रतापपुर र अनन्तपुर

६. भक्तपुरको वत्सलादेवी मन्दिर

७. जनकपुरको जानकी मन्दिर

८. पाल्पा, रिडीको ऋषिकेश मन्दिर,

शाहकालमा आएर पनि शिखरशैलीका मन्दिरहरू बनेका छन् । जसमा रणबहादुर शाहको शासन कालमा निर्मित गुम्बज शैलीकोमन्दिरहरूमा टुँडिखेल स्थित जगन्नाथ मन्दिर उनकै शासनकालमा भिमसेन थापाले बनाएको धरहराको भिमभत्तेश्वर र माथवरसिहं थापाको प्रधानमन्त्रित्व कालमा बनाएको टेकुको भिमभत्तेश्वर पुरानो भन्सारको रणमुत्तेश्वर आदि मन्दिरहरू प्रख्यात छन् ।[५१]

काठमाडैं जिल्ला अन्तर्गत महादेवस्थान गा.वि.स. मा पनि केही शिखर शैलीका मन्दिरहरू रहेका छन् । यी मन्दिरहरू राष्ट्रियस्तरमा त्यति चर्चित नभएतापनि स्थानीय स्तरमा महत्वपूर्ण नै रहेका पाइन्छन् । ती निम्न छन् ।

## ६.२.१ राधाकृष्ण मन्दिर

किसिपिंडी वडा २ को दक्षिण भेग वा मातातीर्थ जाने बाटोमा शिखर शैलीको राधा कृष्ण मन्दिर छ । यो मन्दिर गुम्बज शिखर शैलीको देखिन्छ । यो मन्दिर २०५३ सालमा मात्र स्थापना गरिएको हो । साधारण ३ तहको पेटी माथि वा आधारपेटीमाथि यो मन्दिर बनाइएको छ । इँटा र सिमेन्ट द्धारा निर्मित यो मन्दिरमा एउटा मात्र प्रवेश द्धार रहेको छ । यो मन्दिरको पहिलो तलामा चारैतिर साना साना गुम्बजकार मन्दिरको आकृति निकालिएको छ । यी सबैको माथि गजुर र छत्र राखिएको छ । यो मन्दिर सानो चिटिक्क परेको छ ।

---

[५१] जगदीशचन्द्र रेग्मी, zfxfsfnLg snf / jf:t'snf, (ललितपुरः साझा प्रकाशन वि.सं. २०३२) पृ १७३-२०९ ।

यस मन्दिर भित्र २ जोडि राधा कृष्णका मूर्ति रहेका छन्. । यहाँ राधा कृष्णका मूर्ति स्थापना गर्ने योजना अनुसार मन्दिर र मूर्ति निर्माण गर्दै गर्दा कुनै श्रद्धालु भक्तले थप राधा कृष्ण मूर्ति उपलब्ध गराईदिएकाले दुई जोडि राधाकृष्ण मूर्ति स्थापित हुन पुगेको हो । यहाँ भाद्र कृष्णजन्माष्टमीमा विशेष पूजा गरी मेला भरिन्छ भने अन्य विशेष उत्सबमा पूजा आरधना र भजनकीर्तन आदि धार्मिक कार्यहरू चलाउने चलन छ ।

## ६.२.२ चम्पेश्वर मन्दिर

यो मन्दिर मातातीर्थ वडा ३ मा पर्दछ । पवित्र स्थान मातातीर्थ कुण्ड परिसरभित्र आमाकुण्ड सँगै यो मन्दिर रहेको छ । एकतहको पेटीमाथि सानो शिखर शैलीको मन्दिर छ । यस मन्दिरको चारैतिर गुम्बज आकारका प्रवेशद्धार रहेका छन् । प्रवेशद्धार खुला छन् ढोका छैन । माथि घण्टा घोप्टाएको जस्तो छ । माथि सानो गजूर रहेको छ ।

यस सानो मन्दिरभित्र जलहरीसहितको शिवलिङ्ग रहेको छ । यसलाई चम्पेश्वर शिवलिङ्ग भनिन्छ । यसलाई किन चम्पेश्वर भनियो प्रष्ट छैन सायद कुनै व्यक्तिको नामबाट स्थापना गरिएको हो कि भन्ने भनाई पाइन्छ । स्थानीय बासिन्दा चम्पेश्वर महादेव भनि पूजा आजा गर्दे आएका छन् यहाँ साउनको सोमबार, एकादशी, शिबरात्री र मातातीर्थ औंशमा बिशेष पूजा गरी मेला भर्दछन् ।

## ६.३.३ मातुलेश्वर मन्दिर

यो मातुलेश्वर मन्दिर पनि मातातीर्थ वडा ३ अन्तर्गत नै पर्दछ यो मन्दिर केही बर्ष अगाडि बनाइएको हो । गुम्बजआकारको सानो चिटिक्क परेको छ । यसको चारैतिर साना-साना फलामको ढोका राखिएको छ । यो मन्दिर पनि सिमेन्ट र इँटाद्धारा नै बनाइएको छ । यो मन्दिरको मुख्य प्रवेशद्धार अगाडि एउटा सानो बसाह राखिएको छ । त्यति बसाहको तल पदपिठमा अस्पष्ठ अक्षरमा मातुलेश्वर भनि कुदिएको छ ।

यो मन्दिरभित्र जलहरी सहितको चतुर्मुखि शिवलिङ्ग स्थापना गरिएको छ । यो शिवलिङ्ग अज्ञात समयदेखि चउरमा त्यत्तिकै थियो । यसमा भएका मुखहरू सबै खिइएका छन् केहि चिनिदैन केवल आकार मात्र देखिन्छ । केहि बर्ष अगाडि यहाँ मन्दिर वनाई जलहरी सहित शिवलिङ्ग स्थापना गरीएको हो । यहाँ पनि साउनको

एकादशी तीज, शिवरात्री मा विशेष पूजा उत्सब गरिन्छ । अघिपछि सामान्य पूजा आरती गरिन्छ ।

यसै मातुलेश्वर मन्दिरको अलि माथि अर्को सानो शिखरशैलीको मन्दिर रहेको छ यो मन्दिर बाहिरबाट हेर्दा निकै आकर्षक छ यस मन्दिरको वरिपरि नागपास देखिन्छ । यो मन्दिर पनि केही बर्ष अगाडि गुम्बज शैलीमा निर्माण गरिएको हो । यसको माथि गजुर रहेको छ ।

यस मन्दिर भित्र निकै आकर्षक र पुरानो लाग्ने जलहरी सहितको शिवलिङ्ग स्थापना गरिएको छ । यसको नाम र समय अज्ञात छ । यहाँ पनि शिवरात्रि, एकादसी, तीज साउन सोमबार बिशेष पूजा गरिन्छ । यो मन्दिरको अगाडि बसाह रहेको छ जसको टाउको भाँचिएका छ ।

## ६.३ शक्तिपीठहरू

मातृशक्तिको उपासनको परम्परा ज्यादै प्राचीन मानिन्छ । ऋगवेदमा देवीसुत्त, रात्रीसुत्त तथा श्रीसुत्तको उल्लेख छ ।[५२] पूर्व र मध्ययुरोपमा पूर्व पाषणकालका हड्डी र हस्तीदन्तबाट बनेका नारी आकृतिहरू प्राप्त छन् । यी नारी आकृतिहरूको शारीरिक शिल्प र बनोटको शैलीलाई हेर्दा यिनीहरूको निर्माण कर्ताले प्रजनन् देवीका रूपमा यी नारी आकृतिहरू लाई अंकित गरेको देखिन्छ ।[५३] मोहन्जोदडो र हरप्पबाट प्राप्त माटाका शिलछापमा अंकित नारी चित्र र स-साना मूर्तिहरूले मातृशक्तिको रूपमा उपासनको उदाहरण दिन्छन् ।[५४] तर पनि वेदमा देवीहरूको महत्वपूर्ण स्थान थिएन मातृशक्तिको पूजाको प्रारम्भ सिन्धुघाँटीको सभ्यतामानै भैसकेको कुरा पुष्टि हुन्छ ।[५५]

महाभारतमा दुर्गादेवीको स्तुति गरिएको उल्लेख विराट पर्व र भीष्म पर्वमा वर्णन गरिएको छ । त्यसैगरी रावणसित विजय प्राप्त गर्नको निम्ति रामले दुर्गाको उपसना गरेका र विजयादशमी को दिन युद्धमा विजय भएको कुरा पुराणमा वणित

---

[५२] मोहन प्रसाद खनाल, **नेपाली कला,** (ललितपुर : साभा प्रकाशन, २०५२) (त्रिग्वेद १०/१२५ /१-८) पृ १६० ।

[५३] क्षेत्रि खतिवडा, **पुर्ववत** (पादटिप्पणी संख्या ३८) पृ ९३ ।

[५४] **ऐजन,** पृ ९३ ।

[५५] वीण पौड्याल, **नेपली मूर्तिकला र चित्रकला** ( कीर्तिपुर : नेपाली इतिहास संस्कृति तथा पुरातत्व केन्द्रिय विभाग त्रि.वि.२०५७) पृ १३५ ।

छ । त्यसैगरी विष्णु, पुराण, वायु पुराण, हरीवशं पुराण, मार्कण्डेय पुराणमा पनि शक्तिको महत्व र व्यापकतालाई उल्लेख गरीएको छ । पुराण ग्रन्थहरूमा शक्ति रूपा देवीलाई विभिन्न नामले पुकारीन थालीयो तर कालान्तारमा देवीका विभिन्न नामहरूले देवीको एउटै रूपलाई प्रतिनिधित्व गरेको मानिन थालीयो र दुर्गाका रूपमा उनको स्वतन्त्र उपासना प्रारम्भ भयो । देवी वा शक्तिको मर्यादा क्रम सबभन्दा माथि हुन पुग्यो । पुराणकालीन युगसम्म देवीको उपासना व्यापकरूपमा हुन थालि सकेको थियो ।[५६]

नेपालमा शाक्त धर्म अति प्राचीनकालदेखि विकसित भएका प्रमाणहरू पाइन्छन् । देवी भागवतमा नेपालमा गुह्यकाली महास्थान प्रतिष्ठित छ भनिएको छ । ( गुहकाल्या माहास्था नेपालेयत प्रतिष्ठात्म्) यसैगरी वायु पुराणमा पनि नेपाल पीठ भनेर उल्लेख गरेको पाइन्छ । स्वयम्भू पुराणमा समेत मंजुश्रीले महाचीनबाट आई आफ्ना २ शक्ति 'ध्यानोच्य' र 'फुलोच्य' गिरीमा स्थापित गरेको चर्चा छ । यस पुराणले मंजुश्रीको कथासँगै नेपालमा शक्तिपूजाको परम्परा तर्फ पनि संकेत गर्दछ । स्कन्द पुराणले गुहेश्वरीमा सतीदेवीको गुह्पतन भएको कथा वर्णन गरेको छ । नेपालमा शाक्त धर्मको प्राचीनता चानचुन इशाको तेस्रो देखि पाँचौ शताब्दी सम्म पुग्छ ।[५७] तर पुरातात्विक प्रमाणहरूलाई आधार मानेको खण्डमा नेपालमा शाक्त धर्मको प्राचीनता ई.पु का युगहरूसम्म पुगेको प्रमाण पाइन्छ । नेपालको तराईक्षेत्रमा पर्ने वञ्जाराहिको पुरातात्विक उत्खनन्मा हातद्धारा निर्मित माटाको एउटा स्त्रीको मुखौटी प्राप्त भएको छ । जसलाई पुरातत्वविद S.B Deo ले भु-देवी को मुखौटि मान्दै यस मुखौटिको समयलाई इ.पु तेस्रो शताब्दी तिरको मानेका छन् । यसैगरी कपिलबस्तुको उत्खननमा माटाका स्त्री मूर्तिहरू र मूर्तिका टुक्राहरू फेला परेका छन् जसलाई बाबु कृष्ण रिजालले पूर्व मैर्यकालीन 'लक्ष्मी' वा देवीका मूर्तिहरू मानेका छन् ।[५८]

---

[५६] क्षेत्रि खतिवडा, **पुर्ववत** (पादटिप्पणी संख्या ३८) पृ ९५ ।

[५७] **ऐजन**, पृ १०७ ।

[५८] बाबु कृष्ण रिजाल, **आर्कोलोजिकल रिमेन्स अफ कपिलबस्तु, लुम्बिनि एण्ड देवदह,** (काठमाडौं : एजुकेसन इन्टरप्राईजेज लिमिटेड १९७९) पृ ४४-४५ ।

त्यसैगरी लैनसिहं बाङ्गदेलले इ. पु. प्रथम शताब्दीतिरको मूर्ति मान्नुभएको छ ।[५९] यी प्रमाणहरूको आधारमा नेपालमा इ. पु को युगदेखि नै शक्तिपीठहरूको पूजा उपासना गर्ने परम्परा रहेको स्पष्ट हुन्छ ।

काठमाडौं उपत्यका भित्र पनि शक्तिको उपासना गर्ने परम्परा इ.पु का युगहरूताका नै भैसकेको प्रमाण पाइन्छ । यसै सन्दर्भमा लैनसिहं बाङ्गदेलले पाटन च्यासल हिटिको गजलक्ष्मीको मूर्तिलाई प्रथम शताब्दिको मान्नु भएको छ ।[६०] यसप्रकार काठमाडौं उपत्यकामा पनि शक्ति , उपासनाको परम्परा निकै प्राचीन देखिन्छ ।

राजा मानदेव भन्दा अगाडिको शास्त धर्मसँग सम्बन्धित कुनैपनि अभिलेखहरू फेला परेका छैनन् । यसकारण शिलालेखको माध्ययमबाट नेपालमा शात्त सम्प्रदायको त्यति महत्वपूर्ण स्थान देखिदैन तर अरु साक्ष्यहरूको आधारमा भने नेपाल एक प्रख्यात शक्तिपीठ थियो भन्ने कुरा थाहा पाइन्छ ।[६१]

मानदेवको शासनकालभन्दा अगाडिको समयमा निर्मित अनेकौं मातृकाका मूर्तिहरूको उल्लेख बाङ्गदेलले गर्नुभएको छ ।

१. पाटन च्यसालहिटिको गजक्ष्मीको मूर्ति (प्रथम शताब्दी )
२. हौगलबहालको मातृकाको मूर्ति (इ. दोश्रो शताब्दी)
३. केलाटोलको मातृका मुर्ति (ई. दोश्रो, तेश्रो शताब्दी)
४. चाँगुनारायण शप्तमातृका मूर्तिहरू (ई. दोश्रो शताब्दी)
५. बंगलामुखिका मन्दिरमा भएका सप्तमातृका (ई.तेश्रो शताब्दी)
६. बल्खुका सप्तमातृकाका (इ दोश्रो शताब्दी)
७. कीर्तिपुर गणेश मन्दिरका सप्तमातृका मूर्तिहरू (ई. तेश्रो, चौथो शताब्दी)
८. जयवागेश्वरीका शप्तमातृकाका मूर्तिहरू

[५९] लैनसिंह बाग्देल, **प्राचीन नेपाली मूर्तिकलाको इतिहास,** ( काठमाडौं : नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान २०३९) पृ २७ ।

[६०] **ऐजन** पृ २६ ।

[६१] जगदिश चन्द्र रेग्मी, **नेपालको धार्मीक इतिहास,** (काठमाडौं : रत्नपुस्तक भण्डार २०३९) पृ १६८ ।

९. मालीगाउँ भिंछेबहाल र सुवालहिटी आदि क्षेत्रमा पाइएका मातृकाका मूर्तिहरू । [६२]

यिनै मातृकाका मूर्तिहरू प्राप्त भएबाट उपत्यकामा मातृकागणको पूजा आरधनाको व्यापकता अनुमान गर्न सकिन्छ । पलान्चोक भगवतीको संवत ४२५ मिति भएको मूर्ति नै लिच्छवीकालको पहिलो मिति भएको देवीको मूर्ति हो ।[६३] यो अभिलेख अनुसार राजा मानदेवको पालामा विजय स्वामिनिले भगवती 'विजयश्वरी देवी' को मूर्ति स्थापित गरेकी थिइन । पलाञ्चोक भगवतीको नामबाट चिनिने उक्त विजयश्वरी देवीको मूर्ति अद्यपि छदैछ । यस बाहेक इ. को आठौ शताब्दितिरको जयदेवको च्यासटोल अभिलेखमा 'दशमीगोष्ठी' को चर्चा परेको पाइन्छ । जसले लिच्छवीकालमा दुर्गापूजा वा दशैं चाड प्रचलित रहेको संकेत गर्दछ । अशुंवर्माको हाँडिगाउँको अभिलेखमा 'षष्टीदेवी' को मन्दिरको खर्चका निमित्त केही आर्थिक सहयोग दिएको चर्चा परेको छ ।[६४] यस चर्चाले अशुंबर्माको समयमा समेत शाक्त धर्मको प्रचलन रहेको कुरा स्पष्ट गर्दछ ।

यसरी लिच्छवि कालमानै प्रचलित शक्तिपूजा मल्लकालमा निकै व्यापक भएको देखिन्छ । मल्लकालमा मातृकागणको पूजा विभिन्न संख्यामा गरिन्थ्यो ।[६५] शिलालेखमा उल्लेख भएको दृष्टिले मध्यकालपछि शाक्त सम्प्रदायले राम्रो स्थान पाएको देखिन्छ । नेपाल संवत ३४६ को द्यौपाटन अभिलेखमा छ । जसमा महागौरीको मूर्तिको स्थापना गरिएको कुरा लेखिएको छ ।[६६]

मल्लकालमा नेपालमा शाक्त धर्मको चरकम उत्कर्ष स्वरूप सप्तमातृका, अष्टमातृका, नवदुर्गा, दशमहाविद्या, काली, चामुण्डा, तुलजा भवानी लगायत बज्रयान बौद्ध सम्प्रदायसँग सम्बन्धित विभिन्न ताराहरू भैरवी, महाभैरविहरू, योगनी, बज्रयोगिनी, बज्रबाराही स्थापना गरिए । त्यस्तै स्थानीय उत्पत्तिका अनेकौं

---

[६२] बाङ्गदेल, **पुर्ववत** (पादटिप्पणी संख्या ५९) पृ ४२-५३ ।

[६३] धनब्रज बर्जाचार्य, **लिच्छविकालका अभिलेख,** (कीर्तिपुर : नेपाल एसियाली अनुसन्धान केन्द्र त्रि.वि. २०३०) पृ ६७ ।

[६४] रेग्मी, **पूर्ववत** (नोली पृ ४९) (पादटिप्पणी संख्या ६१) पृ १६७

[६५] पौड्याल, **पुर्ववत** (पादटिप्पणी संख्या ५५) पृ १३६ ।

[६६] रेग्मी, **पुर्ववत** (पादटिप्पणी संख्या ६१) १६७ ।

अजिमाहरूको पूजा उपसनाको व्यापक प्रचलन रहेको प्रमाणको रूपमा त्यसताका बनेका र थपिएका अनेकौ मूर्ति पीठ थान र देउछेउका साथै मल्लकालका अभिलेखहरू मा परेका विवरणहरूले प्रमाणित गर्दछ । कान्तिपुरका अष्ठकालीका, पाटनमा अष्ठकुमारी र भक्तपुरमा अष्ठमातृकाको पूजा गर्ने प्रचलन मल्लकालमा बढि थियो ।[६७] अठारौ शताब्दिमा जयप्रकाश मल्लले जिवित कुमारीहरूलाई शक्तिको रूपमा पूजा गर्ने परम्परा बसाएको पाइन्छ । मल्लकालीन मुद्राहरूमा पनि शाक्त धर्मको प्रभावका कारणले 'श्रीकुमारी' 'श्री तलेजुमाजु' 'श्री श्री श्री हरिसिद्धि' अभिलेख पाइन्छन् भने कतिपय मुद्राहरूमा देवीका आयुधहरू र आवरणसहितको खड्ग अंकित गरिएको पाइन्छ । मध्यकालमा उपत्यकामा र उपत्यका बाहिर पनि शाक्त धर्मको प्रभाव प्रचुरमात्रमा परेको पाईन्छ । पृथ्वी नारायण शाहको एकिकरण भन्दा अगाडि छरिएर रहेका सबै स-साना राज्यहरूमा एकनास रूपमा देवी पूजा को प्रचलन रहेको थियो ।

महादेवस्थान गा.वि.स. क्षेत्रमा पनि विभिन्न प्राचीन शक्तिपीठहरू रहेका छन् । जसमध्ये थानकोटको महालक्ष्मी मन्दिर मध्यकालमा गुणकामदेवले कान्तिपुरको वरिपरी अष्टामातृककाहरूको स्थापना गराउने क्रममा स्थापना गरेका थिए । हाल यो मन्दिर थानकोट गा.वि.स.अन्तर्गत पर्दछ । महादेवस्थान गा.वि.स.मा भएका प्रमुख शक्तिपीठहरू निम्न छन् ।

### ६.३.१ कालीकास्थान

महादेवस्थान गा.वि.स. को किसिपिंडी वडा १ मा कालीकास्थान रहेको छ । किसिपिंडी गाँउको उत्तरपट्टि त्रिभुवन राजपथ जाने मुलसडकको उत्तरमा पर्दछ । यो कालिकास्थानलाई नेवारीमा (पिंग) भनिन्छ । कालीकास्थान सानो कम्पाउन्ड घेरिएको पश्चिम विमुख छ । यहाँ मन्दिर छैन् केवल कलात्मक तोरण राखि सानो पीठ बनाइएको छ । तोरणमा आकर्षक मूर्तिहरू विभिन्न आसनमा रहेका छन् । तोरणमा गजुर जस्तो निकालि त्यहाँ पनि मूर्तिनै उत्किर्ण गरीएको छ । कालीपीठको परिसरमा ढुङ्गा बिच्छ्याइएको छ । यस कालीपीठको दाँयाबाँया २ वटा सिंह आकर्षक रूपमा कलात्मक ढुङ्गामाथि राखिएको छ । यस कालीकास्थान को गर्भगृहको वीचमा मुख्य देवीको प्रतिक ठूलो ढुङ्गा र दाँयाबाँया अलि स-साना ढुङ्गा विभिन्न देवीलाई बुझाउने ढंगले स्थापित छन् । यहि कालिकास्थानमा घोडेजात्रा को अवसरमा धातुका मूर्तिहरू

[६७] क्षेत्रि, खतिवडा, **पुर्ववत** (पादटिप्पणी संख्या ३८) पृ ११० ।

राखि पूजा गरिन्छ र यहि प्राङ्गण बाट पुन मूर्तिहरू रथमा राखेर रथजात्रा गरिन्छ । कालीकास्थानमा विधिवत पूजा वली गरिन्छ । यस स्थानमा विभिन्न पर्व विशेषमा पूजा वली दिएर यसै स्थानमा वसेर भोज खाने पनि गर्दछन् ।

कालिकास्थानको मुल गेट अगाडि चौर छ त्यही चौरनिर किसिपिंडी गाउँका बासिन्दाहरूको दाहासंस्कार गर्ने चिता (दीप) बनाइएको छ । मलामीको सुविधाको लागि त्यहीँनिर एउटा सानो पाटी पनि बनाइएको छ । किसिपिंडी गाँउका नेवार समुदायको यहि अन्तिम संस्कार गर्दछन् ।

## ६.३.२ बालागाँउ महालक्ष्मी

महालक्ष्मीलाई अष्ठमातृका अन्तर्गत मानिन्छ । पूर्वमध्यकाल र मध्यकालमा पनि मातृकाहरूको उपासना गर्ने प्रचलन नेपालमा कायमै थियो सप्तमातृकामा महालक्ष्मीलाई थपेर अष्ठमातृका बनाइएको पाइन्छ । महालक्ष्मीलाई चार देखि १८ हातसम्म भएकी बिष्णुको बाहान र रुद्रका आयुधहरू बोकेको अवस्थामा प्रस्तुत गरिन्छ ।

बालागाँउ महालक्ष्मी वडा ३ बालागाँउमा रहेको छ । यो मातातीर्थ जाने बाटाका छेऊमा पश्चिम पट्टि पर्दछ । देवीस्थान सामान्य पर्खालले घेरिएको छ । । प्रवेशद्धारमा निकै आकर्षक सिंह सिंहिनी रहेका छन् । महालक्ष्मीस्थान सानो छ पीठ कलात्मक छोटा छोटा ३ वटा प्रस्थर स्तम्भ सहित चिटिक्क परेको गुम्बज आकारभित्र रहेको छ । यहाँ महालक्ष्मीको मुर्ति नभई शीला रहेका छन् । मुख्य देवी महालक्ष्मीलाई बुझाउने ठूलो शिला र अन्य देवीका प्रतिक अलि साना शीला रहेका छन् । त्यहि शीलामा पूजा अर्चना गर्दछन् । छोटा छोटा प्रस्तर स्तम्भ मध्ये वीचकोमा उड्नलागेको गरुढ कुँदिएको छ भने २ वटामा छेपुले नाग समातेको कुदिएको छ । यहाँ महालक्ष्मी पीठसँगै सानो पाटी पनि छ ।

यहाँ बालगाँउ महालक्ष्मी जात्रा भनिने एक शरत्कालिन जात्रा प्रचलित छ । कार्तिक सकिमना पुन्हिका दिन सम्पन्न गरिने यस जात्रामा बालागाँउ गणेश, बालागाउँ महालक्ष्मी र वनमहालक्ष्मी को रथयात्रा हुन्छ । ३ वटा नै देवदेवीका भिन्न भिन्नै ३ ओटा सजाइएका रथमा धातुमूर्तिहरू राखेर बाजागाजा सहित बालगाँउलेहरू यात्रा उत्सब मनाउँदछन् ।

### ६.३.३ अकलादेवी मन्दिर

अकलादेवी मन्दिर वडा ५ इटाखेलमा पर्दछ । यहाँ परम्परागत रूपमा स्थानीय वासिन्दाहरूले पूजा आरधना गरी आएकी अकलादेवीको पीठ रहेको छ । यहाँ २०५४ सालमा मन्दिर बनाइएको छ । यहाँ प्रत्येक बर्ष मंसिरको तेश्रो शनिबार अकलादेवी गुठिको आयोजनामा बार्षिक पूजा सम्पन्न गर्ने गरिन्छ ।

### ६.३.४ इटाखेल भगवती

वडा ५ अन्तर्गत त्रिभुवन राजपथको छेउमै नवनिर्मित भगवती मन्दिर रहेको छ । २०३९ सालमा स्थानीय श्रद्धालु जनसमुदाय तथा स्थानीय प्रहरीको संयुक्त सहयोगमा यो भगवती मन्दिर निर्माण गरिएको हो । यहाँ स्थापित भगवतीको आकर्षक शीलामूर्ति महिसमार्दिनी पलान्चोक भगवतीको प्राचीन मूर्तिसँग हु बहु मिल्ने गरी कुँदिएको छ ।

यस शक्ति पीठमा नित्य पूजा आरती हुन्छ । बडा दशैको अवसरमा स्थानीय श्रद्धालु र प्रहरी चौकिको तर्फबाट विशेष पूजा गरिन्छ ।

### ६.३.५ सन्सारी देवी

संसारी देवीस्थान वडा ६ महाँकाल पाखामा पर्दछ । स्थानीय वासिन्दाहरूले स्थापित देवीका रूपमा अज्ञात समयदेखि पूजा आराधना गर्दै आएको देखिन्छ । यहाँ पहिला यत्तिकै शीलामा पूजा गरीन्थ्यो भने २०५४ सालमा घुम्ने पर्खाल सहित यस देवीस्थानको निर्माण गरीएको छ । संसारी देवीको बार्षिक पूजा असारमा गरिन्छ ।

### ६.३.६ वन्देवी स्थान

वन्देवी स्थान पनि वडा ६ अन्तर्गत पर्दछ । गुर्दम डाँडाको फेदीमा एउटा ठूलो चिलाउनेको रुख र अर्को लाकुरीको रुखको छाहारीमा वन्देवी स्थान रहेको छ । स्थानीय वासिन्दाले वन्देवीको रूपमा पूजा आराधना गर्दे आएका छन् । २०५१ सालमा स्थानीय व्यक्तिले पुनर्निर्माण गरेका छन् । वन्देवीको वार्षिक पूजा मंसिरमा गरिन्छ । यसको लागि व्यवस्थित गुठी पनि रहेको छ ।

### ६.३.७ ज्वालादेवी मन्दिर

ज्वालादेवी वडा ९ अन्तर्गत वाणस्थलिमा पर्दछ । ज्वालादेवीको पीठ वरिपरी पर्खाल लगाएर बनाइएको छ । यहाँ मूर्तिनभै शीला रहेका छन् । त्यहि शीलामा ज्वालादेवीको पूजा गरिन्छ । मन्दिर अगाडि २ ओटा सिंह रहेका छन् । यहाँ बेलाबेलामा जिर्णोद्धार हुर्दै आइरहेको छ । ज्वालादेवीको सम्बन्धमा यहाँको जनाश्रृति यसप्रकार छ ।

अनुमानित १२५ बर्ष अघि द्यौतावस्तै गरेको एक झाँक्रि यहाँ आएर घोप्टो परेको रहेछ । 'मगरहरूको देउता' भनेर पुज्दै आएको यहाँ एउटा शीला थियो सो घोप्टिएको झाँक्रि शीलालाई संकेत गर्दै "म ज्वालादेवी हुँ मलाई सुनापंखिको भोग चढा" भनेर कामिरहेको देखियो ।[६८]

गोरखाका कुटे कुवँर थानकोट इमाखेलमा बस्दथे । उनी कामबिशेषले सेती अञ्चल बझाङ पुगेको बेला सपनामा यिनै ज्वाला देवीले यसो भनिन् -' म वाणस्थलीको ज्वालादेवीको पूजाआजाको राम्रो व्यवस्था गर ।' गोरर्खाली मूलका इमाखेलका बासिन्दा तिनै कुटेकुँवर भन्ने व्यक्तिले ज्वालादेवीका पूजाआजाको वन्दोवस्त मिलाएको र उनैले २ सिह मन्दिर बाहिर राखिदिएको कुरा वाणस्थलीका वुढापाकाहरू गर्दछन् ।[६९]

ज्वालादेवी मन्दिर जिर्ण भएपछि २०३७-३८ सालतिर तीनतिर घेरेर देवीथान बनाइएको छ । उल्लेखित २ सिंह यथावत राखिएको छ । संवत १९९४ सालमा पनि सुधार मर्मतट गरेको कुरा यहाँ भएको शिलालेख मा उल्लेख छ । यहाँ अघिपछि सामान्य पूजा अर्चना भएपनि बार्षिक पूजा प्रतिवर्ष मंसिरको अन्तिम शनिवारको दिन सम्पन्न गर्ने चलन छ । यसदिन स्थानीय बासिन्दाहरू देवदेवी मन्दिरमा बाजागाजा सहित पूजा आरधना गर्दछन् । यस उपलक्ष्यमा आफन्तहरूलाई बोलाएर भोज खाने चलन पनि चलिआएको छ ।

## ६.४ अन्य मन्दिरस्थलहरु

यस गा.वि.स. मा यी बाहेक अन्य पनि विभिन्न देवतासँग सम्बन्धित मन्दिर तथा स्थान रहेका छन् ।

---

[६८] रुपाखेति, **पुर्ववत** (पादटिप्पणी संख्या ६) पृ ६० ।

[६९] शोणित प्रकाश खड्का, स्थानिय बासिन्दा वर्ष ६३ ।

### ६.४.१ महाँकालस्थान

हिन्दु तथा बौद्ध धर्मालम्वीहरु ले उपासनागर्ने उग्र तथा तान्त्रिक देवता महाकाल प्रतिमा शास्त्रमा डरलाग्दो स्वरूपमा प्रस्तुत गरिन्छ । हिन्दुहरू शिवको उग्ररूप भैरवको रूपमा र बौद्धमार्गीहरूले बज्रक्रोधएवं वज्रसाधु गरी २ रूपमा महाँकालको पूजा उपासना गर्दछन् ।[७०]

महादेवस्थानको इटाखेल वडा ६ अन्तर्गत महादेवस्थान रहेको छ । महाँकालदेव विशाल सुगठित प्रस्थर खण्डमा एक भीमकाय आकारमा देखिन्छन् । यहाँमन्दिर छैन् । केवल हिमश्रृंखला झैं महाँकालदेवको अमूर्त मूर्तिको वरीपरी सेता टाकुरा वनाएर मन्दिरको परिकल्पना गरेका छन् यही सेता तहहरू बीच महाँकाल भैरवको बार्षिक पूजा जेठमा हुन्छ । यसका लागि व्यवस्थित गुठी पनि रहेको छ ।

महाँकाल भैरबको पश्चिम दक्षिणपट्टि एउटा घोप्टो आकारको ढुङ्गा छ, यसलाई भण्डार ढुङ्गो भनिन्छ । उहिले यहाँ स्थानीय बासिन्दाका लागि जे जस्ता भाँडाकुडाँ चाहिए पनि महाँकाल स्थानमा आएर नियम पूर्वक लैजाने चलन थियो । कालान्तरमा कुनै लोभि मानिसले नियम पूरा नगरी भाँडाकुँडा ठीक किसिमले त्यहाँ नबुझाएपछि यो भण्डार बन्द भएको हो भन्ने किम्बदन्ती रहेको छ । पर्वविशेषका लागि आवश्यक भाँडाकुडाँ मिल्ने भण्डारको विर्को मानिने सो भण्डार ढुङ्गा अहिलेपनि धातुको बाक्लो भाँडा झै टिङ टिङ बज्दछ ।[७१]

### ६.४.२ नारायणस्थान बालागाँउ

बालागाँउको पश्चिमपट्टि वडा ३ गाँउको वीचभागमा नारायण स्थान रहेको छ । सानो ४ फिट जति अग्लो वेदिकामा नारायण स्थान स्थापना गरिएको छ । झट्ट हेर्दा यो पुरानो भग्नस्तम्भ जस्तो देखिन्छ । यहाँ चार नारायणको मूर्ति खिइएका अवस्थामा छन् भने कुनै मूर्ति फुटेका अवस्थामा छन् भने कुनै सग्ला नै छन् । मूर्तिहरू निकै पुराना जस्ता देखिन्छन् । यी चारनारायणको छेउमा शिवलिङ्ग पनि रहेको छ । यी मूर्तिहरू खुला आकाश मुनि रहेका छन् । मूर्तिहरूको पछाडि झ्याम्परेको लहरे खालको

---

[७०] दाहाल खतिवडा, **पुर्ववत** (पादटिप्णी संख्या ४४) पृ ६३ ।

[७१] नेत्र बहादुर खड्का, स्थानिय बासिन्दा, वर्ष ७८ ।

रुख देखिन्छ जसले मूर्तिहरूलाई घाम पानी बाट संरक्षण गरेजस्तो अनुभव गर्न सकिन्छ । यहाँ सामान्य पूजाआजा दिनदिनै गरिन्छ भने समयसमयमा भजनकीर्तन र विशेष पूजा गर्ने गरिन्छ ।

### ६.४.३ आकाशटोल महादेवस्थान

वाणस्थलि वडा ९ को एक सानो खण्डजस्तो लाग्ने सानो बाँठेली अर्थात आकाशटोलको पूर्वदक्षिणमा मातातीर्थ र चन्दनभराटेश्वर क्षेत्रबाट गएका २ साना खोला मिसिन्छन् । यही संगममा एउटा उत्तुङ्गशिला बाटाको छेउमा देखिन्छ । यस शिलालाई उमापति शिवले स्नान गरेर जटा सुकाउदैं गरेको भावना गरी पूजा गर्ने गरिन्छ । प्राचीनकालमा यही शिलामा शिवले जटा सुकाउँथें भन्ने जनविश्वास रहेको पाइन्छ । २०५६सालमा यिनै जटेश्वर शिवसँगै जलहरी सहितको अर्को शिवलिङ्ग पनि स्थापना गरिएको छ ।

यहाँ बिशेष अवसरमा पूजा आर्चना र भजन कीर्तन पनि गर्ने गरिन्छ । भजनकीर्तनको लागि यही खोलाको छेउमा २ तले भजनपनटी पनि बनाइएको छ ।

### ६.४.४ गणेश

गणपति शब्दको प्रथम उल्लेख त्रम्वेद नै परेको छ । ऋग्वेदमा 'गणनात्वा गणपति ह्वामहे'.... भन्ने वाक्याशं पर्नुका साथै उनलाई ब्राह्मणस्पति भनिएको पाइन्छ ।[७२] (क्रग्वेद २. २३१) गणपतिको शाब्दिक अर्थ गण वा समुदाएको स्वामि भन्ने हुन्छ । गणहरूको स्वामि वा इश्वरको रूपमा उनलाई गणेश भनिएको हो । महाभारतको अनुशासन पर्वमा गणेश्वर र विनायकलाई मानिसहरूको काम र दायित्वहरूमाथि सुपरिवेक्षण गर्न सर्वत्र उपस्थित रहने देवता भनिएको छ । पुराणहरूमा उनलाई शिवको द्धितीय पुत्र विध्न नाशक र प्रत्येक शुभ कार्यमा शुरुमै गणेशको अनिवार्य रूपमा पूजागर्नुपर्ने उल्लेखित छ ।

पञ्चदेवपासनमा गणेशलाई जलतत्वको रूपमा लिने परम्परा छ । यसकारणपनि गणेशलाई अग्रणि स्थान दिएको हुनुपर्छ ।[७३] हिन्दुधर्म अन्तर्गतका सबै

---

[७२] क्षेत्रि खतिवडा, **पुर्ववत** (पादटिप्पणी संख्या ३८) पृ ११७ ।

[७३] गोविन्द टन्डन, **कठमाण्डौ अधित्यकाका गणेशमूर्तिहरू,** ( कीर्तिपुरः नेपाल र एशियाली अनुसन्धान केन्द्र त्रि.वि. २०४२ ) पृ ८ ।

जसो सम्प्रदायहरूमा उनलाई सर्वमान्य देवताको रूपमा लिइन्छ । त्यस्तै बौद्ध धर्ममा पनि गणेशको बिशेष स्थान छ ।

बौद्ध धर्मको बज्रयान शाखाका साधकहरू त गणेशलाई आफ्नो साधकको सिद्धिको लागि प्रमुख देवता मान्दछन् । नेपालका अधिकांश विहारहरूको मूल ढोकाको भित्र दाँया बाँया क्रमशः गणेश र महाकालका मूर्तिहरू पाइन्छन् ।[७४] के हिन्दु, के बौद्ध, के जैन, सबै धर्महरूमा उनलाई आदारको दृष्टिले हेरिन्छ । हिन्दुधर्ममा भएको उनको सम्मानित स्थानलाई विचार गर्दा उनको विशिष्टताको बोध हुन्छ ।

गणेशका मूर्तिहरू भारतमा गुप्तराजाहरूका पालादेखि निर्माण गरीएको मानिन्छ ।[७५] तर नेपालमा गणेशको उपासना कालदेखि सुरु भयो भन्ने कुरा एकिन साथ भन्न सकिदैन् । संभवत नेपालमा पनि भारतीय गुप्तराजाहरूको समयदेखि गणेशको उपसना पद्धति सुरु भएको होला । पछिल्लो लिच्छविकालिन उमामहेश्वर फलकहरू मा गणपतिका रूपमा गणेशलाई नित्य मुद्रामा देखाएको पाइन्छ । जे.सी रेग्मीले गणेशको एउटा पुरानो मूर्ति पशुपति पश्चिम ढोकानिर रहेको छ र त्यो मूर्ति लिच्छविकालिन जस्तो छ भनि उल्लेख गर्नुभएको. छ ।[७६]

मल्लकालमा आएर गणेशको पूजाउपसनाको परम्परा व्यापक भएको पाइन्छ । मल्यकालमा लेखिएका ग्रन्थहरूको प्ररम्भमा 'ऊ गणेश' बाट भएको पाइन्छ । चाहे यस्ता ग्रन्थ जुनसुकै सम्प्रदायका होऊन ।[७७] मल्लकालमा गणेशका मूर्तिहरू बाहेक अनेकौ गणेशका चित्रहरू ग्रन्थ चित्र र भित्ते चित्रका रूपमा पाइन्छन् । यस युगमा गणेशको उग्र र शान्तगरि दुवै रूपले पूजा गर्ने परम्परा रह्यो । मल्लकालमा ४ वटा गणेशका मन्दिरहरू प्रख्यात रहे ।

१) अशोक विनायक, काठमाडौं

२) सुर्य विनायक, भक्तपुर

३) जल विनायक, चोभार

---

[७४] टण्डन **पूर्ववत** (पादटिप्पणी संख्या ७३) पृ ९ ।

[७५] क्षेत्रि, खतिवडा **पूर्ववत** (पादटिप्पणी संख्या ३८) पृ ११८ ।

[७६] रेग्म, **पूर्ववत** (पादटिप्पणी संख्या ६१) पृ १७३

[७७] मेरी. यस. श्लसर, **नेपालमण्डल भोल १** (न्युजर्सि प्रिन्सटन युनिभर्सिटि प्रेस, १९८२) पृ २६५ ।

४) कार्यविनायक, चावहिल

प्रारम्भिक गणेशका मूर्तिहरू जति सादा र सरल थिए पछि गएर ती आलंकारिक हुन गए । गरगहना वेश भुषा आदिको बढी प्रयोग हुन थाल्यो । जसले मूर्ति राम्रो हुनको साटो भद्धा हुन थाल्यो ।[७८] प्रताप मल्लको पालादेखि गणेशको मूर्ति बनाउने शैलीमा तान्त्रिक प्रभाव परेको पाइन्छ । यसै समयदेखि धेरै टाउका भएका गणेश वा शक्ति सहितको महागणेश बनाउने परम्परा चलेको पाइन्छ । यसताका धेरैजसो टोल गाँउका गणेश मूर्तिहरू टुप्पोतिर चुच्चोपरेका वा हात्तीको सुढँ झैं आकृति भएको ढुङ्गामात्र देखिन्छ । शाहकालमा आएरपनि गणेश मूर्ति बनाउने र गणेशको पहिलो पूजा गर्ने परम्परा रहेको पाइन्छ र हालसम्म पनि छ । नेपालको सामाजिक एवं धार्मिक क्षेत्रमा गणेशको अति प्रभावशाली स्थान छ । महादेवस्थान गा.वि.स. मा विभिन्न स्थानमा गणेश स्थान रहेका छन् । नेपालीका सानो वस्तीमा पनि गणेश स्थान पाइनु स्वभाविक हुन्छ । यस गा.वि.स. का टोलटोलमा पनि गणेश स्थानहरू देख्न सकिन्छ ।

**(क) क्वेना गणेश**

किसिपिंडि वडा २ अन्तर्गत सानो खुल्ला चउरमा क्वना गणेशस्थान रहेको छ । सानो पर्खालले घेरी सानो मन्दिरजस्तो वनाइएको छ । क्वेना गणेशको मूर्ति छैन् एउटा ठूलो ढुङ्गामा मूर्ति जस्तो आकार देखिन्छ । त्यसैमा पूजा आजा गर्दछन् । गणेशको दाँयाँबाँयाँ कलात्मक शीलास्तम्भ पनि रहेका छन् । गणेशको दायाँबायाँ २ वटा सिंह गाडिएर छाती भन्दा माथिको भाग मात्र देखिन्छ । क्वेना गणेशको सम्बन्धमा स्थानीय वासी यसो भन्दछन् ।

क्वेना गणेशलाई चोभार गणेश (जलविनायक) सँग सम्बन्ध मान्दछन् भने कोही चोभार गणेशका दाजुभाई भन्दछन् । साथै चोभारमा वाग्मतीको किनारमा वस्दा वाग्मतीले वगाउला भन्ने डरले भागेर यस स्थानमा आएर स्वंय जलविनायक अंशुरूपमा बसेका हुन भन्ने विश्वास गर्दछन् ।

[७८] टण्डन, **पूर्ववत** (पादटिप्पणी संख्या ७३) पृ ७८ ।

### (ख) सिद्धिविनायक बालगाउँ

महादेवस्थान गा.वि.स. को वडा ३ बालागाँउमा सानो परिसरभित्र सिद्धिविनायक गणेशस्थान रहेको छ । यो गणेश मन्दिर निकै पुरानो मानिन्छ । सानो गुम्बजआकारको मन्दिर भित्र गणेशमूर्ति स्थापना गरिएको छ । सानो एउटामात्र गुम्बजकार प्रवेशद्धार छ तर भित्र पस्न मिल्दैन् । सानो आकर्षक ढुङ्गाको खम्बासहित तोरण रहेको छ । कालो चिल्लो ढुङ्गामा निर्मित यो मूर्ति निकै आकर्षक छ । अर्धपर्यङ्क आसनमा विराजमान गणेशका चार हात छन् । दायाँतर्फको माथिल्लो हातले परसु लिएको छ भने तलको हातमा फुल जस्तो वस्तु देखिन्छ । त्यस्तै दाँयातर्फको माथिल्लो हातले मुग्दल धारण गरेको छ भने तलको हातमा भएको मोदकपात्रमाथि गणेशले आफ्नो सुँढ राखेका छन् । गणेशको दायाँ बायाँ साइडमा दुई शत्ति देवी पनि स्थापना गरिएका छन् ।

गणेशको मन्दिर परिसरमा ढुङ्गा विच्छाइएको छ । प्रवेशद्वारको बाहिर दायाँ बाँया एकजोडि सिंह रहेका छन् । यो मन्दिर सँग एउटा अभिलेख पनि रहेको देखिन्छ तर खिइसकेको छ यहाँ भएको मिति अनुसार यो प्रन्धौ शताब्दी तिरको हो । यहाँ सकिमना पुन्हिमा ३ दिन सम्म जात्रा लाग्दछ । यस अवसरमा यहाँ स्थानीयवासी द्वारा पूजाआजा गर्दछन् । यस मूर्तिलाई छोप्ने गरी धातुको मूर्ति राखिन्छ । रातभरि मन्दिर परिसरमा रहेको पाटीमा भजनकीर्तन हुन्छ । जात्रा मनाउँदछन् । यहि सकिमना पुन्हिका दिन गणेशको धातु मूर्ति रथमा राखेर घुमाइन्छ साथै बालगाँउ महालक्ष्मी र वनमहालक्ष्मीको पनि रथयात्रा गरिन्छ ।

### (ग) गणेश स्थान किसिपिंडी

किसिपिंडी वडा १ लाछि टोलमा यो गणेश स्थान रहेको छ । यो गणेश मन्दिर गाउँको बीचमा काली मन्दिर नजिक छ । यो गणेश मन्दिर बाहिरबाट हेर्दा मन्दिर जस्तो नभई पाटी जस्तो देखिन्छ । वरीपरी माटो र इँटद्धारा पाटीको आकारमा उठाइ माथि टायलको छाना लगाइएको छ । कुनै गजुर छैन तर साधरण काठको ढोका छ । ढोकाको दायाँबायाँ एक जोडी सिंह छन् मन्दिरको ढोका अगाडी २ ओटा बसाह राखिएको छ । एउटा ठूलो एउटा सानो छ । मन्दिर भित्र ३ ओटा कलात्मक तोरण रहेका छन् ती मध्ये विचको तोरण ठूलो छ । त्यस तोरणको सबै भन्दा माथि मुसो माथि बसेको गणेशको मूर्ति छ । त्यस भन्दा तल अन्य मूर्ति रहेका छन् । यही

तोरणको तल गर्भगृहमा २ ओटा प्रभावली सहितको गणेशको मूर्ति रहेको छ । गणेश मूर्ति रहेको शीलाफलकमा माथि अन्य ५ वोटा देवदेवीको टाउका कुँदिएको छ । गणेशको चारवटा हात देखिन्छन् । गणेशको सुढ बायाँतर्फ केही घुमि देब्रेहातको मोदक पात्र माथि अडेको छ । गणेशको मूर्ति बसेको आसनमा छ ।

घोडेजात्राको अवसरमा यो गणेश मन्दिरमा राँगा काट्ने प्रचलन रहेको छ । त्यसपछि घोडेजात्रा शुरु हुन्छ । जात्रापर्वमा यहाँ विशेष पूजा आजा गरिन्छ अघिपछि दिनदिनै स्थानीयबासीद्वारा पूजा अर्चना गर्दछन् ।

## ६.५ मातातीर्थ

महादेवस्थान गा.वि.स. को वडा ३ र वडा ४ को पुर्व दक्षिण कुनामा चन्द्रागिरीको काखमा पौराणिक पावनस्थल मातातीर्थ पर्दछ । यहाँ प्राचीन वस्ती भएको अनुमान विभिन्न इतिहाँसकारहरूले गरेका छन् । योगि नरहरीनाथ ले काठमाडौं मा अघि किराँत राजाहरू थिए भन्दै तीन शहर खाल्टो जलमय हुदाँ कीर्तिपुर, दहचोक, मातातीर्थ, गोदावरी, गोकर्ण, विशालनगर, जयवागेश्री आदि राजधानीहरूमा अनेक शाखाका किराँती राजाहरूले राज्य गरेभनि उल्लेख गरेका छन् ।[७९] त्यस्तै जयप्रकाश मल्ल राज्यच्युत भएपछि शत्रुहरूको भयले विभिन्न ठाँउमा गई बस्ने क्रममा मातातीर्थ गोदावारी हुदै गोकर्णमा लुक्न पुगेका थिए ।[८०] यसरी प्राचीन कालदेखि नै वस्तीयोग्य रहेको मातातीर्थ धार्मिक र ऐतिहासिक दृष्टिकोणले पनि महत्वपूर्ण मानिन्छ । किराँतकाल अगाडिको नेपालको पारिवारीक सत्ता तथा राज्य सत्ता मातृसत्तात्मक भएकोले यही भेकमा मातातीर्थ भएको हुनसक्छ ।[८१]

मातातीर्थ आमाको तीर्थले प्रसिद्ध छ भने गोकर्ण बाबुको तीर्थले प्रसिद्ध छ । हिन्दु धार्मिक मान्यता अनुसार आफुलाई जन्मदिने मातापिता तीर्थ समान प्रतित हुन्छन् । यसकारण पनि आमा र बाबुको सम्झनामा यी दुई तीर्थ स्थापित भएको हुनुपर्दछ । बैशाख कृष्ण अमावश्यको दिन आमालाइ र भाद्र कृष्ण अमावश्यको दिन

---

[७९] नरहरीनाथ **इतिहास प्रकाशमा सन्धिपत्र संग्रह भाग १** (दाङ आध्यात्मिक सम्मेलन वि.सं. २०२२) पृ १८४ ।

[८०] बालचन्द्र शर्मा, **नेपालको ऐतिहासिक रुपरेखा,** (बनारसः कृष्णकुमारी २०२२) पृ १७६ ।

[८१] उत्तम बहादुर राउत, **विष्णुदेवि सभ्यता र वर्तमान दृटिकोण** (काठमाडौं : विष्णुदेवी संरक्षण तथा सुधार समाज २०६०) पृ ६ ।

बाबुलाई समर्पित छन् । आमवश्याको तिथिमा चन्द्रमा र सूर्य सङ्गमस्थलमा रहने हुदाँ यो दिन महत्वपूर्ण मानिन्छ ।[८२] बैशाख र भाद्र कृष्णअमावश्य यी दुवै अमावश्य खासगरी पितृ दिवसका रूपमा प्रख्यात रहेका छन् । जब कि अन्य अमावश्यको पनि अधिपतिको रूपमा पितृलाईनै लिइएको छन् ।[८३] त्यसैगरी तीर्थपर्यटन नामक ग्रन्थमा तीर्थका उपभेदहरूको चर्चा गर्ने कममा माता एवं पिता तीर्थको महत्वलाई दर्शाउदै भनिएको छ 'पुत्र वा सन्ततिका लागि माता पिता अत्यन्त आदरणीय छन् तापनि त्यसमा माताको स्थान सयौ गुणा वढि हुन्छ भन्दै शास्त्रमा माता 'गंग समतीर्थ माता तिर्थ पुनः'र 'मातृदेवो भव' भनेर मातालाई देवतातुल्य भनि पुत्रले आफ्नी माताको सेवा वन्दना पुजन आदि गर्छ भने उसले तेत्तिसकोटी देवताको पूजा गरेको फल र समस्त तीर्थटन गरेको फल पाउँछ भनि शास्त्रमा वर्णन गरिएको छ ।

यसरी शास्त्रहरूमा मातापिताको महत्व देवता समान गरिएको छ । अझ पितृलाई त बढी महत्व दिईएको पाइन्छ । त्यसैले गर्दा मातातीर्थ र गोकर्णलाई आमाको र पिताको तीर्थ मानिन्छ । यहाँ भाद्र कृष्ण आमावश्यको दिन मृतक पिताको सम्झनामा सम्मान र मृतक आत्माको चिर शान्तिको कामना गर्दै श्रद्धा गर्दै केही सामाग्रीहरू दानदक्षिणा गरी मेला भर्ने गर्दछन् । यी दुवै तीर्थहरूमा धर्म र जातिको मतलब गरिदैन भने विभिन्न धर्म मान्नेहरू आफ्नो धार्मिक आस्था अनुसार नै माता पिताको सम्मान र श्रद्धा गर्ने गर्दछन् ।

मातातीर्थको महिमा र महत्व बारेमा विभिन्न पुराणहरू र नेपाल माहात्म्यमा वर्णन गरएिको पाइन्छ । त्यसैगरी मातातीर्थको बारेमा विभिन्न किम्बदन्ती रहेको पाइन्छ । जसमध्ये परापूर्वकालमा एकजना लाटो बालकले आफ्नो मृतक आमाको खोजी गर्दै आमालाई नख्वाइ म कसरी खाउँ भनि आफ्नो खानाको थालीलाई बोकेर भौतारीदैं आउदा अन्जानवस यस मातातीर्थको कुण्डमा आइपुगेपछि हातको थालीको खाना खाएर छोराको आँखा पुछ्दै पुन कुण्डभित्र बिलाएको हुँदा मृतक आमालाई चढाएको खाना पाउनेछिन भन्ने कुरा सत्य भएको हँदा यस स्थानमा कुण्ड निर्माण गरिएको भन्ने कुरा किम्बदन्तीमा पाईएको छ ।

---

[८२] ऋषिप्रसाद शर्मा, **नेपालका राष्ट्रिय चाडपर्व** (काठमाडौं : रत्नपुस्तक भण्डार २०६३) पृ ७७ ।

[८३] हरीराम जोशी, **नेपालका चाडपर्व** (काठमाडौं : जोसि रिसर्च इनस्टिट्युट्का निमित्त इ शुशिलराम जोशी २०६०) पृ ३० ।

त्यस्तै अर्को लोकोक्ति अनुसार एउटा गोठालाले त्यहाँ खाजा खान लाग्दा उसको गाँस त्यही नजिकको भुलभुल पानी आइरहेको सानो जलकुण्ड तिर मात्र पर्न थालेछ । त्यस गोठालो केटाकी आमा थिइनन् । त्यहाँ कुण्डमा हेर्दा उसले आफ्नी मरीसकेकी आमाको दर्शन पाएछ । त्यही बेला देखि यस ठाँउको नाम मातातीर्थ रहन गएको भन्ने लोकोत्ति छ । त्यस्तै अनेक किम्बदन्तीहरू एकतिर स्थानीय जनसमुदायहरूमा प्रचलित छन भने अर्कोतिर विभिन्न पुराणहरू र नेपाल महात्म्यमा समेत मातातीर्थको महिमा महत्व वर्णन  पाइन्छ । मातातीर्थमा बैशाख कृष्ण अमावस्या (मातातीर्थ औशी) को दिन र चतुदर्शीको दिन लाखौलाख श्रद्धालु तीर्थयात्रीको घुईचो हुन्छ । चतुदर्शीको दिन रातभरी बत्ती बालेर बस्दछन् र भोलिपल्ट औसिको दिन बिहान त्यहाँ भएको स्नान कुण्डमा र ढुङ्गेधारमा स्नान गरी आमाको सम्मान र स्मृतिमा त्यहाँ भएको शिवालय, आमाकुण्ड र सबैकी साझा आमाको आकृतिमा पूजा अर्चना गरी भेटी चढाउँदछन् । यस दिन मातातीर्थ कुण्डको वरिपरि देखि वाहिरी परिसरमा समेत मृत माताको आत्माको चिरशान्तिको लागि सम्मानपूर्वक श्रद्धा गरी पिण्ड चढाउने र अन्य सामाग्रीहरू दान दक्षिणा गर्ने गर्दछन् ।

मातातीर्थमा यस दिन टाढाटाढाका भक्तजनहरू आउने गर्दछन् । यहाँ विभिन्न जात र धर्मका मानिसहरू आ-आफ्नो धार्मिक आस्था अनुसार पितृकार्य गर्ने गर्दछन् । हिन्दु धर्म मान्नेहरू हिन्दु विधान अनुसार गर्दछन् भने बौद्ध धार्मिक विधान अनुसार लामाद्धारा पितृकार्य गर्ने गर्दछन् ।

बैशाख अमावश्यको दिन यहाँ को कुण्डमा शुद्ध भएर भित्रि हृदयले हेरेको खण्डमा आफ्नी मृत आमाको आकृति देख्न सकिन्छ भन्ने विश्वास रहेको पाइन्छ । जनश्रुति अनुसार परापूर्वकालमा मातातीर्थ औसिको दिन यस कुण्डमा हेर्दा आफ्नो मृत आमाको आकृति देखि त्यही कुण्डमा हामफाले भन्ने. भनाई पाइन्छ ।

मातातीर्थ कुण्ड परिसरमा चारैतिर पर्खालले घेरी उत्तरपट्टि आकर्षक गुम्बजशैलीका २ ठूला ढोका रहेका छन् पश्चिमपट्टि पनि ढोका छ । यसको भित्रि परिसरमा एउटा सत्तल, आमाकुण्ड,, शिवालय, तीर्थश्रद्धाको लागि बनेका छन् । ढलानसहितको लामो वेदि, १२ वटा ढुङ्गेधारा, ढुङ्गैढुङ्गा विछ्याइएको परिसर, सुविधायुक्त स्नानकुण्ड र ढुङ्गाका आकर्षक सिढीहरू छन् । यही आमाकुण्डको पश्चिम कुनामा बुद्ध प्रतिमा पनि रहेको छ । मातातीर्थ परिसरको देब्रेकुना पर्खालको भित्तामा ५ वटा प्राचीन

विभिन्न मूतिहरू खोपमा रहेका छन् । जसमा विष्णु मातृका आदि छन् । यी सबै खिइएका छन् ।

मातातीर्थमा आउने दर्शनार्थी सँग पनि विभिन्न प्रश्नहरू सोधिएको थियो जसमध्ये तपाँई यहाँ के को लागि आउनु भएको हो भनि शोध्दा धेरैजनाले आमाको दुधको भारा काटाउन आएका हौं भन्ने जवाफ दिनुभयो । यहाँ सालै पिच्छे आउने दर्शनार्थी वढी भेटिनुभयो । यहाँ टाढा टाढा बाट पनि दर्शानार्थी मेला भर्नको लागि आएको पाइयो । यसकारण पनि मातातीर्थको महत्व र महीमा टाढा टाढा सम्म फैलिएको देखिन्छ । मातातीर्थ धार्मिक क्षेत्र मात्र नभई एक पर्यटकीय स्थलको रूपमा पनि विकास भएको पाइन्छ ।

## ६.६ लिङ्गतीर्थ त्रिवेणि

लिङ्गतीर्थ त्रिवेणि महादेवस्थान गा.वि.स. वडा ८ वार्णस्थलीमा पर्दछ । थानकोट चेकपोष्टबाट सोझै उत्तर झर्दै वाणस्थली गाउँबाट त्रिवेणी पुगिन्छ । खासगरी २ नदिको सँगमलाई दोभान र ३ नदिको सँगमलाई त्रिवेणी भनिन्छ । त्रिवेणिलाई तीर्थ मानिन्छ । त्रिवेणी लाई तीर्थ मान्नुको अर्थ नै यी ठाँउहरू यस लोकबाट अर्कोलोक स्वर्गलोकमा जाने दोबाटो हुन भनि विश्वास गरिन्छ । त्रिबेणीलाई ब्रम्हाको द्योतक ‘ओंकार’ सँग सम्बन्धित र गंगा जमुना र सरस्वती नदिहरूको प्रतिक मान्दछन् ।

स्वर्णधारा नदि पुण्या शक्रदिप्तिस्तथा वरा ।

भस्माख्या सँगमे तासां लिङ्गतिर्थ ्मुहारुहतम् ।

(हि.ख.अ १४० श्लो ४१)

सुप्रमानगरी (स्वर्णीतपुर) थानकोटतिरबाट आउने स्वर्णनदि (गयानदि गःखु) इन्द्रदहबाट आउने शक्रदिप्ति (इन्द्रवती) नदि र वर्तमान त्रिभुवन स्मारकस्थल हुदैं आउने भस्मनदि (मान्खुखोला) यी तीन पवित्र नदिको सँगम स्थल स्कन्दपुराण अनुसरा ‘लिङ्गतिर्थ’ हो यहि लिङ्गतिर्थ लाई स्थानीय भाषमा ‘त्रिवेणि’ भनिन्छ । यस ठाँउलाई स्थानीय भाषामा ‘मरनघाट’ पनि भन्ने चलन छ । यस ठाँउमा अकाल मृत्यु परेको कर्म नचलेका वा कमजोर आर्थिक स्थिति भएकाले सत्गाति गर्ने पुरानो चलन थियो ।

वास्तवमा कुनै वेला इतिहासमा यस ठाँउको नाम 'मरनघाट' थियो । यो संस्कृत शब्द हो । 'मरण' को नेपाली मरन भएर 'मरनघाट' भएको हुनुपर्छ ।[८४]

भू-वनौटको हिसाबले समय समयमा यस ठाँउमा प्राकृतिक उलट-पुलट भइरहन्छ यहाँ मिसिन आउने ३ नदिहरू बाढी आउँदा उग्ररूप लिन्छन् । यो ठाँउ एकलासको खोचमा अवस्थित छ । लास गाइने वा जलाउने ठाँउको रूपमा यसको प्रयोग हुनु त्यसैले पनि स्वभाविक छ । तीन नदि स्वर्णनदि शक्रदिप्ति र भष्मनदिको संगमस्थल त्रिवेणिलाई गंगा जमुना सरस्वतीको सँगमस्थल भारतको देवप्रयाग जत्तिकै पवित्र एवं त्यत्तिकै महत्व रहेको पुण्य तीर्थस्थल हो भन्ने शास्त्रमा व्याख्या छ ।

काठमाडौ बाटं १० कि.मि. पश्चिममा रहेको त्रिवेणी त्यति चर्चित भएको पाइदैंन तर स्थानीय स्तरमा यसको महत्वपूर्ण स्थान छ । यस त्रिवेणीघाटमा ब्रम्हनाल, भस्मेश्वर, शिवलिङ्ग, विष्णुपादुका, हनुमान स्थापना गरिएको छ । यी सबै केही वर्ष अगाडि स्थापना गरिएको हो । साथै यहाँ आ-आफ्ना धार्मिक मान्यता अनुसार शवदाहा गर्ने चिता र समाधिस्थल गर्ने ठाँउहरू पनि बनाइएको छ । सिकिस्ता बिरामी घाट लगेर राख्ने अथवा त्यही दशक्रिया गर्न चाहानेहरूको निमित्त एक 'सुविधाकुटी' बनाइएको छ । बिशेष धार्मिक अनुष्ठान पाठपूजा आदि सम्पन्न गर्न र शवयात्रामा गएकाहरूको सुविधाका निमित्त २ तले सत्तल पनि बनाइएको छ ।[८५]

तीन नदिको सँगमको कारण अतिप्राचीन कालदेखि नैं पर्वविशेषमा यस ठाँउमा स्नान पूजा चलि आएको पाइन्छ । यहाँ दुर्गापूजा (दशैं) मा नवरात्रिको यात्राक्रममा श्रदालुहरू बाजा-गाजासहित आउँदछन् । स्नान पूजा अर्चना गर्दछन् । खासगरी कार्तिक शुक्ल पूणिमाका दिन त्रिवेणीमा भव्य मेला लाग्दछ । यो ज्यादै पुरानो परम्परा हो । यस क्षेत्रका निमित्त त यो निकै ठूलो धार्मिक पर्वकै दिन हो ।

## ६.७ बौद्ध चैत्य र बुद्ध मूर्तिहरू

इ.पू. छैटौ शताब्दी नेपाल भारत लगायत विश्वभरिकै कतिपय मुलुकहरूमा धार्मिक क्रान्तिको शताब्दी थियो । यस शताब्दीलाई इतिहासकारहरूले धर्म र दर्शनका

---

[८४] रुपाखेति, **पर्ववत्** (पाद टिप्पणी संख्या ७ ) पृ २ ।

[८५] स्थलगत अध्ययन, अवलोकन ।

विभिन्न आयमहरूमा पुरानोको बहिस्कार र नयाँलाई स्वीकृति को नारा बोकेर आएको शताब्दी मानेका छन् । इ. पू. छैटौ शताब्दीमा नेपालमा गैतमबुद्ध जस्ता महान विचारक र धार्मिक क्रान्तिका अगुवाको आगमन भयो । गौतम बुद्धले जुन धर्मको प्रचार गरे त्यलाई 'बुद्ध धर्म' भनिन्छ । विश्वमा प्रचलित विभिन्न धर्महरू मध्ये बौद्ध धर्मको विशिष्ट स्थान छ । बौद्ध धर्ममा ईश्वर र धर्म शब्दको स्थान नभएर बौद्ध धर्मलाई जीवन दर्शनको रूपमा वर्णन गर्न सकिन्छ तर पनि समाजले जीवनको दृष्टिकोण लाई नै धर्म शब्दले सम्बोधन गर्न थाल्यो ।

नेपालमा बौद्ध धर्मको प्रांचीनता सम्बन्धमा तराई क्षेत्र लुम्बिनी नै शाक्यमुनिबुद्ध को जन्म भएकोले बौद्ध धर्मको जन्मस्थान नेपाल मानिन्छ तर पनि नेपालका विभिन्न क्षेत्रमा बौद्ध धर्मको प्रचार प्रसार बेग्लाबेग्लै युगमा भएको पाइन्छ । बुद्धको जन्मस्थान लुम्बिनी र कपिलवस्तु क्षेत्रमा बुद्धको जीवनकालमा नै बौद्ध धर्मको प्रचार भएको कुरा त्रिपिटकीय शुक्तका अर्थ कथाहरूमा विवरण पाइन्छ[८६] ।

काठमाडौं उपत्यकामा पनि बुद्धको जीवकामा नै बौद्धधर्मको प्रबेश भइसकेको पाइन्छ । मुलसवस्तिवादविनासुक्तमा परेको विवरण अनुसार बुद्धको जीवनकालमा नै उपत्यका व्यापारको मुलथलो थियो । व्यापारीहरूको साथ लागेर भिक्षुहरू पनि उपत्यका आउने गर्दथे साथै कपिलवस्तुको पतनपछि केही शाक्यहरू बैद्ध भिक्षुहरू भागेर काठमाडौं उपत्यका मा आएको वर्णन पाइन्छ ।

लिच्छविकालिन समयमा उपत्यकामा बौद्ध धर्मको निकै राम्रो अवस्था देखिन्छ । लिच्छविकालको प्रारम्भिक दिनहरूमा नेपालमा बौद्ध धर्म सम्बन्धि विवरण दिने चावहिलको अभिलेख हो ।[८७] यस अभिलेखमा 'महामुनि' शब्दको प्रयोग गरी बुद्धलाई लक्ष्य गरेर स्तुति लेखिएको छ भने चैत्य संघ आदिको चर्चा परेको छ ।

प्रारम्भिक लिच्छवियुगमा नै स्वयम्भुनाथ, चैत्य, बौंद्धनाथ चैत्य बनिसकेको तथ्य प्रस्ट भैसकेको छ ।[८८] सम्पूर्ण लिच्छविकालमा मानविहार, राजविहार, गुमविहार, शिवदेव विहार, रवर्जुरिका विहार आदि गरी जम्मा १४ वटा विहारहरूको नामको

---

[८६] क्षेत्रि खतिवडा, **पुर्ववत** (पाद टिप्पणी संख्या ३८) पृ १६२ ।

[८७] बज्राचार्य **पूर्ववत** (पाद टिप्पणी संख्या ६३) पृ १-३ ।

[८८] श्लसर **पुर्ववत्** (पाद टिप्पणी संख्या ७७) पृ २७६ ।

विवरण जगदिशचन्द्र रेग्मीले दिनुभएको छ ।[८९] मेरी श्लसरका अनुसार लिच्छविकालिन बौद्ध धर्मको मुख्य उपासना केन्द्र चैत्य थियो । यसबाहेक त्यस समयमा बुद्धका व्यक्तिगत उपासनाका केन्द्र थिए । प्रस्तर बुद्ध मूर्ति विहार र विहार वरिपरि स्थापना गरिन्थे साथै कपडामा हस्तलिखित ग्रन्थमा र मन्दिरका भित्ताहरूमा समेत बुद्ध सँग सम्बन्धित चित्रहरू बनाउने परम्परा थियो । किनकि चावहिलको लिच्छविकालिन एक अभिलेखमा किन्नरी जातका कथा कुँदिएका अनेकथरी चित्रले सुहाएको यो चैत्य भन्ने शब्द परेको पाइन्छ ।[९०]

पूर्वमध्यकालमा नेपालको राजनैतीक अवस्था त्यति स्पष्ट नभएपनि तत्कालको नेपाली बौद्ध धर्मको अवस्थाभने उन्नतशील रहेको देखिन्छ । त्यो समयमा राज्य गर्ने राजा सिंहदेव ले त वौद्ध भिक्षु हुनका निम्ती गद्धी छाडेका र आफ्ना अन्तिम दिनहरू विहारमा विताएको पाइन्छ ।[९१] यसताका नेपाललाई तिब्बततिर बौद्ध धर्मको देश मान्ने गरिन्थ्यो भनि मेरी श्लसरले उल्लेख गर्नुभएको छ । यो समयमा बौद्ध बिहार र संघहरूले राजकीय समर्थन गुमाएता पनि उनीहरूको संख्यात्मक रूपमा प्रशस्त वृद्धि भयो र पाटन बौद्ध शिक्षा केन्द्रको रूपमा देखा पर्‍यो । नेपाली कालिगढहरूले त्यस समयमा अनेकौ बुद्ध मूर्तिहरू बनाएर विहारहरूमा अनेकौं बुद्धमूर्ती थापिए । यी मूर्तिहरूको शैली लिच्छवि युगमा भन्दा फरक हुन गयो  कलाशैलीको प्रभाव देखियो । बौद्ध धर्ममा नयाँ तान्त्रिक देवता र अनेकौं देवदेवीहरूको परिकल्पना गरियो ।

यस्ता देवदेवीहरूलाई प्रस्तरका बाहेक हस्तलिखित ग्रन्थहरूमा, धातुका मूर्तिका रूपमा मण्डल चित्रका रूपमा र भित्रे चित्रका रुपमा पनि प्रस्तुत गर्ने परम्पराको विकास भयो । यसरी नै शाक्यमूनि वुद्ध र पञ्चध्यानि बुद्धका मूर्तिहरू पनि प्रसस्त बने ।  पूर्वमध्येकालदेखि नै पश्चिम नेपालमा बौद्ध धर्म प्रचलित भएको पाइन्छ । यस क्षेत्रमा बौद्ध धर्म राजधर्मको रूपमा विकसित भएको थियो । त्यसैगरी नेपाल को उत्तरी क्षेत्रमा लामा बौद्ध धर्म प्रचलित भएको पाइन्छ ।

---

[८९] रेग्मी, **पूर्ववत** (पाद टिप्पणी संख्या ६१) १४५-१४६ ।

[९०] श्लसर, **पूर्ववत** (पाद टिप्पणी संख्या ७७) पृ २७३ ।

[९१] लुसियाने पेटेक, **मेडिवल हिण्ट्री अफ नेपाल**, (रोम : लीपर आई मेडियो इडी. इ. ओ. १९५८) पृ ५७ ।

महादेवस्थान गा.वि.स. क्षेत्रमा पनि प्राचीनकाल देखि नै हिन्दुधर्मको साथै बौद्ध धर्म पनि अस्तित्वमा थियो भन्ने कुरा यहाँ भएका स-साना चैत्यको अध्ययनबाट जानकारी पाइन्छ । हाल यस क्षेत्रमा बौद्ध धर्म मान्ने जनसंख्या कुल जनसंख्या ७९०८ मध्ये १७७ छन् २०५८ को जनगणना अनुसार यस क्षेत्रमा हिन्दु धर्म मान्नेहरूको बाहुल्यता भएतापनि बौद्धधर्मप्रति पनि आस्था राख्ने भएको कारणले यस गा.वि.स. मा बौद्ध चैत्य र बुद्ध मूर्तिहरू स्थापना भएका छन् ।

बौद्ध परम्परा अनुसार पूजा गर्ने उदेश्यबाट स्तुप जस्तै चैत्य पनि ढिक्कोको रूपमा रहन्छ । नेवारी भाषामा चैत्यलाई 'चिवा' भनिन्छ । जसको अर्थ सानो रूप भन्ने हुन्छ । यस्ता स-साना चैत्यमा बौद्ध धर्मग्रन्थ पुर्ने चलन थियो । यस्ता चैत्य वासस्थान सँगै गृहस्थ भिक्षुहरूले निर्माण गर्थे । महादेवस्थान गा.वि.स.मा स्तुप छैन केवल स-साना चैत्य, विहार र मूर्तिहरू रहेका छन् ।

### ६.७.१ बालागाउँ चैत्य

बालगाउँ वडा ३ अन्तर्गत अत्यन्तै कारुणीक अवस्थामा पुरानो बौद्ध चैत्य रहेको छ । यो बौद्ध चैत्य बनेपाका बुद्ध धर्मालम्वीहरूले स्थापना गरेका हुन भन्ने भनाई पाइन्छ, हुन सक्दछ मातातीर्थ जस्तो पवित्र तिर्थस्थलको नजिकको सुन्दर गाँउप्रति धार्मिक आस्थाले प्रेरित भएर नै तिनीहरूले यो चैत्य स्थापना गरेको हुनु पर्दछ । केही वर्ष पहिले बनेपालीहरू यहाँ आएर आफ्ना पुर्खाले उक्त चैत्य स्थापना गरेको उल्लेख समेत गरेको संस्मरण स्थानीय वासिन्दा गर्नुहुन्छ ।[९२] यो चैत्य निकै जिर्ण छ । यहाँ भएका बुद्धका मूर्तिहरू पनि चोरी भएका छन् । हाल ३ वटा खोपामा बुद्ध मूर्ति भएतापनि २ वटाको टाउको छैन् केवल एउटा मूर्ति मात्र सग्लो छ । यहाँ बर्षको एकचोटी ठेलपुन्ही (योमरीपुन्हि) मा विशेष पूजा गरिन्छ । चोखोनितो गरेर फलफूल र योमरी राखेर पूजा गर्नुपर्ने कुरा त्यहाँ पूजा गर्ने पूजारी रमेश श्रेष्ठले भन्नुहुन्छ ।

यो चैत्य भएको ठाँउमा अर्को सानो चैत्य पनि त्यस्तै जिर्ण अवस्थामा फ्याँकिएको छ । यो चैत्य सादा छ र एउटै ढुङ्गामा बनाइएको छ । यसको वरिपरी खोपा बनाइएको छैन् । यो एकठाँउबाट अर्को ठाँउमा बोकेर लान मिल्ने खालको छ ।

[९२] पञ्चकुर श्रेष्ठ, स्थानिय वासिन्दा, ७९ वर्ष ।

लिच्छविकालमा पनि यस्तै एउटै ढुङ्गामा चैत्य बनाइन्थे त्यसकारण यो चैत्य लिच्छविकालिन पनि हुन सक्दछ ।

## ६.७.२ बुद्ध मूर्ति किसिपिंडी

किसिपिंडी वडा २ मा बुद्ध मूर्ति स्थापना गरिएको छ । यस मूर्तिको पादपीठमा भएको अभिलेख अनुसार संवत १०१८ मा यो मूर्ति स्थापना गरिएको हो । यो वुद्ध मूर्ति दोहोरो कमलासन माथि भू स्पर्श मूद्रामा रहेको छ । यो मूर्ति अगाडि बज्रधातु मण्डल रहेको छ । बज्रधातु मण्डलको पीठ अष्ठकोणकार छ जसले अष्ठ बोधिसत्वलाई व्यक्त गर्दछ । अष्ठकोणकार पीठको आठै पातामा पद्मापाणि आदि अष्ठबोधिसत्वका मूर्तिहरू र बीचबीचमा बज्रको चिन्ह अंकित गरिएको. छ । यस पीठको माथिल्लो भागमा दोहोरो पद्धमपीठमाथि बज्रधातु मण्डल स्थापना गरिएको छ । यसै सँग एउटा पाटी पनि रहेको छ ।

## ६.७.३ चतुरब्रम्हा बिहार, मातातीर्थ

मातातीर्थ वडा ३ अन्तर्गत मातातीर्थ कुण्ड परिसरको बाहिर पट्टि चौरमा एउटा चतुरब्रम्हा विहार छ । यो विहार २०३४ सालमा स्थापना गरिएको हो । ईटा र सिमेन्टद्धारा सानो विहार बनाइएको छ । माथि ढलान गरिएको छ । विहारको माथि ढलानको एक छेउमा गर्भ माथि हर्मिका, हर्मिका माथि त्रयोदशभुवन माथि सानो गजुर देखिन्छ । गर्भमा गवाच्छ बनाई पूर्वबाट क्रमश **बज्रपाणि, रत्नपाणि, पद्मपाणि, विश्वपाणि,** को मूर्ति रखिएको छ ।

विहारको एउटा मात्र प्रवेश द्धार रहेको छ । ढोकाको अगाडि वुद्धको मूर्ति स्थापना गरिएको छ । यस विहारमा विशेष चाडपर्वमा बुद्धको पूजा उपासना गर्ने र भजन कीर्तन गर्ने गर्दछन् ।

यसरी प्राचीन समय देखिनै बुद्ध मूर्ति बौद्ध चैत्य र विहार बन्ने गरेका थिए । यी बौद्ध धर्मावलम्विहरुका आस्थाका स्रोत थिए लिच्छविकालमा बौद्ध धर्मको मुख्य उपासना केन्द्र चैत्य थियो । मध्यकालमा बौद्ध समुदाय हिन्दुहरु झै बिभिन्न जात र वर्णमा विभक्त हुन पुग्यो भने विभिन्न उपशाखा पनि देखिए ।

# अध्याय सात
# उपसंहार र सुझाव

## ७.१ उपसंहार

मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने वाग्मती अञ्चल काठमाडौं जिल्लाको मध्यपहाडी प्रदेशमा पर्ने एउटा सानो गाँउ महादेवस्थान गा.वि.स. हो । यो प्राचीन वस्ती काठमाडौं बाट १० कि.मी. पश्चिममा पर्दछ । समुन्द्र सतहदेखि लगभग ४७०० फिटको उचाइमा रहेको यो गाउँ २७.२७ देखि २७.४९ उत्तरी अक्षांस र ८५.१० देखि ८५.३२ पूर्वीदेशान्तरमा फैलिएको छ । यस गाउको ४ सिमाना पूर्वमा बलम्बु, मातातीर्थ र सतुङ्गल गा.वि.स. का भागहरू पश्चिममा थानकोट गा.वि.स. र चन्द्रगिरी पर्वत, उत्तरमा दहचोक गा.वि.स. र दक्षिणमा गुमालचोकि पर्दछ । यो गा.वि.स. लाई ९ वडामा विभाजन गरिएको छ । यहाँ विभिन्न किसिमका वनस्पतिहरू, जंगली जनावर र चराचुरुङ्गी पाइन्छन् । यस गाँउ पनि सामाजिक, सांस्कृतिक र धार्मिक क्षेत्रमा अगाडि नै रहेको देखिन्छ । यो क्षेत्रमा अति प्राचीनकाल देखिने वस्ती आवाद भएको तथ्य विभिन्न पुराण वंशावली र इतिहास बाट जानकारी पाइन्छ । त्यस्तै पुरातात्विक सभ्यताहरूको विश्लेषण गर्दा यहाँको सामाजिक विकास गोपालकाल सम्म जोड्न सकिन्छ ।

अधिकांश नेवार समुदायको बसोबास रहेको यस गाँउमा विभिन्न सम्प्रदायका मानिसको पनि बसोबास रहेको पाईन्छ । विभिन्न जात र धर्म भएतापनि धार्मिक सहिष्णुता पाइन्छ । यस क्षेत्रमा रहेका विभिन्न सम्प्रदायका मन्दिर र मूर्ति आदिले यहाँको धार्मिक सहिष्णुतालाई पुष्टि गर्दछ । यहाँ भएका पुरातात्विक सामाग्री र मन्दिर एवं मूर्तिहरू ले नेपालको सांस्कृतिक सम्प्रदाय र गरिमालाई बढाएको पाइन्छ । यहाँ पाइएका पस्तर एवं धातुका मूर्तिहरू नेपाली कलाका अद्धितीय नमूनाको रूपमा लिन सकिन्छ । स्थानीयस्तर मा यहाँ भएका पुरातात्विक महत्वका ऐतिहासिक स्थल तथा वस्तुहरूको सुरक्षाको अभावले जथाभावि खनिएका छन् । यस गाँउको वडा ८ वाणस्थलीमा घरको जग खन्दा प्राचीन इट पाइएको कुरा स्थानीय व्यक्ति वताउँदछन् । यस्ता पुरातात्वीक महत्वका स्थलमा जथाभावि राख्ने, गाईवस्तु चराउने जस्ता प्रकृतिले गर्दा इतिहासको सिंगो रूप दिने अवशेषहरू दिनप्रतिदिन तहसनहस हुदैं गएका छन् ।

यहाँ भएको चन्दनभराटेश्वर मन्दिर लिङ्गतीर्थ त्रिवेणीको वर्णन विभिन्न पुराणहरू र महात्म्यमा पाइन्छ । यहाँ मनाउने जात्रा पर्व मध्ये केही यहाँका मौलिक स्वरूपमा छन् ।

## ७.२ सुझावहरू

महादेवस्थान गा.वि.स. काठमाडौंको शहीदगेटबाट १० किमि मात्र टाढा भएता पनि त्यति परिचित भएको पाइदैंन् । यो एउटा प्राचीन वस्ती हो भन्ने कुरा इतिहासहरूले पुष्टि गरीसक्दा पनि यहाँ भएको पुरातात्विक स्थलको अनुसन्धान अन्वेषण हुन सकेको छैन् । यहाँ भएको काली मन्दिरको पुरातत्व विभागबाट जिणेद्धार भएतापनि यस मन्दिर वरिपरि भएका प्रचीन मूर्तिहरूको उचित रेखदेख भएको पाइदैन् । जसको कारण यहाँ भएका प्राचीन मूर्तिहरू चोरी भएका छन् । एउटा सानो पीठमा भएको प्राचीन सरस्वतीको मूर्ति चोरी भएर हाल नयाँ मूर्ति प्रतिस्थापन गरिएको छ । किसिपिंडी वडा १ मा भएको गणेश मन्दिरको पनि उचित किसिमले रेखदेख नभएको पाइन्छ । त्यस मन्दिर भित्र पानी चुहिएर हिलो भएको देखिन्छ । मन्दिरमा सरसफाइको कमीले दुर्गन्ध आउँदछ । यसमा जनचेतनाको कमी देखिन्छ । बालगाँउ वडा ३ मा एउटा जिर्ण चैत्य छ । त्यहाँ गवाक्षमा भएका मूर्तिहरू चोरीएका छन् र भएका पनि खण्डित अवस्थामा छन् । यस तर्फ कसैको ध्यान गएको पाईदैन । वडा ८ वाणस्थलिमा घरको जग खन्दा प्राचिन इटहरू पाइएकोले त्यहाँ प्राचीन बस्ती भएको हुनुपर्दछ । तर यसको अध्ययन अनुसन्धान  छैन । यस तर्फ सम्वन्धित निकायले सोच्नु पर्ने देखिन्छ ।

यस क्षेत्रमा भएका मठ मन्दिरलाई स्थानीय वासिन्दाले धार्मिक रूपबाट मात्र हेर्ने गरेको पाइन्छ । पुरातात्वीक, कला र वास्तुकलाको सन्बन्धमा यिनीहरू अनभिज्ञ नै रहेको पाइन्छ । जसको कारण प्राचीन ऐतिहासिक सम्पदाको उचित रूपमा संरक्षण र संवर्द्धन भएको पाइदैन् । यस अध्ययन क्षेत्र भित्रका उपरोक्त पुरातात्विक महत्वस्थल तथा वस्तुहरू निकै महत्वपूर्ण रहेतापनि उचित संरक्षणको अभावले गर्दा उपैक्षित रूपमा रहेका छन् । जसलेगर्दा यहाँका पुरातात्विक महत्वका स्थल तथा वस्तुहरू प्राय जिर्ण रहेका छन् ।

महादेवस्थान गा.वि.स. क्षेत्रको सांस्कृतिक अध्ययनले नेपाली धर्म कला एवं संस्कृतिको बारेको अध्ययन अनुसन्धानमा विशिष्ट महत्व राख्दछ । अध्ययन गरीएका

पुरातात्विक महत्वका स्थल र मन्दिर मूर्तिको संरक्षण र विकासको सम्बन्धमा नेपाल सरकार र सम्बन्धित निकाय एवं संस्थाहरूले महत्वपूर्ण ऐतिहासिक स्थल तथा सम्पदा लाई राष्ट्रिय सम्पदा घोषित गरी ती स्थानको अन्वेषण र उत्खनन गर्नु जरुरी छ । भएका सांस्कृतिक निधिहरूको वैज्ञानिक तवरले संरक्षण गर्नुको साथै चोरीन सक्ने स्थिति बाट तिनलाई जोगाएर राख्नु पर्ने आवश्यकता देखिन्छ । देशलाई चिनाउने यस्ता कलाकृति नासिएर र हराएर तिनको अध्ययन संङ्कटमा पर्ने भयावह स्थितिको सिर्जना भएको छ । यिनको संरक्षण र सम्बद्धर्न गर्ने कार्य सरकारी निकायको प्रतिवद्धतामा जनसहभागिताबाट पूरा गर्न सकिन्छ । स्थानीय जनमानसमा पुरातात्विक महत्वका स्थल र ऐतिहाँसिक कला वस्तुकला को महत्वबारे जानकारी दिनु पनि अति आवश्यक देखिन्छ ।

अन्तमा महादेवस्थानको क्षेत्रको सांस्कृतिक अध्ययनले नेपाली धर्म, कला, एवं सांस्कृतिक पक्षको अध्ययन अनुसन्धानमा केही अंशमा भएपनि सघाउ पुऱ्याउने आशा एवं विश्वास राखेकी छु ।

# सन्दर्भ ग्रन्थसूची

**नेपाली पुस्तकहरू**


१ **केन्द्रीय तथ्याङ्क विभाग,** जनगाणना, २०५८ ।

२ जोशी, हरिराम, **नेपालका प्राचीन अभिलेख**, राजकीय प्रज्ञा प्रतिष्ठान, २०३० ।

३ जोशी, हरिराम, **नेपालका चाडपर्व,** (जोसि रिसर्च इनस्टिट्युटका निमित्त इ. शुशिलराम जोशी, २०६० ।

४ नरहरीनाथ, **इतिहास प्रकाशमा सन्धिपत्र संग्रह भाग १**, दाङ आध्यात्मिक सम्मेलन वि.सं., २०२२ ।

५ दाहाल पेशल, **नेपालको इतिहास**, एम. के पब्लिशर्स एण्ड डिष्टिब्युटर्स भोटाहिटि काठमाडौं, २०५० ।

६ दाहाल पेशल, खतिवडा सोमप्रसाद, **नेपालको कला र वास्तुकला,** एम. के पब्लिशर्स एण्ड डिष्टिब्युटर्स भोटाहिटि काठमाडौं, २०५५ ।

७ प्रधान, भुवनलाल, **नेपालको इतिहास र संस्कृतिका केही पक्ष**, ने.रा.प्र.प्र, काठमाडौं, २०५५ ।

८ पौडेल, नयनाथ, सं. **भाषा वंशाबली**, काठमाडौं राष्ट्रिय पुस्तकालय, २०२० ।

९ पौड्याल, वीणा **नेपाली मूर्तिकला र चित्रकला,** नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग कीर्तिपुर, २०५७

१० योगि नरहरिनाथ, **हिमवत खण्ड पुराण**, प्रकाश काशी योग प्रचारिणी, २०१३ ।

११ रूपाखेति, श्रीहरि, **त्रिवेणी माहात्म्य**, त्रिवेणी धर्मसंघ वाणस्थलि काठमाडौं, २०५० ।

१२ रेग्मी, जगदीश चन्द्र, **लिच्छवि इतिहास**, नेपाल र एशियाली अनुसन्धान केन्द्र, कीर्तिपुर, २०५३ ।

१३ रूपाखेति, श्रीहरि, **चन्दनभराटेश्वर पुराण इतिहास र नवनिर्माण पुस्तिका**, २०५४ ।

१४ शर्मा, ऋषिप्रसाद, **नेपालका राष्ट्रिय चाडपर्व**, प्रथम संस्करण काठमाडौं, रत्न पुस्तक भण्डार, २०६० ।

१५  शर्मा, बालचन्द्र, **नेपालको ऐतिहासिक रूपरेखा**, बनारस, कृष्णकुमारी, २०२२ ।

१६  वज्रचार्य, धनबज्र, **लिच्छविकालका अभिलेख**, नेपाल र एशियाली अनुसन्धान केन्द्र कीर्तिपुर, २०५३ ।

१७  वज्राचार्य, धनबज्र, **मध्यकालिन अभिलेख**, नेपाल र एशियाली अनुसन्धान केन्द्र कीर्तिपुर, २०५६ ।

१८  स्मारीका, **महादेवस्थान गा.वि.स. एक परिचय**, महादेवस्थान गा.वि.स., २०५९ ।

१९  सुवेदी, राजाराम, **नेपालको तथ्य इतिहास**, साझा प्रकाशन, २०६१ ।

२०  क्षेत्रि गणेश, खतिवडा शोमप्रसाद, **हिन्दु समाज र धर्म,** विराट नगर सिवा प्रकाशन २०५४ ।

२१  श्रेष्ठ, तेजप्रकाश, **शोणितपुर हो प्राचीन नाँउ,** शोणितपुर साहित्य संगीत तथा कला समाज, थानकोट, २०६३ ।

२२  श्री ५ को सरकार **मेचि देखि माहाकाली भाग १/२** सुचना तथा संचार मन्त्रालय सुचना विभाग काठमाडौं २०३१ ।

## नेपाली पत्रिकाहरू

१  रञ्जितकार, इश्वरमान; **"भ्यागुतालाई भात खुवाउने पर्व,"** गोरखापत्र २०६०-४-१९ ।

२  श्रेष्ठ, तेजप्रकाश,**"थानकोटमा प्रचलित जात्रा"**, गोरखापत्र २०६२-५-११ ।

## अंग्रेजी पुस्तकहरू

Beanerjee N.R. Nepalese Architecture, Delhi Agamkala Prakashan 1980.

Corn Worfgang, The Traditional Architecture of the Katmandu Valley, Ratna Pustak Bhandar Kathmandu, 1993.

Kane P.V, Dhamashastra Ka Itihas, Vol.1 Trans. Arjun Chaube Kashyap, Lakhnau Uttar Pradesh Hindi Samsthan, 1980.

Mary S. Sluesser, Nepal Mandala Vol. New Jerry Prinston University Press 1892.

Petech Lyuciano, Medieval History of Nepal, Rome Liper i.e. Medio ed. e.o 1958.

# परिशिष्ट १

**विरुपाक्ष**

नेपालमहात्म्यमा विरुपाक्षको प्रसंग १८ अध्यायदेखि देखा पर्दछ । उहिलेको नेपालको कुनै एक शूद्र कुष्ठरोगले ग्रस्त थियो । घाउको दुखाइले गर्दा उ विधिपूर्वक स्नानादि गर्न सक्दैनथ्यो । थरथर काम्दै ब्रम्हपदि नामको कुनै नदिमा मुख र हात-गोडा धुन्थ्यो अनि त्यही नदिको पानी खाने गर्दथ्यो । यदाकदा उसका मनमा "बाहुन हुन पाएको भए पनि हुन्थ्यो" भन्ने भावना आउँथ्यो । ऊ सोही ब्रम्हपदी नदीको पानी खान्थ्यो । यस्तो भावना गर्दथ्यो ।

कश्चित् कालान्तरे शूद्रः पञ्चत्वं प्रस्तावान् पुनः
अनतर्वेद्यां सुमद्भुतः श्रोतियस्य कुले द्विजः ॥
द्विजाधमो भवत्सो पी पूर्वजन्मविपाकत :
असंकल्पकृतस्नानात् विरुपाक्षोऽभिधानकः ॥

केही कालपछि त्यो शूद्र मऱ्यो । अन्तर्वेदी नामको शहरकम वेदपाठी ब्राह्मणका कुलमा बाहुन भएर जन्मियो । असंकल्प स्नान पूर्वजन्मको पापको कारण बाहुन भएपनि त्यो विरुपाक्ष नामको अधम ब्रह्मणका रुपमा रह्यो । ऊ मासंभोजी, सुरा र सुनदरीमा लम्पट एवं मातृसंसर्ग जस्तो घोर पाप गर्ने अवैदिक आचरणको बाहुन थियो । उसको दुष्टकर्मले गर्दा उसलाई कुष्ठ रोग भयो । भौंतारिंदै हिंडेको त्यस पापीले कोशीकिनारामा उनै सिद्धर्षि ने-मुनिको दर्शन पायो । काँधमा जनै भिरेको, मलिन अनुहारको, त्यस कोरी बाहुनलाई देखेर उसको त्यस्तो अवस्था बारे दयालु ने-मुनिको प्रश्न गरे । विरुपाक्ष बोल्यो- विरुपाक्ष उवाच

ताता मुने हि पाल्पात्मा विरुपाक्षोऽभिधानक :
धर्मशर्मसुतोऽहं च धर्मकर्मविबजितः ॥

(हि. ख. ८९-२३)

मुनि बा ! विरुपाक्ष नाम गरेको म एक पापी हुँ । धर्मशर्माभन्ने ब्राहम्णको छोरो हुँ तर म धर्मकर्म विवर्जित छु । पापी छु । वेदध्यायी ब्राहम्णको कुलमा जन्मेर पनि म भ्रष्टचारी छु । हे मुनि ! मेरा दुष्कर्मले मलाई ठुलो पापी बनाएको छ । म कुष्ठरोगको पिडाले विव्हल भएको छु । यो पृथ्वी घुम्दा घुम्दै दैवले मलाई यस ठाउँमा ल्याई पुऱ्यायो ।

कस्माच्य मुच्यये पापैरहं तात सुदुःसहैः

सुनिर्मलःकथं कायो मे भविष्यति तद्वद ।

(८९-२६)

हे पिता ! अब म यो सब सहनै नसकिने पापबाट कसरी मुक्त हुलाँ ? अनि यो (कोरले कचमच्च पाकेको) मरो शरीर कसरी सफा भएर निको होला ? त्यो मलाई बताईदिनुहोस् ।

त्यसपछि नेपालका पालक ने-मुनिले त्यस पापीलाई अनेक उपदेश दिंदै यहाँका धरै तीर्थस्थलहरुको परिक्रमा गराए । ठाउँ-ठाउँमा तीर्थ, नदी, दोभान, त्रिवेणी, संगम आदिको महात्मा वताए । ठाउँ-ठाउँका प्रसिद्ध शिवलिंग र अन्य देव देवीको दर्शन गराए । विरुपाक्ष क्रमैले निको हुदैं गए । उनको जिउ सफा हुँदै गयो । अनि उनलाई “द्विज” “सिद्ध” भनिन लाग्यो । यसलाई पुराणमा “विरुपाक्षतीर्थयात्रा” नामाकरण गरेको छ । यही तीर्थयात्राको क्रममा विरुपाक्ष सिद्धऋषि ने-मुनिका साथ मीनतीर्थ ( मच्छेनारायण) र मातातीर्थ हुँदै चन्दनभराटेश्वर आएको वर्णन पुराणमा छ ।

# परिशिष्ट २

**श्री चन्दनभराटेश्वर**

तत्र स्नात्वा सचाष्टम्यां मातृतिर्थ घटोद्भव

अगमत्स द्विजः सिद्धः सास्नौ तत्र यथासुखम् ॥

(१३९-३)

ऋषि आगस्त्य ! मीनतीर्थ मच्छेनारायणमा स्नान गरेपछि ती सिद्ध बाहुन विरुपाक्ष (चैत्रकृष्ण) अष्टमीका दिन मातातीर्थ गए र खुसिसाथ स्नान गरे ।

अनि मच्छेनारायण र मातातीर्थको माहात्म्य सुनाएर ने-मुनि भन्दछन् -

भूयो गच्छ विरुपाक्ष वारुण्यां दिश्यतोऽधुना

भराटकेश्वरो यत्र भस्मगंगाजलं यतः ॥

(१३९-३०)

विरुपाक्ष अव तिमी यताबाट पश्चिम लाग जहाँ भराटेश्वर रहनूभएको छ र भस्मगंगा पनि छन् ।

ठीक यही प्रसंगलाई जोड्दै अगस्त्य ऋषिसँग कुमार भन्छन् ।

स्कन्द उवाच

भूयोऽगमद्विरुपाक्षो मुनिना तेन वै सह

स चन्दनभराटेशो यत्रास्ते सगणो विभु : ॥

अतो वारुणदेशे च धनुषां द्विसहस्त्रेके

चन्दनगिर्यधोभागे भस्मगंगोद्भवा यतः ॥

उहाँ आफ्ना गणका साथ भगवान चन्दनभराटेश्वर रहनुभएको छ; यहाँबाट २००० धनु (आठ हजार हात) पश्चिमपट्टि चन्दनगिरिको फेँदिबाट जहाँ भष्मगंगाको उत्पत्ति भएको छ ती विरुपाक्षे ने-मुनिका साथ त्यतै लागे ।

नवधारा-महातीर्थ भत्सगंगाह्वये पुनः

स चन्दनभराटेशं स्नात्वापुजादाद्रितः ॥

(१४०-३)

उनले नवधारा महातीर्थ र भस्मगंगामा नुहाए अनि चन्दनभराटेश्वरलाई बडो आदर साथ पूजा गरे ।

कृष्णाष्टम्यां महारात्रौ चैत्रिकस्य द्विजो मुनिम्

समभ्यर्च्य हि तिलिङ्गं प्रपच्छ तत्प्रशंसनम् । ।

(१४०-४)

ती बाहुन विरुपाक्षले चैत्रकृष्ण अष्टमीको महारात्रिमा चन्दनभराटेश्वर शिवलिंगको राम्ररी पूजा गरेर ने-मुनिका साथ त्यस लिंगको महात्म्य शोधे -

ने-मुनिरुवाच

श्रृणु विप्र प्रवक्षामि चैतल्लिङ्गप्रशंसनम्

यथोद्भूतं पुरा लिङ्ग भूत्वा चैकाग्रमानसः ॥

(१४०-६)

हे विप्र !उहिले यो लिंग कसरी उत्पन्न भयो ? यस लिंगको महिमा के हो ? म त्यो तिमिलाई वताउँछु । एकाग्र चित्त भएर सुन ।

सह देव्या विमानेन पुरेश्वर इहागमत्

एतत्क्षेत्रं परिभ्रम्य क्रीडियन् कानने गिरौ ॥

संक्रीड्यात्र स चित्राद्रौ पुष्पफल समाकुले

अदर्शयद्धि रुद्रो सौ एतल्लिङ्ग च पार्वतीम् ॥

(१४०-७,८)

उहिले देवी पार्वतीका साथ भगवान शिव विमानद्वारा यस ठाँउमा आउनुभएको थियो । डाँडा-पाखातिर डुलफिर गर्दै लटरम्म फल-फूलेको झुलेको यस रमाइलो डाँडामा पार्वतीका साथ क्रिडा गरी उनै रुद्रले यस शिवलिंगको दर्शन दिनु भएको हो ।

ब्रम्हा, विक्ष्णु र इन्द्रहरूले समेत इच्छासिद्ध गरेको यस लिंगको महिमा पार्वतीलाई बताएर शिव अन्तध्यनि हुनुभयो । विमानबाट ओर्लियर स्वंम पार्वति यहाँ एक हजार वर्ष रहनुभएको थियो । यहाँ रहुन्जेल उहाँले नवधाराकनो मैदान मा वसि चन्दन घोटेर शिवलिंग लेपन गरी नित्यभक्तिपूर्वक पूजा गर्नु भयो । त्यसैले -

तस्मांल्लोकैश्च विख्यातचन्दनभराटेश्वरः

चन्दनघर्षणाच्चैवं चन्दनाद्रिरितिश्रुतः ।

(१४०-१३)

लोकले यस शिवलिंगलाई "चन्दनभराटेश्वर" भनी प्रख्यात गरायो भने चन्दन घोटेको ठाँउ भएकाले यस डाँडाको नाम "चन्दनगिरि" रहेको हो ।

अतः चन्दनभराटेश्वर शिवलिंग र यहाँबाट पशिचम चन्दनगिरि-(चन्द्रागिरि) को फेदीबाट प्रभावित भष्मगंगाको अन्यन्तमहत्वपूर्ण धार्मिक सम्बन्ध रहेको प्रमाणित हुन्छ । स्वयं माता वा पार्वतीले चन्दन घोटेको ठाँउ हुनाले, विरुपाक्षले स्नान गरेको हुनाले र सोही ठाँउमा ब्रम्हानन्द ब्राम्हण पनि पुगेको हुनाले भस्मतीर्थ भस्मगंगा (मान्खु खोला) पौराणिक दृष्टिकोणले अन्यन्त महत्वपूर्ण लाग्दछ । वर्तमानमा यो त्रिवेणीमा गएर मिसिन पुगेको छ जसको परिणाम "लिंगतीर्थ" बन्न गुगेको छ ।

# परिशिष्ट ३

**लिङ्गतीर्थ त्रिवेणि**

स्वर्णधारा नदी पुण्या शक्रदीप्तिस्तथा वरा
भस्माख्या संगमे तासां लिङ्गतीर्थमुदाहृतम् ॥

(हि.ख.अ. १४. श्लो. ४१)

श्री चन्दन भराटेश्वर शिवलिंग रहेको ठाँउलाई महादेव गाँउ भनिन्छ । यो मूल रुपमा नेवारहरूको सानो वस्ती भएको गाउँ हो । यही महादेव स्थानलाई केन्द्रविन्दु मानेर यस क्षेत्रको गाउँ विकास समितिको नाम पनि 'महादेवस्थान गाउँ विकास समिति' रहेको छ ।

यही सानो गाउँबाट सीधा उत्तरमा पर्ने वाणस्थली (बाठँली) मुनि त्रिवेणि पर्दछ । यस ठाँउलाई स्वयं चन्दनभराटेश्वरले ज्योति रुपमा आकाशवाणि गर्नुभई "मेरो तीर्थ" भन्नुभएको छ । सोही तिर्थको नाम लिंगतीर्थ हो । त्यो ३ पवित्र नदीको संगममा छ भन्ने पुराणको निर्देश छ ।

# परिशिष्ट ४

**अन्तरवार्ता लिएको व्यक्तिहरुको नामावली**

१. श्रीहरी रुपाखेती- इटाखेल, महादेवस्थान । उप प्रा. रत्नराज्य लक्ष्मी क्याम्पस, काठमाडौँ ।

२. सागर खड्का- वाणस्थली महादेवस्थान । उप प्रा. त्रिचन्द्र क्याम्पस काठमाडौँ ।

३. राम बहादुर खड्का- इटाखेल, महादेवस्थान ।

४. कृष्णलाल महर्जन- किसिपिडीं महादेवस्थान कालिका भैरव गुठीका थकाली ।

५. नेत्रबहादुर खड्का- इटाखेल, महादेवस्थान ।

६. श्रीकृष्ण श्रेष्ठ- बालगाउँ, महादेवस्थान ।

७. तरी भाई महर्जन- गुमालचोकी महादेवस्थान ।

८. कृष्णहरि बलामी- बालगाउँ, महादेवस्थान ।

९. रमेश श्रेष्ठ- बालगाउँ महादेवस्थान ।

१०. धर्ममान महर्जन- किसिपिडीं, महादेवस्थान ।

# परिशिष्ट ५

**शोधिएका विविध प्रश्नहरुको नमूना**

१. महादेवस्थान क्षेत्रको नामाकरण तथा ऐतिहासिकता बारेमा के थाहा पाउनु भएको छ ?

२. मुर्ति तथा मन्दिरको सम्बन्धमा केही जानकारी छ की ?

३. मन्दिरमा लाग्ने चाडपर्व, मेला, जात्राको बारेमा जानकारी गराई दिनुहुन्छ की ?

४. यस क्षेत्रमा पुरातात्विक महत्वका स्थलहरु कहाँ कहाँ छन् ?

५. यस क्षेत्रमा भएका मठ मन्दिरको जिर्णोद्वार र संरक्षण सम्बर्द्धन गरिएको छ छैन ?

६. यस क्षेत्रको प्राचिनताबारे के थाहा पाउनु भएको छ ?

७. यहाँका पुरातात्विक महत्वकास्थल तथा वस्तुहरूको स्थायी संरक्षण र सम्बर्द्धनका लागि कुनै समितिको स्थापना गर्नु भएको छ वा छैन ?


८. मन्दिरको धार्मिक महत्व र ऐतिहासिक महत्व कस्तो रहेको छ ?

९. यस क्षेत्रको धर्म तथा संस्कारको बारेमा जानकारी गराई दिनु हुन्छ की ?

१०. सामाजिक, आर्थिक, राजनैतिक क्षेत्रमा यो गा.वि.स.को कस्तो स्थान छ ?

# चित्र फलक सूची


| | |
|---|---|
| किसिपिडीको कालिमन्दिर | १ |
| ईटाखेल चन्दन भराटेश्वर मन्दिर | २ |
| वालागाउँ माहालक्ष्मी स्थान | ३ |
| चम्पेश्वरमन्दिरमा श्रद्धालुहरु | ४ |
| ईटाखेल हनुमान मूर्ति | ५ |
| मातातीर्थका अवसरमा श्रद्धालुहरु | ६(क) |
| मातातीर्थका अवसरमा श्रद्धालुहरु | ६(ख) |
| मातातीर्थका अवसरमा श्रद्धालुहरु | ६(ग) |
| मातातीर्थका अवसरमा श्रद्धालुहरु स्नानगर्दै | ६(घ) |
| ईटाखेलको संसारी देवीस्थान | ७ |
| किसिपिडी बुद्धमूर्ति | ८ |
| किसिपिडी राधाकृष्ण मूर्ति | ९ |
| मातातीर्थ बुद्ध मूर्ति | १० |
| किसिपिडी कृष्णमन्दिर | ११ |
| ६४ लिङ्ग | १२ |
| किसिपिडी कालीका स्थान | १३ |



चित्र नं. १
किसिपिडी काली मन्दिर



चित्र नं. २
इंटाखेल चन्दन भराटेश्वर मन्दिर



चित्र नं. ३
वालागाउँ माहालक्ष्मी स्थान



चित्र नं. ४
चम्पेश्वरमन्दिरमा श्रद्धालुहरु




चित्र नं. ५
ईटाखेल हनुमान मूर्ति




चित्र नं. ६ क
मातातीर्थका अवसरमा श्रद्धालुहरु



चित्र नं. ६ ख
मातातीर्थका अवसरमा श्रद्धालुहरु




चित्र नं. ६ ग
मातातीर्थका अवसरमा श्रद्धालुहरु



चित्र नं. ६ घ
मातातीर्थका अवसरमा श्रद्धालुहरु स्नानगर्दै

चित्र नं. ७
ईटाखेलको संसारी देवीस्थान



चित्र नं. ७
ईंटाखेलको संसारी देवीस्थान



**चित्र नं.८**
**किसिपिडी बुद्धमूर्ति**



चित्र नं. ९
किसिपिडी राधाकृष्ण मूर्ति



चित्र नं. १०
मातातीर्थ बुद्ध मूर्ति



चित्र नं. ११
किसिपिडी कृष्णमन्दिर



चित्र नं. १२
६४ लिङ्ग



चित्र नं. १३
किसिपिडी कालीका स्थान